वैशाख ६, २०६४


# समय

राष्ट्रिय साप्ताहिक



## महिलामाथि अत्याचार

विनातयारी र उचित वातावरणको अभावमै असारमा निर्वाचन गराउने नेताहरूको ढाँटको राजनीतिबाट दिक्क आयोग केही दिनभित्रै चुनाव सार्ने औपचारिक घोषणा गर्ने मनस्थितिमा पुगेको छ।



# असारमा निर्वाचन ढाँटको राजनीति

मूल्य रु. २५



एनपिए

निर्वाचन आयोगमा छलफलका क्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल र माओवादी अध्यक्ष प्रचण्ड र अन्य नेताहरू




वर्ष ४, अंक १५२, चैत ३०, २०६३–वैशाख ६, २०६४

**आवरण : मधेस आन्दोलन, शान्तिसुरक्षा, प्राविधिकजस्ता अनेकन् कारणले संविधानसभाको निर्वाचन असारमा हुन नसक्ने भए पनि आठ दलका नेताहरूले निर्वाचन गराइछाड्ने राजनीतिक ढाँटलाई निरन्तरता दिइरहेका छन् । २९**




आवरण : प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल

*तस्वीर : भास्वर ओझा*

### शिक्षा
राज्य पुनर्संरचनाको विषयमा चर्को बहस चलिरहेको भए पनि शैक्षिक क्षेत्रका मुद्दाहरू जसरी उठान हुनुपर्ने हो, त्यसरी हुन सकेका छैनन् १६

### आप्रवासी अफ्रिकी
पश्चिमा मुलुकमा स्थानान्तरण हुन सजिलो हुने भएकाले शरणार्थीका रूपमा नेपाल प्रवेश गर्ने आप्रवासी अफ्रिकीहरूको घुइँचो बढ्दो छ २०

### महिला
एकातिर बोक्सीको नाममा महिलालाई दिसा खुवाएर अत्याचार गरिँदै छ भने अर्कोतिर सुदूर र मध्यपश्चिमका महिलालाई रोजगारीको नाममा वेश्यालयमा बेचिँदै छ ३९

### उपभोक्ता हक
ग्याँसका आपूर्तिकर्ताहरूले गरेको हड्तालले मात्र होइन, प्रायः सबै व्यापारीले नेपाली उपभोक्ताको अधिकारलाई गिल्ला गरिरहेका छन् ४३





सम्पादकीय ............ ५
डाँक ............ ८
टिपोट ............ १०
मुलुक ............ ११
साहित्य ............ ५१
अनुहार ............ ५७
शून्य समय ............ ५८

समय

का.जि.प्र.का.द.नं. १७०/०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# झूटको खेती

**प्रधानमन्त्री गिरिजाप्रसाद** कोइरालाको नेतृत्वमा अन्तरिम सरकार गठन भएपछि नेपालको राजनीतिमा एउटा आशालाग्दो अध्याय थपिएको छ। सरकारमा सामेल भएलगत्तै विधिवत् रूपमा राजनीतिक दलका रूपमा निर्वाचन आयोगसमक्ष दर्ता गरेर जनताको अनुमोदनमा आधारित राजनीति गर्ने प्रतिबद्धता पनि देखाएको छ।

तर यति हुँदाहुँदै पनि यथार्थको धरातललाई अस्वीकार गर्दै राष्ट्रियस्तरका नेताहरू सरासर असत्यकै सहारा लिएर असार ६ गते नै संविधानसभाको निर्वाचन हुनसक्छ भनी जनतालाई भ्रमित गर्दै छन्। जनतासमक्ष साँचो बोल्न नसक्ने प्रधानमन्त्री र राजनीतिक दलका नेताहरूले सार्वजनिक अपराध गरेको बोधसम्म उनीहरूलाई नहुनु लज्जाजनक चरित्र हो। यो राजनीतिक घोखाधडी पनि हो।

अन्तरिम संविधानमा अनावश्यक रूपमा जेठ मसान्तसम्म चुनाव गराउने संकल्प पूरा गर्न आवश्यक कानुन व्यवस्थाको वातावरण बनाउन सरकार असफल हुनु, सरकारमा आएको माओवादीले अन्य राजनीतिक दलका गतिविधिहरूलाई निषेध गर्ने खालका क्रियाकलाप जारी राख्नु, मुलुकलाई बिर्तासरह ठान्दै आपराधिक अक्षमता प्रदर्शन गर्ने गृहमन्त्रीलाई थमौती दिनु र अर्कोतिर आठै दलका शीर्षस्थ नेताहरूले त्यत्तिकै जमिनदारी शैलीमा पुरानो म्यादभन्दा एक सातापछि अर्थात् असार ६ गते निर्वाचनको मिति तोक्नु, यी सबै जनतालाई जिस्क्याउने गतिविधि र क्रियाकलाप हुन्।

## सम्पादकीय


प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

समय

भयरहित र विश्वसनीय तरिकाले हुन नसक्ने चुनाव कोइरालाको राजहठ र प्रचण्डले त्यसलाई अनुमोदन गरेकै आधारमा जबरजस्ती मुलुकमाथि लाद्नु अपराध हुनेछ। त्यसलाई मुलुकले स्वीकार गर्नेछैन। जनआन्दोलनपछि कोइराला प्रधानमन्त्री बनाइनुको अर्थ उनलाई जनताले अजम्बरी तानाशाहका रूपमा स्वीकार गरेको अर्थ लगाइनु हुँदैन।

संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय जगत्ले जेठ-असारमा विश्वसनीय ढंगले चुनाव हुन नसक्ने धारणा प्रस्तुत गर्नु उनीहरूको अधिकार र जिम्मेवारीभित्रको दायित्व हो। निर्वाचन आयोगले बराबर संविधानसभा निर्वाचन विश्वसनीय, पारदर्शी हुनाका साथै भयरहित हुनुपर्ने र त्यस्तो वातावरण बनाउन सरकार तथा राजनीतिक दलहरूसँग आग्रह गर्दै आएको छ। संवैधानिक उत्तरदायित्व तथा मर्यादाको सीमाभित्रबाट निर्वाचन जेठ-असारमा हुन नसक्ने तथ्य प्रधानमन्त्री, प्रचण्ड लगायत विभिन्न दलका नेताहरूलाई आयोगले स्पष्टसँग आग्रह गर्दै आएको तथ्यलाई उपहास र सत्तामदको शैलीबाट बेवास्ता गर्ने धृष्टता यो सरकारले गरेमा त्यो उसको तानाशाही नियतको चरित्र प्रदर्शन हुनेछ। विकेन्द्रीकरण, समावेशीका आधारमा, दलित, महिला, जनजाति तथा मधेसी अधिकारजस्ता विभिन्न मुद्दाको निराकरण र कानुन व्यवस्थाको सुधार अनि चुनाव अभियानको पर्याप्त वातावरण तथा समयावधि सुनिश्चित गरेर मात्र निर्वाचन हुनसक्छ। सरकारले हुकुम प्रमांगीकै आधारमा चुनाव गराएमा त्यसले अर्को रक्तपात र अराजकता निम्त्याउनेछ।




## समय साता

### तस्करी
आधिकारिक प्रमाणविना भारतबाट अवैधरूपमा भित्रिरहेका रक्तचन्दन काठ अरनिको राजमार्ग हुँदै खासा तस्करी, सरकारी निकाय मौन। भन्सार, जिल्ला वन कार्यालय र प्रहरी प्रशासनको मिलोमतोमा रक्तचन्दन काठ भारतबाट भित्रियो।

### नियुक्ति


मन्त्रिपरिषद्को बैठकद्वारा सरकारका प्रवक्ताका रूपमा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महरालाई जिम्मेवारी।

### प्रतिबद्धता


प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सार्कमा यसअघि भएका नीति निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धतासहित चौधौं सार्क शिखर सम्मेलन सकिएको जानकारी। सार्कमा गरिबी न्यूनीकरण, ऊर्जा विकास, बाढी नियन्त्रण र आर्थिक विकासका पक्षमा ठोस काम गर्ने प्रतिबद्धता।

### फोन लिनेको भीड


एक वर्षपछि नेपाल टेलिकमले बाँडेको प्रिपेडको सिमकार्ड लिन ग्राहकहरूको भीड। एकै दिनमा टेलिकमले ७० हजार प्रिपेडका सिमकार्ड बाँड्यो। भीडले हुलदंगा गर्दा टेलिकमका केही शाखा कार्यालयमा लाठीचार्ज।

### चिन्ता व्यक्त
प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा माओवादीले सम्झौतालाई पालना नगरेकोमा चिन्ता, कांग्रेसले पहिलोचोटि आयोजना गरेको क्षेत्रीय चुनावी आमसभामा पोखरामा।

### राजतन्त्र हटायो
राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा आफ्नो पार्टीको विधानबाट राजतन्त्र हटाउने निर्णय। केन्द्रीय कार्यसमितिको बैठकले अन्तरिम संविधानअनुसार विधानको प्रस्तावना र उद्देश्य पुनर्लेखन गर्ने निर्णय।

### सार्वजनिक
सरकारमा सम्मिलित माओवादीले आफ्ना मन्त्रीहरूका लागि १४ आचारसंहिता सहित प्रतिबद्धता सार्वजनिक। आचारसंहिताअनुसार सरकारमा सम्मिलित मन्त्रीहरु कसैको पनि निजी सम्पत्ति नहुने। महँगा वस्तु प्रयोग नगर्ने र औचित्यहीन महँगो भ्रमण नगर्ने बताइएको छ।

### दलदर्ता
एघार वर्षसम्म जनयुद्ध गरेको माओवादीद्वारा पहिलोपटक शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाका लागि निर्वाचन आयोगमा दलदर्ता। दल दर्ता गर्ने अन्तिम म्याद वैशाख १६।

### निर्देशन
सरकारद्वारा संविधानसभाको मिति घोषणाका लागि नेपालको अन्तरिम संविधान २०६३ मा आवश्यक संशोधन गर्न कानुनमन्त्रालयलाई मस्यौदा तयार गर्न निर्देशन। माघ १ मा जारी गरिएको अन्तरिम संविधानमा जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने उल्लेख छ।

### सार्वजनिक
अन्तरिम सरकारका साझा कार्यक्रम सार्वजनिक। न्यूनतम साझा कार्यक्रममा आगामी जेठमै संविधानसभाको निर्वाचन गर्ने प्रतिवद्धता व्यक्त।


TRENDY OFFER
150g+150g TWIN PACK संग
एउटा सनग्लासेज
सित्तैमा
अब झन् मज्जाले हाँस्नुस्
FREE SUNGLASSES
TRENDY OFFER
closeup
क्लोज अपले तपाईंलाई दिन्छ बलियो, सेतो, स्वस्थ एवं चम्किलो दाँत, अनि ताजा सास ।
अब मज्जाले दिल खोलेर हाँस्नुहोस् पूर्ण आत्मविश्वासका साथ ।
TRENDY OFFER
FREE Sunglasses
with 150g + 150g twin pack.
UNL/900423/07




## विद्यार्थीलाई मान्य छैन

*समय* (वर्ष ३, अंक १५१)मा छापिएको शिक्षासम्बन्धी रिपोर्ट पढेपछि विश्वविद्यालमा अंशबन्डाको राजनीति चलाएकाले लोकतन्त्रका लागि सडकमा ओर्लिएका विद्यार्थीको पसिना खेर गएजस्तो लाग्यो। विश्वविद्यालयमा नियुक्ति रोकिएकाले अहिलेसम्म पनि परीक्षा हुन सकेका छैनन्। माओवादीसहित सबै दलको सरकार बनिसकेपछि पनि राजनीतिक खिचातानीकै कारण विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको भविष्यमाथि खेलवाड गर्ने हुन् भने यो कसैलाई पनि मान्य हुनेछैन।

■ **अनिल झा**
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

## दोहोरो रणनीति

*समय* (वर्ष ३, अंक १५१)मा माओवादीले नफर्काएको निजी सम्पत्तिको समाचार पढेपछि माओवादीको कथनी र करणीमा फरक पाइयो। मुलुकमा लोकतन्त्रका लागि लडेका सर्वसाधारणको सम्पत्ति माओवादीले फर्काएन भने सो दलमाथिको विश्वसनीयतामा पनि कमी आउँछ। अझ माओवादी सरकारमा सहभागी भइसकेको अवस्थामा सर्वसाधारण जनताको सम्पत्ति फर्काउन नसक्ने हो भने यो माओवादीको राजनीतिक कमजोरी समेत बन्नेछ। बेलैमा माओवादी सजग हुन सक्नु पर्छ अनि मात्र माओवादीको राजनीतिक रूपमा विजय हुन सक्छ।

■ **प्रेम छन्त्याल**
हात्तीगौडा, काठमाडौं

## छलाङको चुनौती

*समय* (वर्ष ३, अंक १५१)मा छापिएको माओवादी सरकारमा गइसकेपछिको समाचारले ध्यान तान्यो। वास्तवमा माओवादीका लागि सबैभन्दा चुनौतीको घडी अब सुरु भएको छ। सरकामा गइसकेपछि माओवादीले सामना गर्नुपर्ने चुनौतीहरू स्वभाविक रूपले बढेका मात्र छैनन्। उनीहरूको साखलाई बचाइराख्ने चुनौती पनि आकाशिएर गएको छ। सरकारमा स्वच्छ छवि कायम राख्न सकेनन् भने माओवादीले गरेको ११ वर्षे जनयुद्धको प्रतिफल बालुवामा पानी खन्याएजस्तो मात्र हुनेछ। युद्धअवधिमा माओवादीले नेपाली जनतासँग अनेक सपना बाँडेको छ। कमसेकम अब उसले यसको सुरुवात गरेको संकेतसम्म दिनु पर्छ, सरकारमा उसको उपस्थिति भएपछि। अन्यथा अन्य दलहरू र माओवादीमा कुनै फरक देखिनेछैन।

■ **हरि शर्मा 'अबोध'**
घट्टेकुलो, काठमाडौं

## कुरोकानी एकातिर...

*समय* (वर्ष ३, अंक १५१)मा 'कुरा एउटा काम अर्कै' समाचार जस्तै नेताहरूले आफ्नो शैलीलाई परिवर्तन गर्न नसक्ने हो भने जनताको विश्वास सबै दलले गुमाउनेछन्। काम एउटा गर्ने कुरो अर्को गर्ने भएका कारणले नै नेपाली राजनीति असफल भएको हो। अझै पनि नेतृत्ववर्गमा यो चेतना जाग्दैन भने भोलि पनि जनताको विश्वास पाउलान् भन्न सकिँदैन। मुलुक अहिले असजिलो परिस्थितिमा उभिरहेको छ। यस्तो बेला नेतृत्व वर्गले काम एउटा र कुरो अर्को गर्ने होइन। सर्वसाधारणको भावनालाई बुझ्न सकेनन् भने अबको नेतृत्व असफल हुने पक्का छ। अत सबैले भनाइ र गराइको एउटै बाटोलाई पछ्याउन सक्नु पर्छ।

■ **रिता विष्ट**
नक्साल-१, काठमाडौं

## सफा कुरा

*समय* (वर्ष ३, अंक १५१)मा माओवादी नेता कृष्णबहादुर महराको अन्तर्वार्ता पढ्ने मौका पाइयो। सटीक मिठो भनाइ र समयनुसार माओवादी पनि फेरिन सक्नु पर्छ भन्ने महराको भनाइमाथि म पनि सहमति जनाउन चाहन्छु। हाम्रो मुलुकमा एउटा सियो पनि बन्दैन। त्यसैले छिमेकी मुलुकहरूलाई चिढ्याएर घाटा बेहोर्नुभन्दा कसरी हुन्छ सबै मिलेर मुलुकको हित र फाइदाका लागि काम गर्ने बेला हो, अहिले। समय क्रमसँगै माओवादी परिवर्तन हुँदै गयो भने अमेरिकी अस्तित्व पनि हराउँदै जान्छ। अत माओवादी नै पहिले गहन संवेदनशील हुन जरुरी छ। कसैले लाञ्छना लाउने वातावरण नबनाउनु नै सबैभन्दा बुद्धिमत्ता हुन्छ।

■ **प्रशान्त शर्मा**
भैंसेपाटी, ललितपुर

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोन: ४४४३८८८/२११२०९४**

# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी–खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा–कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप–मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर–जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा–कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# पञ्चकन्याको कंक्रिट

**पञ्चकन्या ग्रुपले** नेपालमा पहिलोपटक रेडिमिक्स कंक्रिट (प्यान मिक्स)को उत्पादन सुरु गरेको छ। नेपाली बजारमा नौलो मानिएको यो उत्पादनले निर्माण प्रक्रियामा आधुनिकता भित्र्याएको छ।

कम्पनीले घर बनाउनेको मागअनुसार रोडा, बालुवा, सिमेन्ट, पानीलगायतका वस्तु मिश्रण गरी बिक्री गर्नेछ। नेपाली बजारमा यस्तो उत्पादन पहिलो हो। कम्पनीका प्रबन्ध निर्देशक प्रदीपकुमार श्रेष्ठले विश्वका धेरै देशमा यस्तो उत्पादन लोकप्रिय रहेको जानकारी दिँदै नेपालमा पनि यो उत्पादन लोकप्रिय हुने विश्वास व्यक्त गरे। यो कम्प्युटराइज्ड प्रणालीबाट तयार पारिएको छ। तयारी कंक्रिट ट्रान्जिट मिक्सचरद्वारा निर्माणस्थलमा पुऱ्याई कंक्रिट पम्पद्वारा ढलान गर्ने ठाउँसम्म उपलब्ध गराइने जानकारी कम्पनीले दिएको छ। यसका लागि राजधानीमा आवश्यकताअनुसारका प्लान्ट राखिने जानकारी पनि दिइएको छ। यो सुविधाले निर्माणकर्ता ढलानका लागि व्यहोर्नुपर्ने विभिन्न झन्झटबाट मुक्त भएका छन्।

# युनाइटेड ट्रेड सञ्चालनमा

**नेपालको सबैभन्दा** ठूलो व्यवसायिक भवन युनाइटेड वर्ल्ड ट्रेड सेन्टर वैशाखदेखि पूर्ण सञ्चालनमा आउने भएको छ। भवन निर्माणकर्ता युनाइटेड ट्रेड बिल्डर्स एन्ड इन्जिनियर्स प्रालिले यसै साता पत्रकार सम्मेलन आयोजना गरी नयाँ वर्षको सुरुवातसँगै भवन पूर्ण सञ्चालनमा आउने जानकारी दिएको छ।

त्रिभुवन विश्वविद्यालयको त्रिपुरेश्वरस्थित करिब ११ रोपनी जग्गा ३० वर्षका लागि भाडामा लिई उक्त व्यापारिक भवन निर्माण गरिएको प्रबन्ध निर्देशक सकुन्तलाल हिराचनले जानकारी दिएका छन्। यो अवधिमा कम्पनीले विश्वविद्यालयलाई २० करोड रुपैयाँ बुझाउने र पूर्वाधारसमेत उसकै हुने बताइएको छ। भवनमा १ सय ७५ वटा व्यापारिक फर्म रहेका छन्।

# फिस्टल एयर पुनः सुरु




**फिस्टेल एयरले** पुनः सेवा सुरु गरेको छ। विश्वप्रसिद्ध हेलिकोप्टर उत्पादक कम्पनी युरोकप्टर फ्रान्समा निर्मित एन एएस-३५० बी नामक कम्पनीमा उत्पादित हेलिकोप्टरद्वारा सेवा सुरु गरिएको र निकट भविष्यमा थप एक हेलिकोप्टर थप्ने प्रक्रिया अगाडि बढाइएको जानकारी कम्पनीका मुख्य कार्यकारी अधिकृत सुमन पाण्डेले दिएका छन्। नयाँ व्यवस्थापन र प्रवर्धकहरूद्वारा सुरु गरिएको यो कम्पनीले मंगलवार पहिलो उडान गरेको थियो। मुलुक शान्ति स्थापनाको दिशामा अग्रसर भइरहेको र पर्यटक आगमनमा वृद्धि भएका बेला नयाँ कम्पनीको सेवा सुरु भएको छ। पर्यटकलाई नेपालका आकर्षक पर्यटकीय क्षेत्रहरूसम्म पुऱ्याउन 'हेली ट्रेकिङ'को अवधारणा अगाडि सारिएको जानकारी पाण्डेले दिएका छन्।




# याक्चेको पुनरावेदन

**दुर्लभ वन्यजन्तु** गैंडाको २० वटा खाग विदेशीलाई बेचेको बयान दिने याक्चे भन्ने पेम्बा लामालाई चितवन निकुञ्जले कम सजाय गर्‍यो भनेर जिल्लामा आन्दोलन नै भयो। सजाय तोक्ने निकुञ्जका प्रमुख संरक्षण अधिकृत गोपालप्रसाद उपाध्यायलाई दुई महिनाका लागि निलम्बन गरेर सरकारले छानबिन सुरु गर्‍यो। तर याक्चे भने निकुञ्जले आफूलाई बढी सजाय गर्‍यो भन्दै पुनरावेदनका लागि अदालत गएका छन्।

निकुञ्जले याक्चेलाई गत पुस २६ गते एक लाख रुपैयाँ जरिवाना र पाँच वर्ष कारावासको सजाय तोकेको थियो। निकुञ्जले गरेको यो सजाय खारेज होस् भनेर याक्चेले पुनरावेदन अदालत हेटौंडामा निवेदन दिएका छन्। उनले चैत्र ८ गते निवेदन दर्ता गराएको अदालतका रजिष्टार डिल्लीरमण तिवारीले बताए। निवेदनमाथि बहस हुने दिन भने अझै तय भएको छैन।

निकुञ्जको फैसला कम भयो, बढाउनु पर्छ भनेर त्यहींकै कर्मचारीले पनि पुनरावेदन गरेका छन्। कर्मचारीबाट पुनरावेदन भएलगत्तै याक्चेले पनि निवेदन हालेको अदालतबाट जानकारी भएको छ।

निवेदनमा याक्चेले आफूले गैंडासम्बन्धी कुनै अपराध नगरेको जिकिर गरेका छन्। उनलाई निकुञ्जले २०६२ साल असारमा नवलपरासीको कावासोतीबाट पक्राउ गरेको थियो। गैंडाको एउटा खाग, खाग जोख्ने स्प्रिङ तराजु र नगद सहित



समातिएका उनले निकुञ्जका रेन्जरलाई बयान दिँदा २० वटा खाग विदेशीलाई बेचेको बताएका थिए। निकुञ्जले उनलाई खाग तस्कर गर्ने नेपालको मुख्य व्यक्ति बताउँदै आएको थियो, तर जब उनलाई सजाय भयो सबै अचम्म परे। किनकि याक्चेभन्दा कम अपराध गरेको स्विकार्नेलाई त्योभन्दा बढी सजाय सुनाइएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले गैंडा मारी खाग बिक्री गर्नेलाई ५० हजार रुपैयाँदेखि एक लाख रुपैयाँ जरिवाना, पाँच वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय गर्ने व्यवस्था गरेको छ।

याक्चेको बयान र निकुञ्जको प्रचारले उनी जरिवाना र कैद दुवै अत्यधिक तहको अर्थात् एक लाख रुपैयाँ जरिवाना र १५ वर्ष कारावास पाउने व्यक्ति हुन् भन्ने प्रस्ट थियो। तर जरिवाना अत्यधिक भए पनि कारावास न्यूनतम अवधिको भएपछि सबै छक्क मात्र परेनन्, आन्दोलनमै लागे। यो आन्दोलनको बलमा सुरु भएको छानबिन प्रक्रियाले के तथ्य पत्ता लगायो भन्ने थाहा नहुँदै सजाय बढी भयो भन्दै याक्चे नै अदालत गएका छन्।

याक्चेको यो पुनरावेदन यात्रा दोस्रो हो। यसअघि २०६२ साल भदौमा पनि उनी पुनरावेदन पुगेका थिए। कारागारमा राखेर अनुसन्धान गर्ने निकुञ्जको आदेश बदर होस् भन्ने उनको जिकिर थियो। तर अदालतले निकुञ्जको आदेशलाई नै मान्यता दिएको थियो। त्यसपछि उपचार गराउने भन्दै उनी भरतपुरबाट काठमाडौं जान सफल भए।

याक्चेले आफूलाई सुरुमा मानसिक रोगी भएको बताउँथे। अदालतमा दिएको निवेदनमा उनले यही उल्लेख गरेका छन्। तर भरतपुर कारागारबाट जाने बेलामा उनी मृगौलाको बिरामी भनेर निस्केका हुन्। उपचारपछि भरतपुर नै ल्याउने गरेर कारागारले उनलाइ पठाएको हो। गत वर्षको मंसिरमा गएका उनी अझै फर्किएका छैनन्।

■ **रमेशकुमार पौडेल/चितवन** (तस्वीर पनि)




# वनको मिलोमतोमा तस्करी

**मुलुकमा संक्रमणकालीन** अवस्थामा रहेको बेला जिल्ला वन कार्यालय कैलालीको मिलोमतोमा तस्करी भइरहेको एक ट्रक काठ यसै साता राति धनगढीमा पक्राउ परेको छ। ना.२ ख ३९७४ नम्बरको ट्रकमा राखी ९ बजे राति अत्तरिया भएर आएको १७ गोलिया काँचो सालको काठ बोराडाँडीस्थित अवस्थित स:मिलबाट प्रहरीले पक्राउ गरेको थियो।

अत्तरियामा रहेको जाँचचौकीमा इन्ट्री नै नभएर ट्रक आएपछि स्थानीय बासिन्दाले प्रमुख जिल्ला अधिकारी गणेशबहादुर खत्रीलाई जानकारी दिएपछि उनले जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिएका थिए। मिलमा काठ खसालिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो।

अत्तरियामा दुइटा जाँचचौकी भए पनि इन्ट्री नभएर सीधै आएकाले काठमा वनको संलग्नता रहेको प्रस्ट हुन्छ। तर जिल्ला वन अधिकृत मोहन कोइरालाले इलाका वनकार्यालय गेटाका अधिकृत भोजराज शर्मा फिल्डमा भएकाले इन्ट्री नभएको बारेमा बुझ्न नसकिएको बताएका छन्। काठ कहाँबाट आएको कसको हो भन्नेबारे थाहा नभएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। पक्राउ परेको काठ सोमवार नै प्रहरीले जिल्ला वन कार्यालयलाई बुझाए पनि अर्को दिन माओवादीको दबाबमा काठ छोडिएको छ। कोइरालाले माओवादी डिभिजन कार्यालयबाट सो काठ आफ्नो भनी सिफारिस आएकाले छोडिएको बताए। माओवादीका प्रहार नामका कार्यकर्ताले डिभिजनको सिफारिस पत्र ल्याएकाले काठ छोड्नु परेको उनी बताउँछन्। डिभिजनले शिविरभित्र आवश्यक पूर्वाधार निर्माण गर्न भनी सिफारिस गरेको थियो। यसैबीच माओवादी सातौं डिभिजनअन्तर्गत लोकेश स्मृति ब्रिगेड गोरंगेका माओवादी सेनाले सामुदायिक वनको अनुमतिविना ५० भन्दा बढी सालका काँचा रूख कटानी गरेका छन्।



आफ्ना सेनाका लागि पलङ बनाउने भन्दै माओवादीहरूले जाल्पा सामुदायिक वनमा १८, कैलासधाम सामुदायिक वनमा ३० र त्रिशक्ति सामुदायिक वनमा ७ गरी ५५ काँचा सालका रूख काटिएका छन्। सामुदायिक वनभित्र काटिएका रूखका गोलिया चुहास्थित डम्बर विष्टको मिलमा पुऱ्याइएको छ भने केही रूख जंगलमा ढलेको अवस्थामा छन्। लोकेश स्मृति ब्रिगेडले केही समयअघि सामुदायिक वन कार्यालयमा गई काठ मागेको थियो। समितिको निर्णयको अनुमतिविना दिन नसकिने बताए पनि माओवादीले रूख काटेपछि उपभोक्ताहरू माओवादीप्रति आक्रोशित भएका छन्। रूख कटानीमा संलग्न व्यक्ति ठेकेदार र काठ मिल मालिकलाई कारबाही गर्नु पर्ने माग राख्दै उपभोक्ताले इलाका वन कार्यालय लम्कीमा तालाबन्दी गरेका छन्। माओवादी सेनाको सम्पूर्ण जिम्मेवारी राज्यले लिइसक्दा पनि माओवादीले गैरकानुनी रूपमा रूख कटान गर्नु ज्यादती भएको स्थानीय बासिन्दाले बताएका छन्। काठ ठेकेदार भण्डारी र मिल मालिक विष्ट लोकेश स्मृति ब्रिगेडमा पुगेका थिए। मिलमा पुऱ्याएको काठ तत्काल बरामद गरी कारबाही प्रक्रिया अगाडि नबढाए स्थानीय बासिन्दाले वन प्रशासनविरुद्ध चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन्।

■ **श्याम भट्ट/धनगढी**


**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**अंग्रेजी सिक्न सघाउने कार्यक्रम**

**Tunning In To Language and Culture**

**प्रसार हुने समय :** हरेक शुक्रवार बेलुका (९:१५-९:३५), हरेक आइतवार दिउँसो (१:४०-२:००)

**'रेडियो सगरमाथामा नियमित सुनौं, अंग्रेजी सुधारौं'**

*(रेडियो सगरमाथा र अमेरिकी राजदूतावास, अमेरिकी केन्द्रको सहकार्य)*

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# राजालाई भोट माग्दै वन फडानी

**जिल्ला वन कार्यालय** रौतहटअन्तर्गतका विभिन्न रेन्जपोस्टहरूमा 'राजालाई भोट देऊ भूमिहीनलाई जमिन देऊ' भन्ने ब्यानर टाँगेर वन अतिक्रमण भइरहँदा समेत वन कार्यालयले अतिक्रमण रोक्न सकेको छैन ।

बीस वर्षअघि पञ्चायती सरकारका तत्कालीन वनमन्त्री हेमबहादुर मल्ल र कमल थापाको जुँगाको लडाइँ हुँदा मल्लले मकवानपुरको धियाल गाविसबाट बस्ती उठाई रौतहटको रंगपुर गाविसको कटानीमा जमिन दिई बसोवास गराए पनि हाल उनीहरूले पहिलेकै स्थानमा बसोवास गर्न पाउनु पर्ने बताउँदै रौतहटको गैंडाटार र भोर्लेन्टार चिसापानी वन क्षेत्रमा फडानी गर्न थालेका हुन् ।

जिल्लाको धन्सार, गैंडाटार, रंगपुर, रेन्जपोस्टका साथै सन्तपुर गाविसको बेतौना र नयाँबस्ती कटानीमा समेत विभिन्न समूहका नाममा वन अतिक्रमण गर्ने कार्य रोकिन सकेको छैन । वन फडानी गर्न सर्लाही, रौतहट, सिन्धुली र मकवानपुरदेखि मानिसको जमात आउने गरेको जिल्ला वन कार्यालयले जनाएको छ । अतिक्रमणकारीहरूले बीस वर्षपछि मकवानपुरको धियाल गाविससँगै जोडिएको रौतहट जिल्लाको गैंडाटार रेन्जपोस्टअन्तर्गतको १५० हेक्टर वन क्षेत्रको खयर, सिसौ, साल लगायतका बहुमूल्य जातका रूखहरू फडानी गरिसकेको रेन्जर रामकेवल यादवले बताए ।

वन फडानी गरिरहेको समयमा पुगेका वन कर्मचारीलाई अतिक्रमणकारी समूहले ज्यान मार्ने धम्की दिने गरेको वन कर्मचारीले दाबी गरे पनि जिल्ला वन कार्यालयले अतिक्रमण नियन्त्रण गर्नेतर्फ खासै पहल गर्न नसकेको स्थानीय गैंडाटारवासीको भनाइ छ ।

एकनासले रूख काटिएपछि गैंडाटार क्षेत्र उजाड भएको छ भने सो क्षेत्रमा भएको फडानीले लाखौंको नोक्सानी भएको वन कार्यालयले जनाएको छ । व्यापक रूपमा आफ्नो सामुदायिक वनमा फडानी हुन थालेपछि त्यसो नगर्न फडानीकर्तालाई आग्रह गर्न पुगेकी कालापानी सामुदायिक वन गैंडाटारकी अध्यक्ष सरस्वती खुलाललाई गत चैत ७ गते अतिक्रमणकारीले दिनभर अपहरण गरी साँझ अब आइन्दा वन फडानी गर्नेको विरोधमा नलाग्न चेतावनी दिई छाडिदिएका थिए ।


अतिक्रमण गरिएको वन

जिल्ला वन कार्यालय रौतहटका प्रमुख हेम अर्यालले जिल्लाका विभिन्न स्थानमा वन फडानी भएको स्वीकार गर्दै फडानी नियन्त्रण गर्नेतर्फ पहल भइरहेको दाबी गरे । स्थानीय बासिन्दाले भने जिल्ला वन कार्यालयको चरम लापारबाहीले वन फडानी भएको दाबी गरेका छन् । हाल जिल्लाका विभिन्न स्थानमा गाउँ नजिकै रहेका वनजंगलमा फडानी कार्य तीव्र रूपमा बढेको पाइए पनि जिल्ला वन कार्यालयले रोक्नेतर्फ पहल गर्न नसक्दा जिल्लाको घना जंगल एकाएक उजाड बन्दै जान लागेको स्थानीय बासिन्दा टीका घिमिरे बताउँछन् ।

■ अशोक पहाडी/रौतहट


सञ्चार माध्यमले निष्पक्ष भई जनतालाई सकारात्मक उत्प्रेरणा दिने खालको तथ्यपूर्ण सूचना र जानकारी दिने खालका सामग्री सम्प्रेषण गर्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

शुभ कामना

नयाँ नेपाल निर्माणको लागि कटि्वद्ध सम्पूर्ण व्यवसायी, राष्ट्रप्रेमी, जनसमुदाय, ग्राहकवर्ग, शुभचिन्तक तथा दाजुभाई एवं दिदी बहिनीहरूमा नयाँ वर्षको हार्दिक शुभकामना !!

आर्थिक क्रान्तिका सहयोद्धाः–
श्री रिद्धि सिद्धि ज्वेलर्स
नेपालकै पहिलो An ISO 9001:2000 द्वारा प्रमाणित सुन तथा हिराको गहना पसल

डायमण्ड शोरुम
विशाल बजार, पसल नं. १
ग्राउण्ड फ्लोर

गोल्ड शोरुम
विशाल बजार, पसल नं. १०
ग्राउण्ड फ्लोर

फोन नं. ४२२८१०४, ४२४३१८४



तस्वीर : राम सर्राफ

वीरगन्ज उपमहानगरपालिका १४ नम्बर वडामा नागरिकता लिन आउनेको भीड

# विदेशीलाई नागरिकता

**माग्ने जति** सबैलाई बनारसको पेडा भनेझैं पर्सा जिल्लामा गैरनागरिकले समेत सजिलै नागरिकता पाएका छन्। अहिले टोलटोलमा 'भाग्योदय चिट्ठा'झैं परे पुरस्कार नपरे परोपकारको सिद्धान्तअनुरूप भारतीयले तीव्ररूपमा नागरिकता लिइरहेका छन्।

पैसाको लागि मान्छेले देश बेच्न सक्छन् भन्ने दृष्टान्त अहिले पर्सा जिल्लामा भइरहेको नागरिकताको खरिदबिक्रीले दिएको छ। अवैधरूपमा कमाउने धन्दामा राजनीतिक दलका नेता-कार्यकर्ता, स्थानीय प्रशासन र दलाल निकै सक्रियरूपमा लागेका छन्।

शाही शासनमा पीडित बनेका आठ दलका कार्यकर्ताहरूको लागि नागरिकता वितरण अहिले व्यापार बनेको छ। 'देशभरि नै नागरिकताको व्यापार राम्ररी चलोस् भनेर नै यो सरकारले यसको वितरण प्रणाली पनि खुकुलो र सरल बनाइदिएको हो', छपकैयाका ७० वर्षीय सुन्दर साह ठट्यौली गर्छन्।

नागरिकता वितरणमा सरकारलाई सघाउन र भारतीयलाई नागरिकता दिलाउनमा पर्साका जिल्लास्तरीय प्रमुख आठ दलका नेताहरू कामधन्दा छोडेर सक्रियरूपमा लागेका छन्। नेपाली कांग्रेसबाट दिना गुप्ता, एमालेका रामचन्द्र साह, नेकपा माओवादीका अनिल, नेकां प्रजातान्त्रिकका रामरूप कुर्मी, सद्भावना आनन्दीका नेजामुद्दिन समानी र वाममोर्चाका शिवशंकर साहलाई जिल्लामा नागरिकता वितरणको ठेक्का दिइएको छ। ती जिल्लास्तरीय नेताहरूले टोलटोलमा नागरिकता सहयोग समितिका नाममा आफ्ना प्रतिनिधिमार्फत गैरनागरिकहरूसँग रकम असुली गर्दै नागरिकताको सिफारिस गराइरहेका छन्। नागरिकता लिन चाहने व्यक्तिहरूको हैसियतअनुसार आठ दलका प्रतिनिधिले १ हजारदेखि १० हजार रुपैयाँसम्म सिफारिस दस्तुर असुली गरिरहेका छन्। कमाउ देखिएको वीरगन्ज-१३ मा खटिएको टोलीबाट नागरिकता प्रमाणपत्रका लागि आठ दलका प्रतिनिधिको हस्ताक्षर भएको सर्जमिन मुचुल्का अनिवार्यरूपमा पेस गर्नुपर्ने बाध्यता छ। नेपाली कांग्रेसका राकेश ढुंगाना, नेकपा एमालेका श्रीलालप्रसाद रौनियार, वाममोर्चाका राजकुमार साह, जनमोर्चा नेपालका



बनारसी साह कानु, नेसपा आनन्दीका दीपेन्द्रकुमार चौरसिया (दीपु)को हस्ताक्षर र ल्याप्चे छापसहितको तयारी सर्जमिन मुचुल्का नागरिकता लिन आउनेको हैसियतअनुसारको नजराना लिएर खुलारूपमा बिक्री भइरहेको छ ।

'नेपाली जनताले आफ्नो खुट्टामा आफैं बन्चरो हान्दै छन्', वीरगन्ज उपमहानगरपालिका-१९ का अखिलेश तिवारीले भने, 'यस्तै अवस्था रह्यो भने हामी आफ्नै जन्मभूमिमा शरणार्थी हुने दिन टाढा छैन ।'

नेपालीहरू डिभी पारेर अमेरिका जान लालायित छन्, भारतीयहरू नेपाली बन्न आतुर छन् । जो पुस्तौंपुस्ता भारतमा बसेर भारतीय हुन सकेन, त्यस्ताका लागि नेपाली नागरिकता जग्गाधनी पुर्जीसरहको एउटा लाइसेन्स भएको छ ।

भारत रक्सौल निवासी विजय वाच सेन्टर पसलका संचालक विजय सर्राफले वीरगन्जको छपकैया वडा नं. ३ मा खटिएको टोलीबाट हालै नेपाली नागरिकता प्रमाणपत्र हात पर्न सफल भएका छन् । नागरिकता प्रमाणपत्र लिनुको कारणबारे जिज्ञासा राख्दा सर्राफ भन्छन्, 'बिहारमा भन्दा नेपालमा व्यापारधन्दामा बढी फाइदा छ, त्यसैले नेपालतिरै व्यापार गर्ने उद्देश्यले बिक्री भइरहेका बेला नेपाली नागरिकता प्रमाणपत्र खरिद गरेको हुँ ।'

साँच्चै भन्ने हो भने नागरिकता विधेयक २०६३ ले नेपालमा व्यापार र रोजगारी गरेर घरजम गर्न चाहने आकांक्षा बोकेका भारतीयका लागि 'नेपाली' बन्ने ठूलो सौभाग्य मिलेको देखिन्छ । तराईका जिल्लाहरूमा नागरिकता प्रमाणपत्र लिन भारतीयहरूको ठूलो भीड लागेको छ । वैदेशिक रोजगारीमा जान चाहने भारतीयका लागि भारत सरकारबाट राहदानी प्राप्त गर्न सरकारी कर्मचारीलाई घूसबापत ठूलो रकम दिनुका साथै दुईतीन वर्षसम्म कुर्नुपर्ने बाध्यता छ । तर नेपालमा एक दिनमै राहदानी हात पार्न सकिने भएकाले पनि भारतीयहरू आकर्षित भएका हुन् । 'जन्मसिद्धका आधारमा नागरिकता प्रमाणपत्र पाएका अधिकांश भारतीयहरू धमाधम राहदानी लिन थालेका छन्', जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत सुरेन्द्र पौडेल भन्छन्, 'भोलि नागरिकता खारेजी हुने हो कि भन्ने आशंकाले पनि राहदानी लिन भीड लागेको हुनसक्छ ।' भारतीय राज्य बिहारको सीमावर्ती सहरभन्दा नेपालको तराईका जिल्लाहरू भौतिक पूर्वाधारको दृष्टिकोणमा सम्पन्न छन् । साथै अपराधीको चलखेल पनि बिहारको जस्तो तल्लो स्तरसम्म छैन ।

सुविधायुक्त जीवनयापनका लागि तपाईको सहरमा सबै भौतिक पूर्वाधार (बिजुली, सडक, पानी, सञ्चार, अस्पताल) उपलब्ध छन्, भारतीय सहर रक्सौलका पत्रकार अशोक सिंह भन्छन्, 'एउटा साधारण मानिसका लागि योभन्दा बढी के चाहिन्छ ?'

वीरगन्ज उपमहानगरपालिका वडा नं. १३ वडा कार्यालयमा परेको निवेदनअनुसार चैत्र २७ गतेसम्म वडासचिव राजकुमारले बसोवास तथा जन्ममिति प्रमाणित गरी १६ सय ७५ जनालाई प्रमाणित गरेको बताए । चैत्र १८ गतेदेखि वडा नं. १३ खटिएका टोलीहरूले ११ सय ४५ जनाको नागरिकता वितरण सूचीमा नाम प्रकाशित गरेको छ । नागरिकता वितरण सूचीमा नाम नपरेका बाँकी ५ सय ३० जनालाई दलालमार्फत मोटो रकम असुली गर्दै जिल्ला प्रशासन कार्यालय, पर्साबाट गोप्यरूपमा नागरिकता वितरणको काम भइरहेको स्रोत बताउँछ । आठ दलका कार्यकर्ताको दबाबमा नै १३ नम्बर वडामा लामो समयदेखि बसोवास गर्दै आएका वीरगन्जका धनाढ्यहरूको नाम नागरिकता वितरण सूचीबाट हटाइएको हो । सूचीमा नाम नपरेकाहरूलाई आठ दलका प्रतिनिधिले जिल्ला प्रशासन कार्यालयको बाटो देखाउने गरेका छन् ।

नागरिकताका लागि आवश्यक प्रमाण पेस गरे पनि सोधपुछ गर्दा विदेशी नागरिक फेला परेपछि नागरिकता टोलीमा सहभागी जिल्ला प्रशासन कार्यालय पर्साका खरदार वीरबहादुरले मोबाइल टेलिफोनमार्फत जिल्ला प्रशासन कार्यालयका कर्मचारीसँग गराउँछन् । त्यसपछि विदेशी नागरिकहरू जिल्ला प्रशासनका अर्का खरदार राघव चालिसेसँग सम्पर्कमा आएर 'लेनदेन'पछि नागरिकता लिने गरेका छन् ।

आउँदो जेठको दोस्रो साता जागिरबाट अवकाश पाउन लागेका पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज पौडेलले नागरिकता टोलीका प्रमुखहरूको भेला बोलाएर १० लाख रुपैयाँ बुझाउन निर्देशन दिएको स्रोतको दाबी छ । प्रजिअ पौडेलको शुक्रवारमात्रै सरुवा भएको हो ।

फागुन १२ गते पर्साको विश्रामपुर गाविस-९ स्थित ससुराली गाउँबाट नागरिकता प्रमाणपत्र हात पारेका भारतीय ज्वाइँ जालिम देवान चैत २१ गतेका दिन जिल्ला प्रशासन कार्यालयबाट राहदानी बनाउन आएका बेला सोधपुछ गर्दा पक्राउ परे । जिल्ला प्रशासनका प्रशासकीय अधिकृत सुरेन्द्र पौडेलले देवानलाई घर, ठेगानाबारे सोधपुछ गर्दा देवानले नढाँटी आफ्नो मूल घर भारतको ठेगाना बताए । देवान भारतको बिहार राज्यको पूर्वी चम्पारण, बलि ग्राम, प्रसोतीपुर थाना निवासी हुन् ।

प्रशासनका अधिकारीले नेपाली नागरिकता प्रमाणपत्र लिनुको कारणबारे सोधपुछ गर्दा देवानको जवाफ थियो - आफ्नो ससुराको सम्पत्तिको मालिक बन्न । देवानलाई कारबाही गर्ने नाममा जिल्ला प्रशासनले साधारण तारेखमा छोडेको छ । नेपाली नागरिकता हात पारेका गैरनागरिकविरुद्ध जिल्ला प्रशासन कार्यालयमा आधा दर्जनभन्दा बढी उजुरी परेको छ । तैपनि प्रशासनले ती उजुरीमाथि कस्तो कारबाही सुरु गरेको छ भन्ने पर्सावासीले जानकारी पाउन सकेका छैनन् । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी हरिकृष्ण खतिवडा भन्छन्, 'प्रशासनले कारबाही गर्दै छ, तर यी सब कुरा घण्टी बजाउँदै जनतालाई सुनाउने कुरा होइन ।'

पैसा खर्चेर, घूस खुवाएर नागरिकता पाउनेहरू नेपाल र नेपालीप्रति कति संवेदनशील र बफादार हुन्छन् भन्ने भविष्यले नै देखाउला ।

■ **रवि दाहाल, राम सर्राफ/वीरगन्ज**





# हुनुपर्छ पुन:परिभाषा

**राज्य पुनर्संरचनाको विषयमा चर्को बहस चलिरहेको भए पनि शैक्षिक क्षेत्रका मुद्दाहरू जसरी उठान हुनुपर्ने हो, त्यसरी हुन सकेका छैनन् । नयाँ समाज व्यवस्थामा आधारित भएर नयाँ ढंगबाट शिक्षाको पुन:परिभाषा नगरी परिवर्तनको अपेक्षा गर्नु निरर्थक भएको विद्यार्थी नेताहरूको विचार छ ।**

■ **छत्र कार्की/काठमाडौं**

**संविधानसभाको निर्वाचनपछि** राज्यको पुनर्संरचना गर्ने कुरामा राजनीतिक दलहरूले सहमति जनाएका छन् । राज्यको पुनर्संरचनाको क्रममा आर्थिक, सामाजिक, राजनीतिक मुद्दासँगै शिक्षाका संरचना, प्रारूप कस्तो हुनुपर्छ ? यो महत्त्वपूर्ण विषय भए पनि बहसको हिसाबले अहिले अत्यन्तै कम प्राथमिकतामा परेको छ । शैक्षिक क्षेत्र यथास्थितिबाट अघि बढ्न नसक्ने निष्कर्षमा सबै राजनीतिक दल पुगिसकेका भए पनि स्पष्ट दृष्टिकोण सार्वजनिक भएको छैन ।

माउ पार्टीको अभीष्टपूर्तिको साधन बनिरहेका विद्यार्थी संगठनका केही नेताहरूले शिक्षामा पुनर्संरचना हुनुपर्छ भनेर बेलाबेलामा भाषण छाँटे पनि संगठनको आधिकारिक धारणा सार्वजनिक गर्न सकेका छैनन् । अहिलेको परिप्रेक्ष्यमा शिक्षाको पुनर्संरचनाका लागि बृहत् जनमुखी शैक्षिक दृष्टिकोण आवश्यक रहेको अखिल (क्रान्तिकारी)का अध्यक्ष लेखनाथ न्यौपाने बताउँछन् । उनी भन्छन्, 'नयाँ नेपालमा शिक्षाको संरचना, स्वामित्व, पाठ्यक्रमलगायत विषय कस्तो हुनुपर्ने हो, त्यसमा व्यापक बहस थालनी हुनुपर्छ ।' विद्यमान शिक्षाप्रणालीको अर्थ राजनीतिक कोणबाट समेत तीव्ररूपमा आलोचना भइरहेकाले शिक्षाको पुनर्संरचनाको मुद्दामा यसलाई मूल एजेन्डा बनाउनुपर्ने उनको विचार छ ।

शिक्षामा स्वामित्व कसको ? यो प्रश्न जल्दोबल्दो रूपमा आइरहेको छ । कल्याणकारी राज्यको सिद्धान्तअनुसार विश्वका अधिकांश मुलुकले शिक्षा, स्वास्थ्य, संचारलगायत क्षेत्रमा राज्यको भूमिकालाई प्रमुखरूपमा अघि सारेको देखिन्छ । झन् विद्यालय शिक्षा पाउनु हरेक बालबालिकाको नैसर्गिक अधिकार भएकाले पनि राज्यले अभिभावकत्व ग्रहण गरी सर्वसुलभढंगबाट उपलब्ध गराइरहेको हुन्छ । ती मुलुकमा पनि निजी विद्यालय नहुने होइनन्, तर शैक्षिक गुणस्तरको हिसाबले सार्वजनिक विद्यालय नै अग्रणी भएकाले निजी विद्यालयप्रतिको आकर्षण कम रहेको पाइन्छ । हाम्रो सन्दर्भमा सार्वजनिक विद्यालयका पक्षमा अभिमत जाहेर गर्नेहरू दुईखाले शिक्षाले समाजमा वर्गीय खाडल बढाएको तर्क राख्छन् । तर, निजी विद्यालय संचालकहरूले भने यो तर्कप्रति असहमति जनाउँदै गुणस्तरीय शिक्षा प्रदान गर्न आफूहरूले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको धारणा राख्दै आएका छन् ।

निजी विद्यालयमा व्याप्त अपारदर्शिता, संचालकको व्यक्तिगत मनोमानीलगायत कारणले अभिभावकहरूले पनि व्यापक असन्तुष्टि प्रकट गर्दै आएका छन् । त्यसैले होला, कम तलब दिएर बढी मुनाफा आर्जन गर्न खोज्ने विद्यालयसञ्चालकहरूको सोच नै यसका लागि कारक रहेको पाइन्छ । शिक्षा ऐनमा शिक्षकलाई उल्लेख गरिएबमोजिम तलब सुविधा नदिएकोमा संस्थागत शिक्षक युनियनले दुई चरणको सडक आन्दोलन गरिसकेको छ । आफ्ना माग सम्बोधन नभए फेरि आन्दोलनमा उत्रिने उसको चेतावनी छ । नेपाल राष्ट्रिय अभिभावक संघका अध्यक्ष वाङ्छे शेर्पा भन्छन्, 'कतिसम्म भने अधिकांश निजी विद्यालय विभिन्न शीर्षकमा हरेक वर्षको शैक्षिक सत्रको सुरुमै चर्को शुल्क लिन्छन्, तर त्यो रकमको आधा पनि शीर्षकअनुसार खर्च नभई सञ्चालकको बैंक खातामा जम्मा हुन्छ ।' निजी विद्यालयलाई अहिलेकै अवस्थामा छाडेर शिक्षाको पुनर्संरचना नहुने शेर्पाको दाबी छ । उनी भन्छन्,



गगन थापा



लेखनाथ न्यौपाने



रामकुमारी झाँक्री

'राज्यले शिक्षाप्रतिको आफ्ना धारणा स्पष्ट पार्नुपर्छ र विद्यालय तहसम्मको शिक्षाको जिम्मेवारी उसले लिनैपर्छ ।' निजी विद्यालयको छाता संगठन प्याब्सनले भने कम विद्यार्थी संख्या भएका विद्यालयलाई ऐन देखाएर सम्पूर्ण सुविधा दिन बाध्य पारिएमा आधाजसो निजी विद्यालय बन्द हुने जनाउँदै आएको छ ।

एघारवर्षे सशस्त्र संघर्षपछि सरकारमा सामेल भएको माओवादीले निजी विद्यालयलाई विगतमा सबैभन्दा बढी प्रहार गरेको थियो । उक्त अवधिमा माओवादी दबाबकै कारण राजधानीबाहिरका अढाई सयभन्दा बढी निजी विद्यालय बन्द भएका थिए । जनआन्दोलन-२ पछि बनेको गठबन्धन सरकारका शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले सुरुमै सार्वजनिक कार्यक्रममा मुलुकबाट दुईखाले शिक्षा अन्त्य गरिने जनाएका थिए । भूमिगत कालमा शैक्षिक विशालबजारको आरोप लगाउँदै आएका माओवादी संसदीय राजनीतिमा प्रवेश गरेपछि निजी विद्यालयको राष्ट्रियकरण मुद्दा अहिले अलिक मत्थर हुँदै गएको छ । राजनीतिक निर्णयविना राष्ट्रियकरणको मुद्दा छिनोफानो नहुने धारणा राख्नेहरूको संख्या धेरै छ ।

अखिल (क्रान्तिकारी)का अध्यक्ष न्यौपाने आधारभूत शिक्षा सबैका लागि अनिवार्य, सर्वसुलभ र समान पहुँच हुनुपर्ने धारणा अहिले पनि यथावत् रहेको जनाउँछन् । उनी भन्छन्, 'हामीले परिकल्पना गरेको न्यायपूर्ण, समृद्ध र समानतामूलक नेपाल बनाउने हो भने निजी शिक्षा खारेज हुनुपर्छ ।'

राज्यले नीति बनाए निजी विद्यालयको राष्ट्रियकरण गर्न तयार रहेका सञ्चालकहरूले बताउँदै आए पनि यो आम जनताबाट निर्णय हुने विषय भएको विज्ञहरूको विचार छ । अहिले सञ्चालन भइरहेका सबै निजी विद्यालयलाई राष्ट्रियकरण गर्ने हो भने त्यसका लागि मुलुकले अर्बौं धनराशि खर्च गर्नुपर्ने हुन्छ, जुन तत्काल सम्भव देखिँदैन । नेपाल विद्यार्थी संघका पूर्व महासचिव गगन थापा अहिले विद्यालयको स्वामित्वमा निजी वा सरकारको भूमिका के हुने भन्ने प्रश्न गौण रहेको धारणा व्यक्त गर्छन् । उनी भन्छन्, 'अहिलेका सबै समस्याका जड शिक्षालाई

**एघारवर्षे सशस्त्र संघर्षपछि सरकारमा सामेल भएको माओवादीले निजी विद्यालयलाई विगतमा सबैभन्दा बढी प्रहार गरेको थियो ।**

उपभोग मान्ने संकीर्ण सोच हो । त्यसैले अहिले सन्दर्भमा सतही कुरामा मात्र हेरफेर गरेर केही हुँदैन, शिक्षाको पुनःपरिभाषा हुनपर्छ ।' मूल पक्षमा राज्यको स्पष्ट सोच आए अरू प्रक्रियागत कुराहरू मिल्दै जाने उनको धारणा छ । उनी थप्छन्, 'शिक्षाको नयाँ खाका तयार पार्दा प्रचलित मूल्यमान्यतालाई निरन्तरता दिनेभन्दा पनि हरेक कुरालाई आलोचनात्मकरुपले हेर्ने नागरिक उत्पादन गर्ने विषयलाई प्रमुखतासाथ उठाउनुपर्छ ।' अहिलेसम्म हाम्रो शैक्षिक प्रणाली एकदमै पुरातन र अव्यवहारिक सोचबाट निर्देशित भएको छ, यतिसम्म कि दसौं वर्षसम्म पनि पाठ्यक्रम परिवर्तन हुँदैन । समय गुज्रिसकेका विषयवस्तुको अध्ययनबाट विद्यार्थीको सिर्जनशीलताको पाटो अवरुद्ध हुने धेरैको ठम्याइ छ ।

मुलुकमा २००७ सालपछि आधुनिक शिक्षाको सुरुवात भए पनि त्यसपछिका शैक्षिक उद्देश्य सत्ता टिकाउने उद्देश्यबाट निर्देशित भएको पाइन्छ । त्यसबेला शिक्षाको उद्देश्यमा नै पञ्चायती व्यवस्थाप्रति अनुकूल आचरण भएको नागरिक तयार गर्ने भनेर स्पष्टसाथ किटान गरिएको थियो । भरसक आलोचनात्मक चेत भएको नागरिक तयार नहोस् भनेर त्यस बेलाको सत्ताले भरमग्दुर प्रयत्न गरेको थियो ।

हाम्रो आधुनिक शिक्षाको जग नै निरंकुश सत्ताबाट निर्माण भएकाले त्यसलाई फेर्नका निम्ति पुनःपरिभाषाको मुद्दा आइरहेको छ । शिक्षाको पुनःपरिभाषा किन ? नेविसंघका पूर्व महासचिव थापा भन्छन्, 'अहिलेको शिक्षाले प्रगतिप्रति भोक जगाउने आलोचनात्मक व्यक्ति तयार गर्न सकेन, त्यही भएर शिक्षा प्रणालीमाथि प्रश्नचिन्ह खडा भएको छ ।' अहिलेसम्म शिक्षा सुधार गर्ने नाममा सतही विषयमा अल्मलिरहेकाले पुराना विचार र मूल्यमान्यताप्रति प्रश्न उठाउने संस्कार विकास हुन नसकेको उनको ठम्याइ छ ।

अनेरास्ववियुकी कोषाध्यक्ष रामकुमारी झाँक्री विद्यार्थी नेता थापाझैं अहिलेको शिक्षाप्रणाली पुरानो राज्यव्यवस्थाको हितलाई ध्यानमा राखेर बनाइएकाले शिक्षाको पुनःपरिभाषा गरिनुपर्ने धारणा राख्छिन् । उनी भन्छिन्, 'राज्यले आधारभूत शिक्षालाई सेवा वा व्यवसाय के हो स्पष्टरूपमा परिभाषा गर्नुपर्छ । यदि सेवा हो भने विद्यालय सञ्चालनमा पूरै दायित्व राज्यको हुनुपर्छ ।' शिक्षाको पुनःपरिभाषा गर्नेबित्तिकै अहिले उठेको धेरै प्रश्नको समाधान हुने उनको विचार छ । अब शिक्षाको पुनर्संरचना वर्गीय हिसाबले मात्र नभई जातीय, भाषिक र क्षेत्रीय सन्तुलन मिलाएर समेत गर्नुपर्ने उनको भनाइ छ । उनी भन्छिन्, 'शिक्षाको पुनःपरिभाषा गर्दा अहिलेको उत्पादन सम्बन्ध र पद्धतिलाई समेत ख्याल गर्नुपर्छ । शिक्षा ज्ञानको लागि मात्र नभएर जीवनको लागि हुनुपर्छ ।'

सरकारले सन् २०१५ सम्म सबैलाई साक्षर बनाउने अभियानका साथ काम गरिरहेको जनाए पनि निर्धारित समयमा उक्त लक्ष्य पूरा हुने छाँट देखिँदैन । शिक्षाको पुनर्संरचनाका क्रममा सबैका लागि शिक्षा मात्र नभएर सबैका लागि गुणस्तरीय शिक्षा हुनुपर्ने विचार सशक्त रुपमा आइरहेको छ । यसका लागि राज्यले विपन्न अभिभावकका आधारभूत आवश्यकता पूर्ति नगरी अरू लक्ष्य पूरा हुन नसक्ने देखिन्छ । झिनामसिना शैक्षिक मुद्दामा अल्झिनुको सट्टा मूल चुरोमै केन्द्रित भएर शिक्षाको परिभाषालाई नै समयानुकूल परिवर्तन गर्नुपर्ने माग टड्कारो रूपमा आएको छ । अहिलेको संरचना बेकम्मा भइसकेको अवस्थामा समावेशी ढंगले शिक्षाको पुनर्संरचना गर्न ढिलाइ गरेमा यसले विद्रोहलाई बढावा दिने विश्लेषकहरूको विचार रहेको छ । ■



**शिक्षाव्यवस्थाको लोकतान्त्रिक पुनर्संरचनाबारे गम्भीरतापूर्वक प्रक्रिया नथाल्ने हो भने, हाम्रो लोकतन्त्र फेरि पनि धराशायी हुने पक्का छ।**

# समग्र लोकतान्त्रीकरण

■ विमलकुमार फुयाँल

**लोकतान्त्रिक** नेपालको निर्माणको लागि राज्यसत्ताकै पुनर्संरचनाबारे देशव्यापी बहस थालनी भइसकेको वर्तमान सन्दर्भमा मुलुकको शिक्षाव्यवस्थाको पुनर्संरचनाबारे गहिरो सामाजिक अन्तरक्रिया चलाउनु अत्यावश्यक भइसकेको छ। कुनै पनि समावेशी लोकतान्त्रिक राज्यव्यवस्थालाई दरिलो तुल्याउने एउटा महत्त्वपूर्ण जग भनेको त्यो राष्ट्रले सचेततापूर्वक स्थापित गर्ने स्तरीय एवं जनमुखी शिक्षाव्यवस्थाको प्रावधान हो। तसर्थ, नेपालको राजनीतिक व्यवस्था, अर्थनीति र संस्कृतिलाई लोकतान्त्रिक तथा सामाजिक न्यायमुखी तुल्याउन हाम्रो शिक्षाव्यवस्थाको समग्र लोकतान्त्रीकरणको खाँचो छ।

## समाज, राज्यसत्ता र शिक्षाव्यवस्था

ओठेभक्तिका हिसाबले 'सबैका लागि शिक्षा'को नारा उराल्दैमा सामन्तवादी राज्यसत्ताको छत्रछायाँमा लोकतान्त्रिक तथा जनमुखी शिक्षाव्यवस्था मौलाउन सक्दैन भन्ने तथ्य नेपालको आफ्नै अनुभवले स्थापित गरेको छ। इतिहासमा नेपालको शिक्षाक्षेत्र सधैं नै यहाँको सामन्तवादी राज्यसत्ता र उनीहरूको हैकमवादी राजनीतिको निर्मम अचानो बन्दै आएको छ। कुनै पनि निरंकुश शासक र तिनका स्वार्थमण्डली सर्वसाधारण नागरिक सचेत, सजग र शिक्षित भएको देख्न नचाहने भएकाले उनीहरू सकेसम्म शिक्षाको पहुँच नै ठालुवर्गमा मात्र सीमित पार्न खोज्छन्। युगको बाध्यताले गर्दा स्कुल, कलेज खोल्ने अनुमति दिनुपर्दा पनि तिनीहरू शासकीय स्वार्थलाई धक्का नपुग्ने स्तुतिवादी शैक्षिक पाठ्यक्रम थोपरेर होस् वा शिक्षाकर्मीहरूलाई बन्दुकको नाल देखाएर होस्, सम्पूर्ण शिक्षाव्यवस्थालाई भ्रष्ट तुल्याउने प्रपञ्च रच्ने गर्छन्। यो हामी नेपालीले एकसय चारवर्षे राणाशासन, तीसवर्षे पञ्चायती शासन र तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालको बेलामा समेत भोगेको अनुभव हो। त्यसकारण लोकतान्त्रिक तथा जनमुखी शिक्षाव्यवस्थाको पूर्वसर्त भनेको लोकतान्त्रिक तथा समावेशी राज्यसत्ताको स्थापना हो।

अर्को हामीले भुल्नै नहुने पक्ष के हो भने, आधारभूत शिक्षा सम्पूर्ण नागरिकको आधारभूत अधिकारको रूपमा स्थापित नगराईकन, आम जनतालाई आफ्नो मौलिक हकबारे सचेत बन्दै कुनै पनि खालको अन्यायको विरुद्ध प्रतिरोध गर्ने ज्ञान र सीप सिकाउने शिक्षाव्यवस्थालाई प्रभावकारी नबनाएसम्म लोकतन्त्र मजबुत बन्न सक्दैन। २०४६ सालको जनआन्दोलनले ल्याएको प्रजातन्त्रले जरा गाड्नै नसकेको एउटा प्रमुख कारण तत्कालीन प्रजातन्त्रवादी सत्ताधारी तथा प्रमुख प्रतिपक्षले समेत आफैंले वकालत गरेको प्रजातन्त्रसम्मत शिक्षाव्यवस्थाको जग बसाउनेतर्फ ध्यानै नदिनु पनि थियो। अहिले पनि, यदि शिक्षाव्यवस्थाको लोकतान्त्रिक पुनर्संरचनाबारे गम्भीरतापूर्वक प्रक्रिया नथाल्ने हो भने, हाम्रो लोकतन्त्र फेरि पनि धराशायी हुने पक्का छ। त्यसकारण समुन्नत नेपाल निर्माणका लागि लोकतान्त्रिक राज्यसत्ता र लोकतान्त्रिक राज्यसत्ताको जगको रूपमा समावेशी राजनीति, सामाजिक न्यायसहितको आर्थिक विकास र जनमुखी शिक्षाव्यवस्थाको आधार खडा गर्नु अनिवार्य हुन्छ।

## जनताको अधिकार, राज्यको दायित्व

सर्वप्रथम, लोकतान्त्रिक राज्यसत्ता तथा जनमुखी शिक्षाव्यवस्थाका पक्षधरहरूले के कुरामा स्पष्ट हुनैपर्छ भने आधारभूत स्तरीय शिक्षा पाउनु हरेक नागरिकको आधारभूत अधिकार हो र त्यसको निम्ति आवश्यक भौतिक आधार, कानुनी प्रावधान तथा प्रशासकीय संरचना खडा गर्ने प्रमुख दायित्व राज्यको हुनुपर्छ। नेपालको अन्तरिम संविधान २०६३ ले माध्यमिक तहसम्मको शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरिसकेको वर्तमान सन्दर्भमा अहिलेको आठ दलको अन्तरिम सरकारले नै शिक्षाव्यवस्थाको पुनर्संरचनाको प्रक्रिया थालिहाल्नु जरुरी छ। आठ दलबीच सर्वसम्मति भइसकेको यस्तो राष्ट्रिय सरोकारको विषयमा काम अघि बढाउन पनि झिँजो मान्ने, झमेला झिक्ने वा अन्य दलको थाप्लोमा दोष थोपरेर कुनै मन्त्री वा राजनीतिक दलको नेताले छक्याउन खोज्छ भने त्यसलाई सामाजिक अपराधीको रूपमा उभ्याउनु पर्छ। संविधानसभाको चुनाव नभई वा परिणाम नआई केही गर्न सकिन्न भन्ने खालका जनतालाई मूर्ख बनाउन खोज्ने कुतर्कलाई पनि ठाउँमै जवाफ दिन जनता तयार हुनुपर्छ। वर्तमान आठ दलको संयुक्त सरकारले थालनी गर्ने कुनै पनि सकारात्मक पहलले संविधानसभाको निर्वाचनपछि बन्ने भावी सरकारलाई त्यस विषयमा काम अघि बढाउन ऐतिहासिक सहयोग मिल्नेछ, व्यवधान हुने कुरा त परै जावस्।

विगतका अर्धसामन्ती-अर्धप्रजातान्त्रिक राज्यव्यवस्थाले समेत 'सबैका लागि शिक्षा'को कार्यक्रम घोषणा गरिसकेको ऐतिहासिक सन्दर्भमा अहिलेको संयुक्त लोकतान्त्रिक सरकार र यसअन्तर्गतको शिक्षा मन्त्रालयको पहिलो कदम भनेको अन्तरिम संविधानमा उल्लिखित माध्यमिक तहसम्मको शिक्षालाई मौलिक अधिकार मान्ने प्रावधानलाई व्यवहारमा उतार्ने रणनीति तथा प्रारम्भिक कार्यक्रम तय गरेर कार्यान्वयनमा लैजाने हुनुपर्छ। यसको लागि सरकारको उच्च राजनीतिक तह र शिक्षा मन्त्रालयको अगुवाइ तथा संयोजनमा शिक्षाविद्, शिक्षाकर्मी, अभिभावकवर्ग, विद्यार्थीवर्ग, शिक्षाप्रेमी तथा यस सवालमा थोरै पनि चासो राख्नेहरूलाई विभिन्न क्षेत्र र तहमा सार्वजनिक बहस आयोजना गरेर राष्ट्रिय प्रतिबद्धता स्थापित गर्ने प्रक्रियामा सहभागी गराउनु पर्छ। नेपालको इतिहास केलाउँदा एक शताब्दीभन्दा अघि नै मानवतावादी चिन्तक तथा जनमुखी शिक्षाका प्रणेता जयपृथ्वीबहादुर सिंहले सबै नेपालीलाई साक्षर, सचेत र शिक्षित तुल्याउने विचार र व्यवहारिक अभियान थालेको भेटिन्छ। जनद्रोही राणाशाही व्यवस्थाले जयपृथ्वीको जनमुखी शिक्षाको अभियानलाई अवरुद्ध पारेको थियो। उक्त अभियानलाई नयाँ चरणमा पुर्‍याउने अपूर्व अवसर अहिले मिलेको छ। सरकार, राजनीतिक दलहरू र सचेत नागरिक समुदाय दत्तचित्त भएर लाग्दै समुन्नत नेपाल निर्माणको पूर्वाधारको रूपमा सबै नेपालीलाई शिक्षित तुल्याउने प्रावधान खडा गर्न सकिन्छ।

'सबैका लागि माध्यमिक तहसम्मको स्तरीय शिक्षा' अब कोरा राजनीतिक नारा मात्र नभएर संविधानप्रदत्त मौलिक अधिकारको विषय बनेको छ। नेपालको वर्तमान परिवेशमा यो विषयलाई कसरी बुझ्ने, यो राष्ट्रिय लक्ष्य हासिल गर्न कसले कहाँबाट के भूमिका निर्वाह जरुरी हुन्छ र यसको निम्ति समुदाय तथा राष्ट्रिय तहमा के, कस्तो अभियान चलाउने भन्ने विषयमा गहिरो र कार्यमूलक अन्तरक्रियाको संयोजन विभिन्न राजनीतिक शक्तिहरूको सहयोग लिँदै शिक्षा

मन्त्रालय, विभाग र जिल्ला कार्यालयहरूले नै गर्नु जरुरी हुन्छ । प्रधानमन्त्री र नवनियुक्त शिक्षामन्त्रीकै तहबाट यस विषयमा सरकारले आफ्नो धारणा अघि सार्नु जरुरी छ । संचारकर्मीहरू र नागरिक समुदायले पनि राज्यको हरेक सकारात्मक कदममा यथेष्ट सहयोग गर्दै कुनै पनि गैरजवाफदेही क्रियाकलापचाहिँ हुन नदिन कडा खबरदारी गर्नुपर्छ । अझै पनि पदीय वा दलीय स्वार्थमा निर्लिप्त भई टालटुले भाषण गरेर शिक्षाको अधिकारसम्बन्धी संविधानको प्रावधानलाई कुल्चने प्रयास प्रधानमन्त्री, मन्त्री वा मन्त्रालयका अन्य पदाधिकारीबाट हुनसक्ने खतरा भएकाले विभिन्न तहमा नागरिक खबरदारी समूहहरू संगठित गर्नु अत्यावश्यक देखिएको छ ।

## दलीय भागबन्डाको कुराजनीति

आठ दलका शीर्षस्थ नेताहरूले बुझ पचाउन पटक्कै नमिल्ने एउटा कुरा के छ भने लोकतन्त्रको एउटा मूल विशेषता भनेको विधिको शासन हो । विश्वविद्यालयका प्रमुख पदाधिकारीहरू नियुक्त गर्ने विधिसम्मत लोकतान्त्रिक प्रक्रिया स्थापित हुन नसक्दा राष्ट्रिय महत्त्वका प्राज्ञिक संस्थाहरू नेतृत्वविहीन भएको वर्ष दिन भइसकेको छ । यसले पुऱ्याएको नोक्सानीको मूल्यांकन रकम-कलममा गर्न नसकिने अवस्था आइसक्यो । शिक्षामन्त्री र प्रधानमन्त्रीका दलका नेताहरू उपकुलपतिको पदमा आफ्नो कार्यकर्ताले नियुक्ति नपाएका कारणले विवाद सिर्जना भएको कुरा निर्लज्ज ढंगले बताउँछन् । राणाकालमा श्री ३ महाराजले नै शिक्षाको डाइरेक्टर को हुने भनेर तोकिदिन्थे, पञ्चायतकालमा राजदरबारले नै छानीछानीकन पूर्व अंचलाधीशहरूलाई विश्वविद्यालयको उपकुलपति बनाइदिन्थे । २०४६ पछिको प्रजातान्त्रिककालमा कांग्रेस र एमाले जस्ता ठूला दलहरूले मेयरको चुनाव हारेका कार्यकर्तालाई उपकुलपति बनाइदिने प्रचलन ल्याए । शाही शासनकालमा विभिन्न प्राज्ञिक संस्थाका पदाधिकारी नियुक्तिमा यस्तै अवस्था रह्यो । लोकतान्त्रिक दलहरू समेत विधिसम्मत प्रक्रिया स्थापित गर्नेतर्फ नलागी राजदूतदेखि विश्वविद्यालयको उपकुलपतिसम्मका पदहरू आफ्ना कार्यकर्ताहरूलाई भागबन्डा गर्ने उद्यमतर्फ लाग्दा जनआन्दोलनमा सहभागी लाखौं सर्वसाधारण नागरिक नेतृत्ववर्गप्रति आक्रोशित बन्न थालेको छ । भर्खरै बनेको माओवादीसहितको अन्तरिम सरकारले दलीय भागबन्डाको यस्तो कुराजनीतिलाई पुनरावृत्ति नदेओस् । आशा छ, प्रधानमन्त्री र शिक्षामन्त्री लगायत अन्य सम्बन्धित राजनीतिक अगुवाहरू यसपटक दलीय स्वार्थको कुवामा डुबेर मुलुकलाई भसाउने र लोकतन्त्रको धज्जी उडाउने क्रममा नलागून् । यो सरकारले विश्वविद्यालयका उपकुलपति लगायत अन्य पदाधिकारीहरू नियुक्त गर्ने न्यायपूर्ण विधि स्थापित गरोस् र तदनुरूप नियुक्तिका प्रक्रियाहरू अघि बढाओस् ।

**राजनीतिक इच्छाशक्तिका साथै यो अभियान सफल पार्न शिक्षा मन्त्रालय, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयसम्मको पुनर्संरचना पनि तुरुन्तै थाल्नु जरुरी छ । शिक्षाक्षेत्रका सचिवदेखि सुब्बासम्मका सबै कर्मचारीलाई जनमुखी शिक्षाबारे अभिमुखीकरण र आधारभूत प्रशिक्षण दिनुपर्छ, उनीहरूको कार्य जिम्मेवारी नयाँ ढंगले तोकिनु पर्छ, काम गर्नेलाई प्रोत्साहन र काम ठग्नेलाई बिदा दिनुपर्छ ।**

## आयोग होइन, राष्ट्रिय अभियान

नेपालमा भइरहेको युगान्तकारी राजनीतिक परिवर्तन तथा लोकतान्त्रिक राज्य पुनर्संरचनाको अभिन्न अंगको रूपमा शिक्षाव्यवस्थाको पुनर्संरचनाबारे चिन्तन, विश्लेषण र रूपान्तरणको खाका तयार गर्नुपर्छ । यसको लागि परम्परागत ढाँचाको केही प्राविधिक, केही कर्मचारी र केही शासकदल नजिकका बौद्धिक राखेर बनाइएको आयोगले तयार पार्ने प्रतिवेदन पर्याप्त हुनेछैन । मुलुकलाई यति बेला प्राविधिक सुझाव दिने आयोग होइन, लोकतान्त्रिक तथा जनमुखी शिक्षाव्यवस्थाको जग बसाउने राष्ट्रिय अभियानको खाँचो छ । राजधानीदेखि विभिन्न क्षेत्र तथा जिल्ला तहमा समेत सरकार, राजनीतिक दलहरू र नागरिक समुदायको संयुक्त जनमुखी शिक्षा अभियान समितिहरू बनाएर यो ऐतिहासिक काम थाल्नुपर्छ । विगतमा फ्रान्स, बेलायत, रूस, चीन, जापान, क्युवा, निकारागुवा, ब्राजिल, श्रीलंका लगायतका देशमा भएका शिक्षा तथा सर्वसाक्षरताको अभियानहरूको पाठबाट सिक्दै एक्काइसौं शताब्दीको नेपाल सुहाउँदो अभियानको रणनीति हामी आफैंले तय गर्नुपर्छ । विदेशको अनुभवबाट सिक्न सकिन्छ, तर यस्तो अभियान विदेशी सहयोगी संस्थाको नेतृत्वमा चल्न सक्दैन । सबै दलहरूले यो विषयलाई साझा राष्ट्रिय लक्ष्यको रूपमा आत्मसात गरेपछि आमनागरिक समुदायलाई परिचालन गर्न बाटो फराकिलो हुन्छ । पहिलो चरणमा पाँचवर्षे राष्ट्रिय अभियान घोषणा गर्नु उपयुक्त देखिन्छ ।

प्रत्येक तहको अभियान समितिको पहिलो काम अन्तरिम संविधानले मौलिक अधिकारको रूपमा व्यवस्था गरेको सबैका लागि माध्यमिक तहसम्मको स्तरीय शिक्षाबारे जनजागरण ल्याउनु हो । टोल, गाउँ, समुदाय र जिल्लातहका अभियान समितिहरूले यस विषयमा जनचेतना जगाउँदै यो मौलिक अधिकारबाट वञ्चित व्यक्ति, परिवार, समूहको लगत तयार पार्ने र उनीहरूलाई तत्काल शिक्षामा पहुँचका लागि स्थानीय तहमा गर्न सकिने प्रयास थालिहाल्नु पर्छ । स्थानीय राजनीतिक दलका कार्यकर्ताहरू, उनका भगिनी संगठनका युवाहरूले यसमा विशेष भूमिका खेल्न सक्छन् । राजनीतिक इच्छा प्रबल हुनसकेमा यो अभियानको लागि भौतिक स्रोतसाधन कुनैपनि हालतमा व्यवधान हुनेछैन ।

हरेक दलका स्थानीय युवा कार्यकर्ताहरू र जुझारु नागरिक अधिकारकर्मीहरूलाई परिचालन गर्दै हामी सर्वसाक्षरताको अभियान पनि थाल्न सक्छौं र पाँच वर्षभित्रमै नब्बे प्रतिशत प्रौढहरूलाई साक्षर बनाउन सक्छौं । सन् १९५० को दसकमा ब्राजिलमा आठ हजार साक्षरताकर्मीहरूलाई परिचालन गर्दा व्यापक उथलपुथल भएको थियो । अहिले दलहरूले चाहेमा सजिलै पचास हजार अभियानकर्मीहरूलाई जनमुखी शिक्षा र जीवनमुखी साक्षरताबारे आधारभूत प्रशिक्षण दिएर परिचालन गर्न सकिन्छ । यस्ता अभियानकर्ताहरूको परिचालनबाट शिक्षाबारे जागरणका अतिरिक्त लोकतान्त्रिक मान्यता र आचरणबारे आमचेतना, स्थानीय स्रोतसाधनको पहिचान, छुवाछूत लगायतका अन्यायका रूपहरूको अन्त्य, बाल तथा युवाक्लबहरू स्थापना, हरेक वडामा एउटा सार्वजनिक पुस्तकालय खोल्ने काम सजिलै गर्न सकिन्छ ।

राजनीतिक इच्छाशक्तिका साथै यो अभियान सफल पार्न शिक्षा मन्त्रालय, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयसम्मको पुनर्संरचना पनि तुरुन्तै थाल्नु जरुरी छ । शिक्षाक्षेत्रका सचिवदेखि सुब्बासम्मका सबै कर्मचारीलाई जनमुखी शिक्षाबारे अभिमुखीकरण र आधारभूत प्रशिक्षण दिनुपर्छ, उनीहरूको कार्य जिम्मेवारी नयाँ ढंगले तोकिनु पर्छ, काम गर्नेलाई प्रोत्साहन र काम ठग्नेलाई बिदा दिनुपर्छ । अहिलेको शिक्षा मन्त्रालयको संस्थागत क्षमता हेर्दा प्रस्तावित अभियानलाई सफल पार्न जिल्लादेखि मन्त्रालयसम्म कमसेकम तीस प्रतिशत दक्ष जनशक्ति बाहिरबाट ल्याउनु अनिवार्य हुन्छ ।

अन्त्यमा, समुन्नत तथा लोकतान्त्रिक नेपाल निर्माणका लागि लोकतान्त्रिक तथा जनमुखी शिक्षाव्यवस्थाको आधार खडा गर्नु अनिवार्य छ र त्यसका लागि सर्वदलीय मात्र होइन, सर्वपक्षीय प्रतिबद्धताको खाँचो छ । जनमुखी शिक्षाव्यवस्थाको जग बसाउने राष्ट्रिय अभियानलाई सशक्त बनाउन सबैले गच्छेअनुसारको योगदान गरौं ।

*लेखक जनमुखी शिक्षा सरोकार मञ्चका अध्यक्ष हुन् ।*
friendbimal@gmail.com

# बढ्दो संख्या

**अमेरिकालगायत पश्चिमी मुलुकमा स्थानान्तरण हुन सजिलो भएकाले अफ्रिकी मुलुकबाट नेपालमा शरणार्थीको मान्यता पाउन आउनेहरूको घुइँचो बढ्दो छ। संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोगले पनि १८ जनालाई शरणार्थी र २ सय ३१ जनालाई 'असाइलम सिकर'को को मान्यता दिइसकेको छ, तर गृह मन्त्रालयमा शरणार्थी हेर्ने अधिकृत शेषनारायण पौडेल भन्छन्, 'सरकारले शरणार्थीको मान्यता दिएपछि मात्र राष्ट्रसंघीय उच्चायोगले शरणार्थीसम्बन्धी अन्य प्रक्रिया अगाडि बढाउनु पर्नेमा सरकारसँग अनुमति नै नलिई शरणार्थीको परिचयपत्र बाँडेको छ।'**

■ गोविन्द परियार/काठमाडौं

**अफ्रिकी मुलुकका** नागरिकहरूको अनधिकृत बसोवास बढ्न थालेपछि अध्यागमन विभागले गत जनवरीदेखि नाइजेरिया, घाना, जिम्वावे र स्वाजिल्यान्ड लगायतका अफ्रिकी मुलुकका नागरिकलाई विमानस्थलमै उपलब्ध गराउँदै आएको भिसामा प्रतिबन्ध लगाउँदै म्याद थप समेत नगर्ने भएको छ।

विभागका अध्यागमन अधिकृत शिवराज जोशी भन्छन्, 'जनवरीदेखि एयरपोर्ट भिसा रोक्नुका साथै नेपाल प्रवेश गरेकालाई भिसाको म्याद थप समेत बन्द गरिएको छ।' राजधानीका विभिन्न क्षेत्रमा दर्जनौं संख्यामा अफ्रिकी मूलका नागरिकहरू गैरकानुनी रूपमा बस्दै आएका छन्। तीमध्ये केहीलाई उच्चायोगले शरणार्थीको मान्यता दिए पनि अधिकांश गैरकानुनी रूपमा बसेको अनुमान विभागको छ। राष्ट्रसंघीय शरणार्थी उच्चायोगले अध्यागमन विभागलाई दिएको पछिल्लो जानकारीअनुसार इथियोपियाका २, सोमालियाका ७, लाइवेरियाका ८ र नाइजेरियाका एकजना मात्र शरणार्थीको रूपमा नेपालमा बस्दै आएका छन्। अध्यागमनको रेकर्डअनुसार नेपालमा शरणार्थीको मान्यता पाएका यी १८ जनाबाहेक अन्य अफ्रिकी नागरिकहरू छैनन्। तर राजधानीमा सोमालिया घानालगायत अफ्रिकी मुलुकका नागरिकहरूको बसोवास बढ्दै गएको छ। राजधानीमा देखिने उनीहरूको बसोवास र अध्यागमनको रेकर्डले नेपालमा अफ्रिकी मूलका नागरिकहरूको गैरकानुनी बसोवास बढेको देखाएको छ।

नेपालमा सहरी शरणार्थीको रूपमा २ सय ३१ जना र 'असाइलम सिकर' (शरणार्थीको मान्यताका लागि दिएको आवेदनमाथि उच्चायोगले अनुसन्धान गरिरहेका) १ सय ३८ जनालाई शरणार्थी उच्चायोगले परिचयपत्र दिएको छ। उच्चायोगले परिचयपत्र दिएकामा आधाजसो अफ्रिकी मूलका नागरिक छन्। विज्ञहरू नेपालमा शरणार्थीको मान्यता पाउन अन्य मुलुकमा भन्दा सजिलो र तेस्रो देश स्थानान्तरण हुने आशाले अफ्रिकीहरू नेपाल आउने क्रम बढेको बताउँछन्। अफ्रिकी मुलुकका दर्जनौं नागरिकहरू सपरिवार राजधानीको विशेष गरेर लाजिम्पाट र लैनचौर क्षेत्रमा बसोवास गर्दै आएका छन्। यसरी बसेकाहरूमा केहीले राष्ट्रसंघीय शरणार्थी उच्चायोगको परिचयपत्र लिएर शरणार्थीको रूपमा बसेका छन् भने अधिकांश भिसाको म्याद सकिएर अनधिकृतरूपमा बसेका छन्। विशेष गरेर सोमालिया, नाइजेरिया र लाइवेरियाका नागरिकहरू नेपाल आउने क्रम बढ्न थालेको छ। उनीहरू नेपालमा कसरी प्रवेश गरे भन्नेबारे अध्यागमन विभाग समेत बेखबर छ। विभागका एक अधिकारी भन्छन्, 'केही भिसाको म्याद सकिएपछि पनि अनधिकृतरूपमा बसेका छन् भने केही भारत लगायतका नाकाबाट नेपालमा प्रवेश गरेको देखिएको छ।' गैरकानुनीरूपमा बस्दै आएका अफ्रिकीहरूको संख्या कति छ भन्ने यकिन तथ्यांक सरोकारवाला कुनै पनि निकायसँग छैन। राष्ट्रसंघीय शरणार्थी उच्चायोगले शरणार्थीको परिचय दिएको संख्या करिब चार सयको हाराहारीमा भएको बताए पनि अध्यागमनले भने गैरकानुनीरूपमा बसेको जानकारी आएको बताउँदै शंकास्पद ठाउँमा छापा मार्ने काम सुरु गरेको बताएको छ।

उच्चायोगले विभिन्न मुलुकबाट नेपाल प्रवेश गरेकाहरूलाई उनीहरूको अन्तर्वार्ताको आधारमा करिब ३ सय ७१ लाई सहरी शरणार्थीको मान्यता दिएको छ। तर नेपाल सरकारले भने तिब्बती र भुटानीबाहेक अन्य मूलका नागरिकलाई शरणार्थीको मान्यता नदिएको र नभएको बताएको छ। गृह मन्त्रालयअन्तर्गतको शरणार्थी मान्यतासम्बन्धी राष्ट्रिय समन्वय एकाइका अधिकृत शेषनारायण पौडेल भन्छन्, 'सरकारले शरणार्थीको मान्यता दिएपछि मात्र राष्ट्रसंघीय उच्चायोगले शरणार्थीसम्बन्धी अन्य प्रक्रिया अगाडि बढाउनु पर्नेमा सरकारसँग अनुमति नै नलिई शरणार्थीको परिचयपत्र बाँडेको छ।' शरणार्थी उच्चायोगले गरेको 'लिभिङ कस्ट सर्भे' अनुसार परिचयपत्र पाएका सहरी शरणार्थीहरूलाई मासिक दुईदेखि पाँच हजार रुपैयाँसम्म उपलब्ध गराउँदै आएको छ। परिवार र व्यक्तिको आधारमा यो रकम तयार गरिने उच्चायोग स्रोतले बतायो। उच्चायोगले शरणार्थी परिचयपत्र दिएपछि उनीहरूको सुरक्षा लगायतको अन्य प्रक्रियाको जिम्मेवारी समेत लिन्छ। अन्तर्वार्ताको आधारमा शरणार्थी भएको पुष्टि भएमा 'अर्वान केस लोड रिफ्युजी'को रूपमा मान्यता दिने गरेको उच्चायोगले बताएको छ। तर पौडेल भन्छन्, 'नेपाल सरकार शरणार्थीसम्बन्धी कुनै पनि अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र नभएकाले मानवीयताका कारण छोटो समयमात्र बसेकाहरूलाई 'ओभर स्टे कस्ट' तिरेर छोड्ने गरेका छौं, तर सहरी शरणार्थी भने छैनन्।' नेपालस्थित शरणार्थी उच्चायोगकी निनी गुरुङ भन्छिन्, 'नेपाल प्रवेश गरेर उनीहरूले आफूलाई शरणार्थीको मान्यताका लागि दिएको निवेदनको आधारमा उनीहरूसँगको प्रत्यक्ष अन्तर्वार्तावाट शरणार्थी पुष्टि भएमा हामीले सहरी शरणार्थीको मान्यता दिन्छौं।' उच्चायोग र सरकारबीचको सहरी शरणार्थीमा देखिएको विवादले भविष्यमा दीर्घकालीन असर पर्ने तर्क विज्ञहरूको छ।

अध्यागमन विभागले भने गैरकानुनीरूपमा बस्दै आएका अफ्रिकी लगायत अन्य मुलुकका नागरिकहरूको बारेमा अनुसन्धान गरेर केहीलाई देश फिर्ता गराएको बताएको छ। विभागका अध्यागमन अधिकृत जोशी भन्छन्, 'गैरकानुनीरूपमा बसेका कुनै पनि देशका नागरिकलाई हाम्रो अनुसन्धानको दायरामा ल्याएर देश फिर्ता गर्ने प्रक्रिया सुरु भएको छ।' विभागले गैरकानुनी रूपमा बस्दै आएका केहीलाई मुद्दा चलाएर जेल चलान समेत गरेको बताएको छ। उच्चायोगले शरणार्थीको मान्यता दिएका अफ्रिकी मुलुक लगायतका ५० जनालाई 'वर्क परमिट'को लागि अध्यागमन

विभागसँग निःशुल्क स्वीकृति मागेको थियो, तर विभागले भने यस्तो स्वीकृति दिन नमिल्ने बताउँदै प्रक्रिया पूरा गर्न उच्चायोगलाई फाइल फिर्ता गरेको छ ।

नेपालमार्फत तेस्रो देशमा स्थानान्तरणको लागि प्रक्रिया सहज हुने भएकाले शरणार्थीहरूको संख्या बढेको विज्ञहरू बताउँछन् । उता सरकारसँग शरणार्थीसम्बन्धी स्पष्ट नीति र ऐन/कानुन नभएकाले पनि शरणार्थीसम्बन्धी कतिपय मामलामा सरकार अस्पष्ट देखिएको छ । सरकारले मान्यता दिएपछि मात्र उच्चायोगले शरणार्थी घोषणा गर्नुपर्ने राष्ट्रसंघसँगको सम्झौतामा उल्लेख भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । पौडेल भन्छन्, 'आयोगले सरकारसँगको सहमति र समन्वयबाट मात्रै कुन देशका कस्ता नागरिकलाई शरणार्थी घोषणा गर्ने-नगर्ने निर्णय गर्नु पर्छ ।'

### भिसाको सजिलो बाटो

नाइजेरियालीहरूले नेपाल बस्ने सहज बाटो फुटबललाई लिएका छन् । खेलाडीका लागि खेलकुद परिषद्को सिफारिसमा अध्यागमन विभागले एक वर्षको 'नन टुरिस्ट भिसा' दिने गरेको छ । फुटबल खेलाडीको अन्तर्राष्ट्रिय सर्टिफिकेटविना नै विगतका वर्षहरूमा नाइजेरियालीहरूलाई नन टुरिस्ट भिसा उपलब्ध गराउँदै आएकाले नाइजेरियालीको संख्या ह्वात्तै बढेको थियो । यस वर्षदेखि नाइजेरियालीहरूलाई नेपालमा फुटबल खेल्नको लागि अन्तर्राष्ट्रिय सर्टिफिकेटलाई अनिवार्य गरे पनि अझै पनि त्यो प्रक्रिया पूरा नगरेका कयौं नाइजेरियाली खेलाडीहरू विभिन्न क्लबसँग आबद्ध छन् । अहिले दर्जनौं संख्यामा परिषद्को सिफारिसमा 'नन टुरिस्ट भिसा'मा नाइजेरियालगायत अफ्रिकी मूलका नागरिकहरू नेपालमा बस्दै आएका छन् । यस्तो भिसा एक वर्षसम्मको लागि दिइन्छ, तर परिषद्को सिफारिसमा प्रत्येक वर्ष भिसा नवीकरण गर्न सकिने प्रावधान छ ।

फुटबल खेलाडीको परिचयपत्र बोकेकाहरू राजधानीका विभिन्न अपराधमा पक्राउसमेत परेका छन् । राजधानीमा हुने लागूपदार्थको ओसारपसार र सेवनमा समेत अफ्रिकी नागरिकीहरूको संलग्नता भएको प्रहरीले बताएको छ । विभिन्न अपराधको आरोपमा महानगरीय अपराध अनुसन्धान महाशाखा हनुमानढोकामा एक दर्जन अफ्रिकी नागरिकहरू अझै हिरासतमा छन् । महाशाखाका प्रमुख एसपी केशव अधिकारी भन्छन्, 'लागूऔषधको कारोबारलगायतका अपराधका घटनामा नाइजेरियालगायतका अफ्रिकी मुलुकका नागरिकहरू संलग्न छन् ।' प्रहरीका अनुसार नेपालबाट तिब्बतसँग लागूऔषधको व्यापारमा अफ्रिकीहरू संलग्न हुने गरेका छन् । सरकारको फितलो नीतिका कारण विभिन्न आपराधिक गिरोहमा सक्रिय विदेशी नागरिकहरू समेत नेपालमा सजिलै वैधानिकरूपमा बस्न सक्छन् । खेलाडीको नाममा भिसा लिएकाहरू राजधानीको अपराधमा संलग्न भएको प्रहरीले बताएको छ । अधिकारी भन्छन्, 'खेलाडीको नाममा राजधानीका क्लबहरूमा आबद्ध भएकाहरू समेत अपराधमा सक्रिय देखिएका छन् ।' ■

## लक्ष्य स्थानान्तरण

सोमालियाको भोकमरीमा पिल्सिएका ६ जनाको समूह लाजिम्पाटमा भाडामा बस्दै आएको छ । नेपाल प्रवेश गरेर राष्ट्रसंघीय शरणार्थी उच्चायोगले समेत उनीहरूलाई शरणार्थीको मान्यता दिएको छ । मासिक रूपमा निश्चित रकम उच्चायोगले उपलब्ध गराउने भएकाले दैनिकी चलाउन यिनीहरूलाई खासै समस्या छैन । तर नेपालमा बस्नु उनीहरूको लक्ष्य होइन । त्यसै समूहका सोमालियाका क्रिस्टोफर आफ्नो देश द्वन्द्वमा फसेकोले शरणार्थी हुन बाध्य भएको बताउँदै भन्छन्, 'उच्चायोगले शरणार्थीको परिचयपत्र दिएको छ, अब अमेरिकामा स्थानान्तरणको प्रक्रिया सुरु गरेको छु । नेपालका लागि सजिलै भिसा पाउने र अन्य देश स्थानान्तरणका लागि पनि सजिलो हुने भएकाले नेपाल आएको हुँ ।' यी जस्तै दर्जनौं अफ्रिकी मूलका नागरिकहरू नेपालमा शरणार्थीको मान्यता पाउने आशाले आएका छन् । सरकारले तोकिएको समयावधिपछि भिसाको म्याद थप नगर्ने भएपछि भने अफ्रिकी मुलुकका दर्जनौं प्रशासनलाई छलेर लुकिछिपी राजधानीमा बस्दै आएका छन् ।





# बिग्रिन नदिऊँ

■ **ओमआस्था राई/धरान**

**हिले, धनकुटाका** ३८ वर्षीय बुद्ध दर्जीका दुवै मृगौला काम नलाग्ने भएका छन्। तीन वर्षअघि काम गर्न कतार गएको दुई महिनामै विरामी भएर घर फर्किएका दर्जी साताको दुईपटक डायलाइसिस गराउँछन्। १५ महिनादेखि डायलाइसिस गराउँदै आएका दर्जीले सुरुका ६ महिना साताको एकपटक मात्रै यो सेवा लिए। त्यसपछि साताको दुईपटक डायलाइसिस नगराई उनलाई धर छैन।

साताको दुईपटक डायलाइसिस गराउन कम्तीमा २५ हजार रुपैयाँ लाग्छ। डायलाइसिस उपचारकै लागि उनले विदेशमा कमाएको तीन लाख खर्च गरे। ३ रोपनी जग्गा बेचेको २ लाख पनि सिध्याए। 'मर्न मन छैन, अझै खर्च गर्ने हुती पनि छैन', दर्जी भन्छन्। डायलाइसिस गराउन एक दिन ढिलो हुनासाथ उनको शरीर सुन्निने, बान्ता हुने, जीउ चिलाउने, पिसाब रोकिने क्रम सुरु हुन्छ।

दर्जीले मृगौला फेर्ने आँट नगरेका हैनन्। आफन्तले सहयोगस्वरूप दिएको पैसा लिएर उनी भारत गएका थिए। तर, पैसा नपुगेर उनी हिस्रिक्क हुँदै घर फर्किनुपर्‍यो। 'विरामीले आफूलाई मृगौला दिने आफन्त लिएर जानुपर्दो रहेछ, नत्र लाखौं रुपैयाँ खर्चेर अर्काको मृगौला किन्नुपर्ने रहेछ', उनी भन्छन्, 'मसँग आफन्त थिएनन्, अर्काको मृगौला किन्ने पैसा पनि थिएन।' भारत जाँदा र त्यहाँ रहँदा २ लाख रुपैयाँ सकिएकोमा उनलाई थकथकी छ।

पथरी, मोरङका ३१ वर्षीय डम्बर राईमा पनि काम गर्न कतार गएको ९ महिना नबित्दै जीउ चिलाउने, चक्कर लाग्ने, बान्ता हुने समस्या आइलाग्यो। अस्पतालमा जचाउँदा उनको दुवै मृगौला खराब भएको देखियो। दुवै मृगौला काम नलाग्ने भएपछि उनी घर फर्किए।

दुवै मृगौलाले काम गर्न छाडेको देखिए पनि झट्ट हेर्दा स्वस्थ नै लाग्ने राई दुई महिनाअघि अचानक विरामी भए। उनलाई डायलाइसिस उपचार सुरु नगरी भएन। तर, हरेक साता डायलाइसिस गराउँदा लाग्ने १० देखि १५ हजार खर्च थेग्ने हैसियत उनमा छैन। उनको मृगौला फेर्न करिब ३ लाख चन्दा संकलन भइसकेको छ। तर, उनलाई त्यो भन्दा साताको दुईचोटि डायलाइसिस गर्ने खर्च जुटाउने चिन्ता बढी छ।

पूर्वाञ्चलमा डायलाइसिस गराउने सुविधा धरानको विपी प्रतिष्ठानमा मात्र छ। यसैले उनले धरानमै डेरा लिएरका छन्। तर, प्रतिष्ठानको डायलाइसिस सेवा पनि अपर्याप्त रहेकाले उनले भनेको बेलामा उपचार पाउँदैनन्। चैत २६ गते आफ्नै डेरामा भेटिएका उनको अनुहार, हातखुट्टा सुन्निएको देखिन्थ्यो। 'कहिलेकाहीँ डायलाइसिस गराउन ढिलो हुँदा यसरी नै जीउ सुन्निएर आउँछ', उनी भन्छन्। २०५६ सालमा काठमाडौंबाहिर पहिलोपटक डायलाइसिस सेवा थालेको विपी प्रतिष्ठानको मेडिसिन विभागले सुरु-सुरुमा महिनामा १० देखि १५ जनासम्म मृगौला रोगीको उपचार गर्नुपर्थ्यो। विस्तारै पूर्वाञ्चलभरिकै मृगौला रोगी यहीँ आउन थाले। अहिले महिनामा करिब ३ सयजनालाई डायलाइसिस गरिन्छ।

प्रतिष्ठानले यो सेवा सुरु गर्दा दुईवटा डायलाइसिस मेसिनको व्यवस्था गरेको थियो। पछि बेलायतको रोयल लन्डन हस्पिटलबाट ११ वटा डायलाइसिस मेसिन सहयोगस्वरूप प्राप्त भयो। तर, तीमध्ये ४ वटामात्रै अहिले सञ्चालनमा छन्। केही बिग्रिएर मर्मत हुन सकेका छैनन्। केही रगत सफा गर्ने प्रशोधित पानी नपुग्ने भएकाले त्यसै थन्किएका छन्। प्रतिष्ठानमा यस्तो प्रशोधित पानी राख्ने ट्यांकीको क्षमता ७ सय ५० लिटरमात्रै छ।

डायलाइसिस मेसिन पर्याप्त रहे पनि सबै नचल्ने, चल्ने जतिलाई प्रयोग गर्न पनि नसकिने भएकाले मृगौला रोगीको पालो मिलाउनै मुस्किल रहेको नर्सिङ इन्चार्ज बेङ्मु शेर्पा बताउँछिन्। 'कतिलाई त रोगले नच्याप्दासम्म डायलाइसिस गराउने समय मिलाउनै सक्दैनौं', शेर्पा भन्छिन्। प्रतिष्ठानले डायलाइसिस सेवा सुरु गर्दादेखि नै यसको नर्सिङ इन्चार्ज रहँदै आएकी शेर्पाले उपचार गर्ने पैसा पुर्‍याउन नसक्ने थुप्रै मृगौला रोगीको छटपटी देखेकी छन्। 'कतिले घरखेत, वस्तुभाउ सबै बेच्छन्, कति एकचोटि डायलाइसिस गराएर अर्कोचोटि आउनै सक्दैनन्', उनी भन्छिन्।

हुन पनि मृगौला बिग्रिएपछि सुरु हुने आर्थिक क्षतिको शृंखला कम अत्यासलाग्दो छैन। नेपालमा प्रत्यारोपण सेवा सुरु नभइसकेको अवस्थामा भारतमा गएर लाखौं रुपैयाँ खर्चेर मृगौला फेर्नु सामान्य नागरिकको हैसियतभन्दा बाहिरको कुरा हो। मृगौला नफेरिएसम्मको अस्थायी उपचार डायलाइसिस पनि निकै खर्चिलो छ। अर्कोतिर डायलाइसिस सेवा प्रत्येक सहरमा सुलभ भइसकेको छैन। त्यसैले घरभन्दा टाढा गएर डायलाइसिस गराउनु आर्थिकमात्र नभई व्यवहारिक रुपमा पनि निकै बोझिलो छ।

दुवै मृगौला खराब भइसकेपछि त्यसलाई फेर्नुपर्छ वा जीवनभर डायलाइसिस गराउनुपर्छ। मृगौला प्रत्यारोपण वा डायलाइसिस गराउन नसक्ने गरिब विरामीसँग लाचार हुँदै काल पर्खिनुबाहेक अन्य कुनै उपाय हुँदैन। यसकारण मृगौलामा आउन सक्ने खराबीको रोकथाम नै राम्रो उपाय हुनसक्छ।

मृगौला फेर्न, लामो समयसम्म डायलाइसिस गराउन मुस्किल रहेकाले त्यसलाई बिग्रिनै दिन नहुने आग्रहसहित विपी प्रतिष्ठानका केही स्वास्थ्यकर्मीले धरानमा घरदैलो कार्यक्रम सञ्चालन गर्दै आएका छन्। उनीहरू हरेक शनिवार पालो मिलाएर धरानका विभिन्न वडामा जान्छन् र वडावासीको रगत, पिसाब निःशुल्क परीक्षण गर्छन्।

डा. सञ्जीव शर्माको नेतृत्वमा सञ्चालित घरदैलो कार्यक्रमलाई रोट्र्याक्ट क्लब अफ घोपा, धरानले सघाउँदै आएको छ। सुरुमा मृगौला रोगसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले ऱ्याली निकाल्ने, पोस्टर, पम्प्लेट छपाएर वितरण गर्ने काममात्रै हुन्थ्यो। अहिले उनीहरू घरदैलोमा गएर मृगौलासँगै रक्तचाप, मधुमेहको जाँचमात्रै गर्दैनन्, कसैलाई कुनै समस्या देखिए उसलाई प्रभावकारी उपचारको सल्लाह पनि दिन्छन्॥

नेपालमा कति मृगौला रोगी छन् भन्ने यकिन तथ्यांक छैन। काठमाडौंबाहिर कार्यरत नेपालका एकमात्र मृगौला रोग विशेषज्ञ डा. सञ्जीव शर्माका अनुसार २० वर्षमाथिका करिब १० प्रतिशत मानिसमा मृगौलासम्बन्धी खराबी देखिएको छ। तर, मृगौला बिग्रिएका मानिसमध्ये करिब ५ प्रतिशतले मात्रै डायलाइसिस सेवा लिन वा मृगौला प्रत्यारोपण गर्न सक्छन्। यसैले दुवै मृगौला काम नलाग्ने हुनुअघि नै नियमित स्वास्थ्य परीक्षण गराउनु आवश्यक रहेको डा. शर्मा बताउँछन्। ■

वरिष्ठ चिकित्सक सिंह र जिशिअ जोशीको रिहाइको माग गर्दै मंगलवार पेसाकर्मीहरूद्वारा राजविराजमा गरिएको प्रदर्शन ।



**तराईमा सशस्त्र संघर्ष गर्दै आएका दुई जनतान्त्रिक तराई मुक्तिमोर्चा, मधेसी मुक्ति टाइगर्ससँगै भारतीय आपराधिक गिरोहले समेत अपहरण, फिरौती, हत्या, लुटपाट जस्ता गतिविधिमा तीव्रता दिएका छन् ।**

# बढ्दो अराजकता

■ **श्यामसुन्दर यादव/राजविराज** (तस्वीर पनि)

**सिंगो मुलुक** संविधानसभातिर उन्मुख भइरहेकै बेला मधेसमा हत्या, हिंसा, अपहरण, फिरौती, लुटपाटजस्ता आपराधिक क्रियाकलापले सीमा नाघेको छ । माओवादीको सशस्त्र जनयुद्धको समाप्तिपछि शान्तिपूर्वक सास फेर्न पाउने आशा गरेका तराईका जनता आतंकको छायाँमा त्रासदीपूर्ण जीवन बाँच्न बाध्य भएका छन् ।

बिहान घरबाट निस्कने व्यक्ति साँझ घर फर्किन्छ भन्ने कुनै ठेगान हुँदैन । आफ्नै घरमा शान्तिपूर्वक बस्न पाउने अवस्था नभएका कारण मनभरि त्रास बोकेर बाँच्नु पर्ने यथार्थ नै बन्न पुगेको छ, तराईवासीको । तराईमा सशस्त्र संघर्ष गर्दै आएका दुई जनतान्त्रिक तराई मुक्तिमोर्चा, मधेसी मुक्ति टाइगर्ससँगै भारतीय आपराधिक गिरोहले समेत अपहरण, फिरौती, हत्या, लुटपाट जस्ता गतिविधिमा तीव्रता दिएका छन् ।

दिउँसै सप्तरीको सदरमुकाम राजविराजबाट मान्छेलाई अपहरण गरेर लागिन्छ, फिरौतीको ठूलो रकम माग गरिन्छ । मागेजति फिरौती न दिएमा यातना त दिइन्छ, उनीहरू ज्यान समेत लिन पछि पर्दैनन् । मधेस आन्दोलनपछि जनतान्त्रिक, मधेसी मुक्ति टाइगर्सकै नामबाट भारतीय आपराधिक गिरोहले अपहरण गरी धान्नै नसक्ने फिरौती माग गर्ने पेसा निकै फस्टाएका छन् ।

पछिल्लो घटनाक्रमअनुसार चैत २० गते साँझ ७ बजेतिर वरिष्ठ चिकित्सक डा. मुरलीप्रसाद सिंह क्लिनिकबाट राजविराज-९ स्थित घरतर्फ जाँदै थिए । घरनजिकै तेतरी गाछीचोक छेउमा रहेका अज्ञात व्यक्तिहरूले डा. सिंह चढेको मारुतीका साथ उनलाई अपहरण गरेर अज्ञातस्थलतर्फ लगे । डा. सिंहलाई अज्ञात व्यक्तिहरूले अपहरण गरेको थाहा पाएपछि जनपद र सशस्त्र प्रहरीको टोलीले खोजी गर्दै जाँदा मारुती भ्यान सप्तरीको दिधवा गाविसस्थित खाँडो खोलामा फेला परेको थियो । उच्च रक्तचाप र मधुमेह रोगबाट पीडित डा. सिंहको अवस्था हालसम्म अज्ञात नै रहेको उनकी पत्नी दिनासिंहले बताइन् । 'डा. साबसँग कसैको व्यक्तिगत रिसइवी, झै-झगडा थिएन', उनले रुँदै भनिन्, 'मेरा पतिको जीवनरक्षासहित सकुशल रिहाइका लागि मानवअधिकारकर्मी, सञ्चारकर्मी एवं नागरिक समाजसँग बिन्ती गर्छु ।'

डा. सिंहलाई जनतान्त्रिकले अपहरण गरिएको आशंका गरिए पनि उनको अपहरणमा भारत विहारको आपराधिक गिरोहको संलग्नता रहेको रहस्य खुलेको छ । आधुनिक हातहतियारले सु-सज्जित विहारको ठूलो आपराधिक समूहको रूपमा ख्यातिप्राप्त उक्त समूहले एक करोड (भारु) माग गरेको बताइन्छ । जब कि डा. सिंहले घरजग्गा समेत बेचेर पनि उक्त परिमाणको रकम जम्मा गर्न सक्ने हैसियत छैन । डा. सिंहको घरमा यति बेला रुवावासी छाएको छ । उनको रिहाइका लागि विभिन्न क्षेत्रबाट प्रयास भइरहेको बताए पनि हालसम्म भरपर्दो जानकारी भने आउन सकेको छैन ।

वरिष्ठ चिकित्सक डा. मुरलीप्रसाद सिंहको राजविराज नगरपालिकाबाटै अपहरण भएपछि स्थानीय प्रशासनलाई चुनौती भएको छ । सर्च अभियानमा खटेका सुरक्षाकर्मीले जयकृष्ण गोइतले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्तिमोर्चाका जिल्ला सैन्य कमान्डरसहित दुईजनालाई चैत्र २० गते राति पक्राउ गरेका छन् । सप्तरीको पोर्ताहा गाविसबाट सुरक्षाकर्मीद्वारा पक्राउ गरिएका जनतान्त्रिकका जिल्ला सैन्य कमान्डर कुन्दन भनिने जयप्रकाश यादव र कार्यकर्ता दिनकर भनिने उमेशकुमार राम रहेका छन् ।

वरिष्ठ चिकित्सक डा. सिंहको अपहरणको तीन दिन पनि बित्न नपाउँदै चैत्र २३ गते शुक्रवार बिहान करिब ३ बजे सुतिरहेको अवस्थामा सप्तरीका जिल्ला शिक्षा अधिकारी नीभराज जोशीको अपहरण भएको छ । जयकृष्ण गोइतले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताहरूले कार्यालयमै तेस्रो तलाबाट अपहरण गरी अज्ञात बनाएका छन् । शिक्षा कार्यालयमा सम्पूर्ण ढोका बन्द रहेको अवस्थामा मोर्चाका कार्यकर्ताहरू कसरी भित्र पसे भन्ने कुराको रहस्य अहिलेसम्म खुल्न सकेको छैन । भान्से नन्दी चौधरी जिशिअ जोशी बसेका कोठानजिकै र कार्यालयको मूलगेटमा चालक गुलाब मेहता सुतेका थिए । करिब ३ बजेको समयमा कार्यालयपरिसरमा रहेका चारजना हतियारधारीले भान्से चौधरीलाई गेट खोल्न लगाउँदै चालक मेहताको मोवाइल समेत खोसेर लगे । उनीहरू कसरी भित्र पसे भन्ने कुराप्रति अनभिज्ञता व्यक्त गर्दै चालक गुलाब भन्छन्, 'कार्यालयकै समयमा उनीहरू भित्र पसेर चौथो तलामा लुकेको हुनसक्छ किनभने जिशिअको कोठासम्म पुग्न तीनवटा ढोका पार गर्नुपर्ने हुन्छ ।' प्रहरीले दुवैजनासँग सो सम्बन्धमा बयान लिएका छन् ।

बनेपा नगरपालिका घर भएका जिशिअ जोशीको परिवारजन काठमाडौंको बागबजारमा बस्दै आएका

## ‘कोइराला र प्रचण्डको निरंकुशता स्वीकार्य छैन’

■ उपेन्द्र यादव

**गौर** नरसंहारपछि भूमिगत स्थितिमा रहेका मधेसी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले *समय*सँगको संक्षिप्त कुराकानीमा अन्तरिम सरकार बनिसकेको अवस्थामा पनि माओवादी अध्यक्ष प्रचण्डले मधेसमा आन्दोलन जारी रहेको बताएर समस्या चर्काएको बताएका छन्। यादव भन्छन्, ‘यो घोर आपत्तिजनक कुरा हो, सरकारमा गएपछि पनि आन्दोलनको कुरा गर्न मिल्दैन।’

यादवले आफूहरू राजाको निरंकुशता विरोधमा उत्रिएको दाबी गर्दै कुनै पनि किसिमको निरंकुशता सहन नगर्ने बताए। यादवले भने, ‘मधेसमा युद्ध जारी छ भनेर प्रचण्डले प्रजातन्त्र खत्तम गर्ने षड्यन्त्र गर्दै छन्। कोइराला र प्रचण्डको निरंकुशता स्वीकार्य छैन।’

गौर घटनाको संयुक्त राष्ट्रसंघीय अनुसन्धान टोली गठनको माग गर्दै आएको फोरमले आफ्ना तर्फबाट सर्वोच्चका पूर्व न्यायाधीश बलरामसिंह कुँवरको संयोजकत्वमा तीनसदस्यीय कमिटी बनाएको छ।


जिशिअ जोशी


चिकित्सक डा. मुरलीप्रसाद सिंह पत्नी दिना सिंहको साथमा

छन्। जिशिअ जोशीको अपहरण हुनुभन्दा दुई दिनअघि मात्र जनतान्त्रिकका कार्यकर्ताहरूले रकम माग गरेको पारिवारिक स्रोतबाट जानकारी प्राप्त भएको छ। शिक्षक सरुवाबढुवा गरी रकम भ्रष्टाचार गरेको तथा पार्टीले सहयोग माग्दा बेवास्ता गरेकाले आफूहरूले जिशिअ जोशीलाई अपहरण गरेको जनतान्त्रिकका जिल्ला संयोजक श्यामले बताएका छन्। एसएलसी परीक्षा सञ्चालन भइरहेकै बेला भएको जिशिअको अपहरण विभिन्न पेसागत संगठन एवं मानवअधिकारकर्मीहरूले उक्त कार्यको भर्त्सना गरेका छन्। उनको रिहाइअघि ५० लाख रुपैयाँ फिरौती माग गरिएको स्रोतले जनाएको छ।

यसैगरी बन्दको अवज्ञा गरी सवारीसाधन चलाएको आरोपमा जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले चैत्र २६ गते साँझ ६ बजेको समयमा सप्तरीको भारदहस्थित कंकालिनी मन्दिर नजिकबाट मोटरसाइकलसहित दुईजनालाई अपहरण गरेका छन्। महेन्द्र राजमार्ग हुँदै पश्चिमतर्फ गइरहेको को २ प ७४८० नम्बरको मोटरसाइकलसहित मोरङ सलकपुर निवासी युवराज न्यौपाने र इन्द्रपुर-९ का काकु थापालाई सप्तरी एरिया नं. १ का इन्चार्ज सैतान सिंहको नेतृत्वमा रहेको समूहले अपहरण गरेका छन्। उनीहरूको रिहाइका लागि तीन लाख रुपैयाँ फिरौती माग गरिएको पारिवारिक स्रोतले जनाएको छ।

अवैध रूपमा काठ तस्करी गरेको आरोपमा ज्वाला सिंहले नेतृत्व गरेको जनतान्त्रिकका कार्यकर्ताहरूले चैत २२ गते राति सप्तरी र उदयपुर सीमामा पर्ने भागलपुरबाट विराटनगर-१ का हरि कार्की, वडा नं ११ का गणेश बस्नेत, सुनसरी जिल्ला मानपुर-१ का मीन कार्की र झुम्का-५ का मोहन अधिकारीलाई अपहरण गरेका छन्। ज्वाला सिंहकै कार्यकर्ताहरूले सप्तरीको ब्रह्मपुर माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद शरणलाई विद्यालयमा रकम भ्रष्टाचार गरेको आरोपका चैत्र १० गते साँझ ५ बजेको समयमा घरबाटै लगेका थिए। उनको रिहाइका लागि पाँच लाख रुपैयाँ फिरौती माग गर्दै आएपछि प्रहरीद्वारा गरिएको सर्च अभियानका क्रममा ८ दिनपछि मुक्त भएका छन्। चैत्र ८ गते सुनसरीको इनरुवा-८ स्थित जनता माविका शिक्षक गणेश मेहतालाई सुराकी गरेकै आरोपमा ज्वाला सिंहकै कार्यकर्ताहरूले अपहरण गरेका छन्। यस्तै सप्तरीको हनुमाननगर बजारका व्यापारी सीताराम साह गत चैत्र ५ गते अज्ञात व्यक्तिहरूको अपहरणमा परी तीन लाख रुपैयाँ फिरौती तिरेर १७ दिनपछि मुक्त भएका छन्। यस्तै चार महिनाअघि ज्वालासिंहका कार्यकर्ताद्वारा अपहृत राजविराज जेलगार्ड निवासी राजकुमार तामाङको अवस्था अझै पनि अज्ञात रहेको छ।

ज्वाला सिंहका कार्यकर्ताहरूले सप्तरीको छिन्नमस्ता गाविसमा रहेको शंकर प्याकुरेल, विनोद प्याकुरेल, किरण प्याकुरेल, लक्ष्मणप्रसाद बर्मा, गणेशकुमार प्याकुरेल, तीर्थप्रसाद शर्मा, जयप्रसाद उपाध्याय तथा नर्हो गाविसका रमादेवी प्याकुरेल, रामप्रसाद प्याकुरेल, र श्यामप्रसाद प्याकुरेलको जग्गा फागुन १ गते र चैत्र ११ गते औरहीस्थित दमनविक्रम राणाको ५४ बिघा जग्गा कब्जा गरी बेचबिखनमा रोक लगाएका छन्। यस्तै जयकृष्ण गोइतले नेतृत्व गरेका जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताहरूले चैत्र १९ गते राति एकैसाथ राजविराजस्थित जिल्ला वन कार्यालय र कञ्चनपुर-६ का नारायण लुइँटेलको घरमा बम विस्फोट गराएका छन्।

यस्तै अपहरण फिरौतीको सूचीमा पर्नेहरूको संख्यामा भन्डै ३ दर्जनको हाराहारीमा रहेको इन्सेक सप्तरी प्रतिनिधि प्रकाश खतिवडा बताउँछन्। उनका अनुसार हत्या, लुटपाट एवं जबरजस्ती चन्दाले सीमा नाघेको छ। ‘मुलुकमा लोकतन्त्र आए भए पनि तराईवासीले अझै त्रासदीपूर्ण जीउनु परेको छ’, मानवअधिकारकर्मी खतिवडा भन्छन्, ‘सशस्त्र संघर्षरत शक्तिहरूलाई समेत वार्तामा ल्याई समस्या समाधान गर्नुपर्नेमा सरकारले बेवास्ता गरेकै कारण सर्वसाधारण जनताले सास्ती व्यहोर्नु परेको छ।

यता वरिष्ठ चिकित्सक डा. सिंह र जिशिअ जोशीको सकुशल रिहाइको माग गर्दै पेसाकर्मीहरू आन्दोलनमा उत्रिएका छन्। नेपाल चिकित्सक संघ, अफिसर्स क्लब, नेपाल निजामती कर्मचारी संगठन, कर्मचारी युनियन, नर्सिङ संघ, स्वास्थ्यकर्मी संघ जिल्ला शिक्षा कार्यालय, सगरमाथा अञ्चल अस्पताल कर्मचारी, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ, डिप्लोमा इन्जिनियरिङ एसोसिएसन, नगरपालिका कर्मचारी संघ, प्याब्सन, स्वास्थ्य प्राविधिक संघ, जिल्ला विकास कर्मचारी संघले मंगलवार व्यापक जुलुससहित प्रमुख जिल्ला अधिकारी शम्भु कोइरालामार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्। उनीहरूको रिहाइका लागि पहल नभएमा सम्पूर्ण पेसाकर्मी राष्ट्रसेवकहरू सशक्त आन्दोलनमा उत्रने विज्ञप्तिमार्फत सरकारलाई चेतावनी दिएका छन्। वरिष्ठ चिकित्सक सिंहको रिहाइको माग गर्दै राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा विगत एक सातादेखि आकस्मिक बाहेकका सेवाहरू बन्द गरी विरोध जनाउँदै आएका छन्। यसरी जनतान्त्रिकको नाममा हाल भइरहेको आपराधिक गतिविधिविरुद्ध संगठित भई जनता सडकमा उत्रने तयारीमा जुटेको बताइएको छ।

सप्तरीमा चुलिँदै गएको दण्डहीनताको घटनाप्रति आफूहरू गम्भीर रहेको प्रमुख जिल्ला अधिकारी कोइराला दाबी गर्छन्। आपराधिक गतिविधि नियन्त्रण गर्न व्यापक रूपमा सुरक्षा स्थिति तीव्र पारिएको प्रजिअ कोइराला बताउँछन्। आपराधिक घटनाहरूप्रति स्थानीय राजनीतिक दलहरू गम्भीर नभएको नागरिक समाजको आरोप रहेको छ। दण्डहीनतालाई नियन्त्रण गर्न राज्यपक्षले सशक्त संघर्षरत शक्तिहरूलाई वार्तामा ल्याई जनताको जीउज्यानको सुरक्षाको ग्यारेन्टी लिनुपर्ने नेपाल सद्भावना पार्टी (आनन्दी देवी)का केन्द्रीय सदस्य महेशकुमार यादवको कथन रहेको छ। उनी भन्छन्, ‘यदि समयमै तराईमा देखिएको समस्यालाई समाधान गरिएन भने सिंगो तराई हत्या र हिंसाको कुरुक्षेत्र मैदान बन्न बेर लाग्दैन।’ ■

# रणनीतिको अभाव

**आफैं मुद्दा उठाउने, आफैं छलफल गर्ने र आफैं झगडा गर्ने आठ राजनीतिक दलले तयार गरेको साझा सहमतिमा संघीय शासनलगायतका जटिल विषयलाई कसरी सम्बोधन गर्ने भन्ने रणनीतिको अभाव छ ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**चैत २७ गते** अन्तरिम व्यवस्थापिका संसद्मा शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेलले अन्तरिम सरकारको साझा सहमतिका न्यूनतम कार्यक्रम पेस गरे । आठ राजनीतिक दलका शीर्षस्थ नेताहरूले हस्ताक्षर गरेको साझा कार्यक्रमको प्रस्तावनामा '...आठ राजनीतिक दलहरूको सहकार्य र एकतालाई अक्षुण्ण तुल्याउँदै अन्तरिम सरकारलाई जनताका चाहना, माग र भावना एवं राष्ट्रिय आवश्यकताअनुरूप सहमतिका साथ प्रभावकारी रूपमा संचालन गर्न यो साझा सहमतिको न्यूनतम कार्यक्रममा सहमत भई अगाडि बढ्न तयार भएका छौं' भनिएको छ ।

सरल भाषामा बुझ्ने हो भने नेताहरूको हस्ताक्षरयुक्त दस्तावेजको भावनाअनुसार अन्तरिम सरकार सञ्चालन हुनेछ । सरकारका न्यूनतम कार्यक्रमको प्रमुख उद्देश्य जेठमा संविधानसभाको निर्वाचन गराउनेमा केन्द्रित छ । न्यूनतम कार्यक्रम अहिलेको स्वरूपमा आउनुअघि खास गरेर चार राजनीतिक दल, नेपाली कांग्रेस, एमाले, माओवादी र नेपाली कांग्रेस (प्रजातान्त्रिक)का प्रतिनिधिहरूबीच लामो समयको छलफल र बहस भएकाले यो दस्तावेजलाई सरकारको घोषणापत्र भन्न सकिन्छ । अन्तरिम सरकार यही मार्गनिर्देशनअनुसार चल्ला वा दल राजनीतिको छायाँमा चल्ने त्यो प्रश्न आफ्नै ठाउँमा छ । तर मुलुकको आवश्यकता राजनीतिक दलहरूले परिकल्पना गरेको न्यूनतम कार्यक्रमभन्दा निकै बढी भएको र त्यस मामलामा राजनीतिक दलहरू पुग्न नसकेको राजनीतिशास्त्रीहरू बताउँछन् । राजनीतिशास्त्रीहरू मुलुकले सहमति र सहकार्यको राजनीति माग गरेकाले संविधानसभाको निर्वाचनपछिसम्म पनि कायम हुने साझा नीति र कार्यक्रम बनाएर अगाडि बढ्न सुझाउँछन् ।

नयाँ नेपालको राजनीतिक प्रणाली, आर्थिक प्रणाली, कूटनीतिक सम्बन्ध, राज्यको पुनर्संचना, समावेशीकरण जस्ता मुद्दाहरूमा राजनीतिक दलहरूको स्पष्ट साझा मुद्दा बन्नुपर्ने मान्यता राजनीतिशास्त्रका प्राध्यापक डा. लोकराज बरालको छ । बराल भन्छन्, 'अहिलेको राजनीतिक स्थितिमा कसैले पनि म एक्लैले शासन गर्छु भनेर सोच्ने स्थिति छैन । त्यसैले मुलुकको राजनीतिक, आर्थिक र सामाजिक कार्यक्रम एउटै हुनुपर्छ । त्यसैगरी रणनीतिहरू बनाउन आवश्यक छ ।' बराल थप्छन्, 'शान्ति सुरक्षा पहिलो कर्तव्य हो, चुनावको घोषणा मात्र गरेर हुँदैन ।' शिक्षा क्षेत्र भत्किएको स्थितिमा रहेकाले विशेष कार्यक्रम ल्याउनुपर्ने, विकासका योजना अघि सार्नुपर्ने, अहिले मुखरित भएका मधेस र जनजातिका मुद्दाको उचित व्यवस्थापन गर्ने योजना हुनपर्नेमा जोड दिन्छन् ।

विज्ञहरू आठ राजनीतिक दलहरू आपसमा छलफल गर्ने, आफैंमा झगडा र विवाद गर्ने स्थितिबाट गुज्रिएको, संघीय शासन जस्ता गहन विषयहरूलाई राजनीतिक नारा मात्र बनाएकोमा सन्तुष्ट देखिँदैनन् । बराल भन्छन्, 'संघीय शासन भनेका छन्, कुनै गृहकार्य छैन, अरू देशको नक्कल गरेर मात्र हुँदैन, आठ दल न कसैसँग सल्लाह माग्न जरुरी ठान्छन्, न अरूले भनेका कुरा सुन्न चाहन्छन्, आफैं निर्णय गर्छन्, आफैं विवाद गर्न पछि पर्दैनन् ।'

राजनीतिशास्त्रका प्राज्ञ कृष्ण पोखरेल मिश्रित निर्वाचनप्रणाली अपनाएपछि कुनै राजनीतिक दलको बहुमत नआउने संकेत देखिएको चित्रण गर्दै भन्छन्, 'नेपाल परम्परागत संसदीय मान्यताको राजनीतिक बाटो छोडेर सहमतिको बाटोमा हिँड्दै छ, तर बेग्लै बाटोमा हिँड्ने संस्कार विकसित भएको छैन ।' आठ राजनीतिक दलहरूबीच अहिलेसम्म भएका सहमति, सम्झौता र सहकार्यलाई परिस्थितिको बाध्यताको परिणाम मान्ने पोखरेल भन्छन्, 'अब सहमतिको संस्कारमा नगई हुँदैन ।' संविधानसभाको निर्वाचनपछिको राजनीति अवस्थाबारे राजनीतिक दलहरूले सोच्न नसकेको पोखरेल बताउँछन् । उनको सुझाव छ, 'संविधानसभा मात्र होइन, त्यसपछिका १-२ वटा निर्वाचनमा पनि सहकार्य आवश्यक छ, मुलुकलाई साँच्चिकै रूपान्तरण गर्न ।'

अहिलेका राजनीतिक दल र पात्र तथा संविधानसभा पछि निर्वाचित भएर आउने राजनीतिक दल र पात्रहरूमा उल्लेख्य भिन्नता आउने अवस्था नरहेकाले राजनीतिक दलले प्रमुख मुद्दाहरूमा साझा अवधारणा बनाउनुपर्ने उनको धारणा छ । पोखरेल, दलहरूले नेपालको आर्थिक विकासको सम्भावना देखिएका जलस्रोत विकास र पर्यटनका क्षेत्रमा साझा कार्यक्रम बनाउनुपर्ने बताउँछन् । त्यस्तै अहिलेको विश्व परिस्थितिलाई ध्यानमा राखेर आर्थिक, सामाजिक क्षेत्रमा राज्यको



**आठ दलवीच परिस्थितिजन्य बाध्यताले राजनीतिक दर्शन र मान्यतामा व्यापक भिन्नता हुँदाहुँदै पनि सहमति र सहकार्यले आकार लिँदै छ ।**

भूमिका परिभाषित गर्नुपर्ने सुझाव दिन्छन्। उनी भन्छन्, 'उदारवादका कतिपय कमजोरीहरू देखिइसकेका छन्, नेपाल जस्तो देशमा राज्यको भूमिकाको औचित्य पनि छ।'

सरकारको नीति तथा कार्यक्रमले अन्तिम रूप लिनुअघि राजनीतिक दलहरूमा भोट तान्ने किसिमका नारा समावेश गर्नुपर्छ भन्ने माग नआएको होइन। माओवादीले अहिलेसम्म भएका सन्धि सम्झौताको पुनरावलोकन गर्नुपर्ने र एमालेले बेरोजगार भत्ताको व्यवस्था गर्नु पर्ने प्रस्ताव अघि सारेको छलफलमा सहभागी एक सदस्य बताउँछन्। तर, न्यूनतम कार्यक्रमले अन्तिम रूप लिँदा त्यस्ता कतिपय चुनावी मुद्दा समावेश हुन सकेनन्। तर, विज्ञहरू आर्थिक मामलामा माओवादी अपेक्षाकृत लचिलो भएको विश्लेषण गर्दै सहकार्यका सम्भावना बढेको विश्लेषण गर्छन्। न्यूनतम कार्यक्रममा उल्लेख छ, 'राष्ट्रियहितमा औद्योगीकरण र विकासका लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरिने एव विदेशी सहयोग र अनुदान प्राथमिकताका क्षेत्रमा प्रवाहित गरिनेछ।' माओवादीहरू विदेशी लगानीको नीतिमा स्पष्टताका साथ प्रस्तुत भएको न्यूनतम कार्यक्रम निर्मातामध्येका डा. प्रकाशशरण महतको अनुभव छ। महत भन्छन्, 'यो ठूलो रूपान्तरण हो।' पोखरेलले अहिलेको विश्वपरिस्थिति र नेपालको आवश्यकताअनुसार विदेशी सहयोग लिनुपर्ने विचार व्यक्त गर्छन्। माओवादीमा देखिएको लचकता सहकार्यका लागि महत्त्वपूर्ण हुने उनको धारणा छ।

राजनीतिविद् नीलाम्बर आचार्य, आठ दलको राजनीतिक मुद्दाको पहिलो प्राथमिकतामा शान्ति सुरक्षा र त्रासमुक्त वातावरण हुनुपर्ने राय व्यक्त गर्छन्। आठ राजनीतिक दलहरू अन्तरिम सरकारमा सहभागी भएको स्थितिमा पनि मुलुकको राजनीतिक प्रणालीका बारेमा एकरूपता कायम हुन नसकेको, समावेशीको कुरा नारामा उछालिएको र संघीय संरचनाको खाका नै नबनेको स्थिति छ। आचार्य भन्छन्, 'राजनीतिक प्रणालीमा मतैक्य र एकरूपता छैन, पहिले राजनीतिक प्रणाली कस्तो हुने भनेर एक ठाउँमा आउनुपर्‍यो, राजनीतिक प्रणालीमा कस्तो हुने सहमति हुनुपर्‍यो।'

सरकारका न्यूनतम कार्यक्रममा विभिन्न माग राखेर आन्दोलनमा उत्रिएका पक्षहरूका बारेमा उल्लेख नभएको आचार्य बताउँछन्। उनी भन्छन्, 'आन्दोलनरत पक्ष दलित, जनजाति, मधेसमा उठिरहेको आन्दोलनका आवाजहरू तत्काल सुनेर समाधान गरिनुपर्छ।'

आठ राजनीतिक दलमा आफूहरू बाहेकका राजनीतिक शक्ति र व्यक्तिलाई निषेध गर्ने मानसिकता पनि छ। यस मामलामा माओवादी सबैभन्दा अगाडि छ। आचार्य संक्रमणकालीन अवस्थामा पुरानो व्यवस्थाका अवशेष र शक्तिसँग कसरी व्यवहार गर्ने र तिनलाई कसरी रूपान्तरण गर्ने भन्ने प्रश्नमा राजनीतिक दल गम्भीरतासाथ लाग्नुपर्ने विचार व्यक्त गर्छन्। आचार्य भन्छन्, 'दण्डहीनता समाप्त हुनुपर्छ, सबैमा राजनीतिक रूपान्तरण पनि आवश्यक छ। राजनीतिक दलहरूले हिजोका नकारात्मक बानी त्याग्नु पर्‍यो, माओवादीले विगतका बानी व्यहोरा त्यागेर अघि बढ्नुपर्‍यो, राजावादीले समयानुसार रूपान्तरण हुनुपर्‍यो।'


सरकारको न्यूनतम कार्यक्रममा मधेसमा उल्झिरहेको असन्तोष र सशस्त्र आन्दोलनलाई सम्बोधन गरिएको छैन, राजनीतिक दलहरूबीच मधेसको समस्यालाई हेर्ने र व्यवहार गर्ने कुरामा व्यापक भिन्नता देखिन्छन्। मधेसको मामलालाई सामान्य रूपमा लिन नहुने राय विज्ञहरूको छ। डा. बराल भन्छन्, 'मधेसमा आन्दोलनरत पक्षलाई वार्तामा संलग्न गराउनुपर्छ, उनीहरूलाई राजनीतिक बहसमा ल्याउनुपर्छ। त्यस्तै जनजातिका मुद्दाहरूलाई सम्बोधन गरिहाल्नुपर्‍यो।' बराल भन्छन्, 'समस्याहरू प्रशस्त छन्, नयाँ किसिमले सोच्ने र अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ।'

अन्तरिम सरकार बनेपछि मधेसको राजनीति नयाँ मोडमा उभिएको छ। माओवादीबाट अलग भएर सशस्त्र विद्रोह गर्दै आएको तराई जनतान्त्रिक मुक्तिमोर्चा ज्वाला सिंह, तराई जनतान्त्रिक मुक्तिमोर्चा गोइत समूहले केही सातादेखि अपहरणका कार्यक्रम तीव्र पारेका छन्। आठ दलको सहमतिमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेसका समस्या समाधान गर्न दुईपटक सम्बोधन गरे, अन्तरिम संविधानमा मधेसका मागहरूको सम्बोधन गर्दै संशोधन गरिएको छ। राजनीतिक रूपमा मधेसका माग पूरा हुने दिशामा मुलुक अघि बढिरहेको अवस्थामा मधेसको सशस्त्र विद्रोहमा नयाँखाले परिवर्तन देखिएको छ। एकातिर तराई जनतान्त्रिक मुक्तिमोर्चाहरू बेग्लै राज्य स्थापनालगायतका खतरनाक माग उठाउँदै छन् भने अर्कोतिर राज्यलाई दबाब दिन मात्र त्यस्ता ठूलठूला माग अघि सारेको प्रतीत हुन्छ। गोइत समूहले, गोलमेच सम्मेलनको माग राख्दै त्यसो नभए संविधानसभाको निर्वाचन बिथोल्ने घोषणा गरेको छ। पूर्वी मधेसमा अपहरण र असुली रणनीति अख्तियार गरेर आफ्नो प्रभाव जमाउन सफल ज्वाला समूहले तराई गणतन्त्र स्वतन्त्र राज्य घोषणा गर्दै मधेसलाई थरुवान, अवधि, भोजपुरी, मिथिला प्रदेश भनेर विभाजन गरेको छ। ज्वाला समूहले गणतन्त्र मधेस राज्यको पासा फालेको छ। अन्तरिम संविधानको विरोधमा आन्दोलनको घोषणा गरेर कमजोर सांगठनिक आधारको मधेसी जनाधिकार फोरम मधेसको दबित भावनालाई उछाल्न सफल भयो। फोरमले भारतीय सीमावर्ती जिल्ला सदरमुकामका कार्यालयहरूमा मधेस सरकार लेख्ने अभियान तीव्रता दिएको दिँदै आएको थियो, गौर घटनापछि त्यसमा केही शिथिलता आएको छ। घोषित रूपमा फोरम र जनतान्त्रिकका बीच सहकार्य नभए पनि एकले अर्कालाई सहयोग पुर्‍याउने आन्तरिक सहमतिका कारण मधेसको विद्रोह पेचिलो समस्या बनेको छ।

मधेसका मुद्दाहरू पूरा हुने स्थितिमा पनि जनतान्त्रिकका दुई समूह र फोरमलाई वार्ताको टेबुलमा ल्याउन नसकेको स्थितिमा यिनै समूह संविधानसभा बिथोल्ने प्रमुख पात्र हुने त होइनन्? आठ राजनीतिक दलले मधेसका यी संगठनहरूलाई आँकलन गर्न सकेको देखिँदैन। जनतान्त्रिक दुवैले संविधानसभा बिथोल्ने भनिसकेका छन् भने फोरम पनि त्यही पंक्तिमा उभिएको छ। डा. पोखरेल मधेसको मुद्दा समाधान गर्न राज्यले स्पष्ट नीति अख्तियार नगरेको बताउँछन्। उनी भन्छन्, 'मधेसका मुद्दालाई सम्बोधन गरिएको छ, तर ती मुद्दाका वाहकलाई पन्छाउने नियत देखिन्छ।'

चार वर्षअघि माओवादीबाट अलग भएर अस्तित्वमा आएका जनतान्त्रिक र पछिल्ला केही महिनादेखि मात्र फोरम एकसाथ मधेसका मुद्दाका उठार सरकारसँग माग गर्दै छ भने माओवादीविरुद्ध जाइलागेको स्थिति छ। तर सरकारले मधेसका विद्रोहीहरूसँग माओवादी सल्लाहमा व्यवहार गर्दै आएकाले पनि समस्या चर्किएको हो। अन्तरिम सरकार बल प्रयोग गरेर मधेसका सशस्त्र समूहलाई नियन्त्रण गर्ने सोचमा काम गरिरहेको देखिन्छ। पूर्वी तराईमा हतियारको राजनीति गर्दै आएका जनतान्त्रिकका नेताहरू सीमावर्ती भारतीय भूमिबाट कार्यकर्ता परिचालित गर्ने गर्छन्। विज्ञहरू मधेसको विद्रोहको समाधान गर्ने रणनीति अख्तियार गर्दा भारतीय सहयोगको आवश्यकता औंल्याउँछन्।

एक वर्षदेखि मुलुकको राजनीति र राज्यसंचालन असहमतहरूबीचको सहमतिबाट अघि बढेको छ। परिस्थितिजन्य बाध्यताले राजनीतिक दर्शन र मान्यतामा व्यापक भिन्नता हुँदाहुँदै पनि सहमति र सहकार्यले आकार लिँदै छ। संघीय संरचना, मिश्रित निर्वाचनप्रणाली, समावेशीकरण जस्ता राजनीतिक प्रणालीका कारण सहकार्य र सहमतिको राजनीतिको विकल्प देखिँदैन। यो राजनीतिक यथार्थताबीच सहमति र सहकार्यको संस्कृति बसाल्नु अहिलेको आवश्यकता हो। ■



भास्कर ओझा




निर्वाचनको आयोगमा आठ दलका नेताहरू

एनपिए

# असारमा असम्भव

**चुनावको प्राविधिक पक्षमा ध्यान नदिई र सरोकारवालासँग छलफल नगरी निर्वाचनको मिति तोक्नु जोखिमपूर्ण हुने आयोगको ठहर छ । विगतमा आयोजित विषयगत निकायका मन्त्रीहरूसँग छलफलको क्रममा प्रमुख निर्वाचन आयुक्त पोखरेलले अन्तरिम संविधानको समयसीमालाई उछिनेर तिथि तोक्ने अधिकार कसले दियो भन्ने प्रश्नसमेत गरेका थिए ।**

■ **किरण भण्डारी/काठमाडौं**

**असार ६ गते** संविधानसभाको चुनाव गर्ने भनी अन्तरिम सरकार गठनका क्रममा भएको सहमतिप्रति लक्षित गरी आयोगले आपत्ति प्रकट गरेपछि त्यो तिथिले औपचारिकता पाएको छैन । नवनियुक्त मन्त्रीहरूसँग चैत २२ गते छलफलका क्रममा प्रमुख आयुक्त भोजराज पोखरेलले सुरक्षाको पूर्ण प्रत्याभूति र चुनावसँग गाँसिएका मुख्य मुद्दाहरूको टुंगो नलगाई मिति नतोक्न सचेत गराएपछि शीर्षस्थ नेताहरूको सहमति थाती बसेको छ ।

प्रधानमन्त्रीको तर्फबाट शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेलले व्यवस्थापिका संसद्को चैत २७ गतेको बैठकमा प्रस्तुत चारबुँदे साझा कार्यक्रमको पहिलो नम्बरमै 'संविधानसभाको निर्वाचन २०६४ साल जेठ महिनामा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी मुलुकलाई अग्रगमनको मार्गमा अग्रसर गराउनु सरकारको मुख्य दायित्व हुनेछ' भनिएकाले आयोगको भनाइप्रति सरकारको ध्यानाकृष्ट भएको देखिन्छ । त्यस्तै पोखरामा २६ गते भएको सम्बोधनमा पनि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानसभाको तिथिमिति उठाएनन् ।

चुनावको प्राविधिक पक्षमा ध्यान नदिई सरोकारवालासँग छलफल नगरी मिति तोक्नु जोखिमपूर्ण हुने आयोगको ठहर छ । विषयगत निकायका मन्त्रीहरूसँग छलफलको क्रममा




तस्वीरहरू : समय

# भययुक्त, धाँधली र पक्षपातपूर्ण निर्वाचन गरे हुन्छ



**विनयध्वज चन्द**
केन्द्रीय सदस्य नेपाली कांग्रेस

■ **असारमा संविधानसभाको निर्वाचन हुन्छ ?**
निर्वाचनको लागि वातावरण बनेको छैन । भययुक्त, धाँधली र पक्षपातपूर्ण निर्वाचन गर्ने हो भने हुन सक्छ । तराई, विभिन्न जातजातिको आन्दोलनलाई सम्बोधन गर्नुपर्‍यो । माओवादीले आफ्ना प्रतिबद्धता पूरा गर्नुपर्छ । अहिलेसम्म कागजी घोडा दौडाउनेबाहेक केही काम भएको छैन ।

■ **शीर्षस्थ नेताहरू असारमै हुन्छ भनिरहनु भएको छ त ?**
कसैले पनि आफूले भन्न चाहिरहेका छैनन् । अरूको मुखबाट भनाउन खोजिएको छ । सबै अर्को दललाई दोष थोपर्न तयार भएर बसेका छन् ।

■ **असम्भव देखिएको निर्वाचन असारमै हुन्छ भनेर शीर्षस्थ नेताहरूलाई के लाभ हुन्छ ?**
अरोप-प्रत्यारोप लगाउनेबाहेक केही फाइदा हुँदैन । स्टेट्सम्यानसिपको कमी भनेको यही हो । विपी कोइरालापछि हामीले त्यस्तो नेता नै पाएनौं ।

■ **यो ढिलाइ सृजना हुनुमा कसलाई दोषी देख्नुहुन्छ ?**
आठ दल गठबन्धनभित्रका सबै दोषी छन् । बाह्रबुँदे समझदारीदेखि अहिलेसम्म भएका दर्जनौं सहमति र सम्झौतामा व्यक्त प्रतिबद्धता माओवादीले पूरा गरेनन् । त्यसैले निर्वाचनको वातावरण नबन्नुमा माओवादी सबैभन्दा बढी दोषी छन् ।

■ **निर्वाचन सार्नुपर्ने सत्य कसले बोल्छ त ?**
राजनीतिक खेल हो, कोहीनकोही बलिको बोको खोजिन्छ होला ।

पोखरेलले अन्तरिम संविधानको समयसीमालाई उछिनेर तिथि तोक्ने अधिकार कसले दियो भन्ने प्रश्नसमेत गरेका थिए । उनको नम्र तर घोचक प्रस्तुतिले मन्त्रीहरूलाई निरुत्तर बनाएको थियो ।

अन्तरिम संविधान २०६३ मा जेठभित्र संविधानसभाको निर्वाचन गर्ने भनिएको छ । विद्यमान संविधानमा संशोधन नगरी वैधानिक रूपले निर्वाचन सार्न पाइँदैन । निर्वाचन वातावरण, प्राविधिक पक्ष र अन्य कारणहरूले पनि कात्तिकअघि निर्वाचन हुने नभए पनि अहिलेसम्म कसैले पनि मुख फोर्न सकेको छैन ।

जति जति जेठ-असारमा संविधानसभाको हुने सम्भावना क्षीण हुँदै गयो प्रमुख तीन दल कांग्रेस, माओवादी र एमालेका नेताहरू क्रमशः गिरिजाप्रसाद कोइराला, प्रचण्ड र माधवकुमार नेपाल उति नै जोडदार रूपमा निर्वाचन हुनुपर्छ भन्ने ओठे होडवाजीमा उत्रिएका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भने यस विषयमा अरूभन्दा फरक धारणामा छन् । निर्वाचनको वातावरण नबनेकाले स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन रातारात सम्भव हुँदैन भन्ने देउवाको भनाइ पुरानो भइसकेको रहेछ ।

कांग्रेस, माओवादी र एमालेका शीर्षस्थ नेताहरूले नेतृत्वभन्दा पनि सस्तो लोकप्रियता आर्जन गर्न सकिने लोभमा आश्वासनका गाँठो बाँध्न नसकेको विश्लेषण जानकारहरूको छ ।

नेपाली कांग्रेसका अर्जुननरसिंह केसीका अनुसार दोष अरूलाई पन्छाएर आफू पानीमाथिको ओभानो बन्ने सस्तो राजनीतिको सिलसिला सुरु हुन लागेको छ । उनले आठ दलकै नेताहरू कुनैनकुनै रूपमा

# कांग्रेस एमालेका सेरिमोनियलवालाहरूले ढिलाइ गरेका हुन्

**■ असारमा निर्वाचन हुन्छ ?**

नगर्ने खेल भइरहेको छ ।

**■ खेलाडी को हो त ?**

सहमतिअनुसार अन्तरिम संविधान सरकार बनाउन नदिनेहरू नै हुन् ।

**■ ढिलाइ उत्पन्न हुनुको कारण के हो ?**

प्रतिगामी, विदेशी शक्ति केन्द्र र नेपालमा अस्थिरता चाहनेहरूको चलखेलले ढिला भएको हो । अन्तरिम संविधानदेखि सरकार निर्माणसँग सहमतिअनुसारको कार्यतालिकालाई नपछ्याउने सात दल जिम्मेवार छन् ।

**■ एमालेले माओवादी र कांग्रेसलाई खलनायक भनेको छ नि ?**

संविधानसभाको निर्वाचनको लागि रगतको बलिदान माओवादीले गर्छ । वैशाख ११ गते दरवारसँग सहमति गर्ने कांग्रेस एमालेका सेरिमोनियलवालाहरूले संविधानसभाको निर्वाचन नचाहेकाले ढिलाइ भएको हो ।



**दीनानाथ शर्मा**

**केन्द्रीय सदस्य नेकपा माओवादी**

**■ अरू दलले माओवादी व्यवहार नसुध्रिएकाले वातावरण नबनेको भन्छन् ?**

हामीले संविधानसभाको माग नगर्दै गरेर देखाइदिएको भए हुन्थ्यो नि त । १२ वर्ष पहिल्यै गर्दिएको भए झन् राम्रो हुन्थ्यो ।

**■ संविधानसभाप्रति प्रधानमन्त्रीको प्रतिबद्धता सबैभन्दा कट्टर छ त ।**

मुखले चाहन्नँ भन्दैनन् । व्यवहार ठिक उल्टो छ । अन्तरात्माबाट चाहेका छैनन् । अन्तरिम सरकार गठन अझ ढिलो गर्थे, तर सार्क सम्मेलनले बाध्यात्मक परिस्थिति सृजना गरेकाले मात्र सरकार बनेको हो ।

**■ अब निर्वाचन नहुने घोषणा कसको मुखबाट हुन्छ ?**

गिरिजाप्रसाद कोइरालाले भन्नुपर्छ । संयुक्त राष्ट्रसंघ र अरू विदेशीले अहिले हुन सक्दैन भनिसके ।

**■ कात्तिकमा निर्वाचन सार्दैमा विघ्न भइहाल्छ र ?**

२००७ मा पनि दिल्लीदरवारमा सहमति भएकै हो । त्यसैले त्यति बेला जस्तै टर्ने हो कि भन्ने डर हुन्छ । संविधानसभाको निर्वाचन तुहाउन चाहनेहरूले व्यापक चलखेलको मौका पाउँछन् ।

जनआन्दोलन-२ को सफलतापछिको नौ महिना लुछाचुँडीमा बिताएर 'लगन पछिको पोते' जस्तै गरी दलहरू अहिले तातेको स्वाङ गरिरहेका छन् । 'अहिले निर्वाचन हुन नसक्ने यथार्थ सरकारले बोल्न सक्नु पर्नेमा ठिक उल्टो अवस्था देखियो । स्टेट्सम्यानसिपको कमी भनेको यही हो', कांग्रेस सांसद विनयध्वज चन्दले भने, 'विपीपछि कोही पनि नेता जन्मिएको रहेनछ ।'

नयाँ नेपालको खाका कोर्ने आश्वासन बाँड्ने नेताहरूले निर्वाचन हुन नसक्ने कटु सत्यलाई समेत व्यक्त गर्ने हिम्मत नगर्नु नालायकीपन भएको एक आयुक्तले नाम उल्लेख नगर्ने सर्तमा भनेका छन् ।

यथार्थसँग परिचित दलहरूले त्यो हिम्मत नगर्ने हो भने आयोगले केही दिनभित्रै निर्वाचन सरेको घोषणा गर्ने तयारी गरिरहेको छ । प्रमुख आयुक्त पोखरेललाई उद्धृत गर्दै आयोग स्रोत भन्छ, 'विगतमा जस्तै निर्वाचनको नाटक गर्न सकिँदैन ।' प्रेसलाई समेत खुला गरिएको माघ २८ गतेको आयोगको कार्यक्रममै पोखरेलले 'जागिरे मात्र भएर बस्न नसकिने' बताएका थिए ।

आयोग मात्र हैन, शान्ति प्रक्रियामा उल्लेख्य योगदान भएका मित्रराष्ट्र र संयुक्त राष्ट्रसंघीय मिसनका प्रतिनिधिहरूले पनि अन्तर्राष्ट्रिय मापदण्ड र वातावरणसहितको चुनाव घोषणा गर्नुअघि गम्भीर हुन भनिरहेका छन् ।

त्यति मात्र हैन, मिसन प्रमुख इयान मार्टिन र बेलायती राजदूतले आयोग र शीर्षस्थ नेताहरूसँग छलफल गरिरहेका छन् । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपले मान्य हुने निर्वाचन गर्न र प्रक्रियालाई धेरै संकुचन नगराउन उनीहरूले सुझाव दिएका छन् ।

# एमालेले पहल गरे पनि अब निर्वाचन हुने अवस्था छैन

**रघुवीर महासेठ**

**केन्द्रीय निर्वाचन विभाग प्रमुख, एमाले**

**■ असारमा निर्वाचन हुन्छ ?**

यसपालि निर्वाचनको तयारी र वातावरण सृजना गर्ने विषयमा राजनीतिक दलभन्दा निर्वाचन आयोग अगाडि देखियो । आठ दल र विशेष गरी प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला इमानदारीपूर्वक लाग्नुभएको भए जेठमै निर्वाचन गर्न सकिन्थ्यो । अहिले पनि विधेयक पारित भएको छैन । त्यसैले असारमा निर्वाचन हुने सम्भावना मैले देखेको छैन । केही राजनीतिक दलहरू निर्वाचन चाहिरहेका छैनन् ।

**■ तर प्रधानमन्त्रीकै प्रतिबद्धता सबैभन्दा बढी देखिन्छ त ?**

जनतालाई ढाँट्न मात्र रट लगाइएको हो । प्रधानमन्त्री चुनाव गराउने पक्षमा छैनन् । प्रधानमन्त्रीले जनआन्दोलनको बलबाट सरकार बनेको र प्रमुख दायित्व संविधानसभा हो भन्ने तथ्यलाई नजर अन्दाज गरेका छन् ।

**■ सत्ता साझेदार एमालेको पनि भूमिका हुँदैन ?**

एमालेले पहल गरे पनि अब निर्वाचन हुने अवस्था छैन ।

**■ त्यसो भए अब अर्को दललाई दोष थोपर्ने सिलसिला सुरु भयो ?**

दोष लगाएको हैन, वस्तुगत अवस्था त्यही हो । स्पष्ट भन्नुपर्दा कांग्रेस र माओवादी दुवै निर्वाचन चाहिरहेका छैनन् । कांग्रेस बहुमतप्राप्त सरकारकै शैलीमा राज्यसंचालनमा अहं मन्त्रालयहरू लिएर बसेको छ । माओवादीलाई निर्वाचनबाट आउने परिणाम के हुने हो भन्ने डर छ । त्यसैले जोखिम लिनुभन्दा खाइपाइ आएको सुविधा जोगाउने मनशाय यी दुई दलको देखिएको छ ।

**■ अहिले सम्भव नभए कात्तिकमा गर्दा हुँदैन ?**

अहिले निर्वाचन सारेपछि कात्तिकमा पनि गराउने पक्षमा कांग्रेस र गिरिजाप्रसाद कोइराला हुँदैनन् ।

**■ निर्वाचन सर्ने घोषणा कसको मुखबाट हुन्छ होला ?**

यी यी कारणले भ्याइएन भनेर निर्वाचन आयोगलाई मुख फोर्न लगाउने तयारी भइरहेको होला । नागरिकता वितरण, मतदाता नामावली वा अन्य बहाना पनि अघि सारिने देखिन्छ ।

# असम्भव हुँदाहुँदै निर्वाचन गराउने जिद्दी गर्नु हुँदैन

**सात महिनाको** अवधि राखेर कात्तिकमा बनाइएको अन्तरिम संविधान, सरकार हुँदै संविधानसभाको निर्वाचनसम्मको समयतालिकाभन्दा तीन महिना विलम्ब भइसकेको छ। जेठमा निर्वाचनमा पुग्ने गोरेटो धेरै साँघुरिइसकेकाले अब लक्ष्य त्यही राखेर अघि बढ्न गाह्रो छ।

अब जेठ वा असारमा निर्वाचन गर्ने हो भने प्रचार प्रसारको लागि समय नै हुँदैन। अब पनि जेठ वा असार ६ भन्नुको कुनै तुक छैन।

निर्वाचन कहिले, कसरी कति चरणमा गराउने भन्ने संवैधानिक अधिकार निर्वाचन आयोगमा हुन्छ। राजनीतिक दल र सरकारले आयोगलाई निर्वाचन संचालनमा आवश्यक सहयोग र समन्वय उपलब्ध गराउने हो। आयोगले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मापदण्डअनुसारको निर्वाचनका लागि आवश्यक मापदण्ड व्याख्या गर्दै अब निर्वाचन सम्भव छैन भन्ने सन्देश दिइसकेको छ। प्राविधिक हिसाबले असम्भव भएको ज्ञात हुँदाहुँदै निर्वाचन गराउने कुरामा कसैले जिद्दी गर्नु पनि हुँदैन।

संविधानसभाको निर्वाचनप्रति राजनीतिक दलबाट व्यक्त भएका प्रतिबद्धता सह्रानीय भए पनि प्राविधिक पक्षलाई नजरअन्दाज गर्न सकिँदैन। चुनावका लागि चुनाव गर्ने हो भने लोकतन्त्र कमजोर हुन्छ भन्ने सत्यसँग सबै परिचित हुनुपर्छ। आयोग, राजनीतिक दल र सरकारले आपसी समन्वयनमा उचित समय दिएपछि मात्र साँच्चिकै निर्वाचन सम्भव हुन्छ।



**सूर्यप्रसाद श्रेष्ठ**
**पूर्व प्रमुख निर्वाचन आयुक्त तथा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति**

जेठ-असारमा निर्वाचन असम्भव भएको जानकारी हुँदाहुँदै पनि शीर्षस्थ नेताहरू अझै रट लगाउन छाडेका छैनन्। दलका दोस्रो पुस्ता वा जुनियर नेताहरू भने नेतृत्वको इसाराअनुसार आरोप प्रत्यारोपमा उत्रन सुरु गरिसकेका छन्।

शीर्षस्थ नेताहरू निर्वाचन ढिलाइ भएकोमा एक-अर्कालाई दोष थोपर्ने मनशायमा छन्। त्यसको ज्वलन्त उदाहरण एमाले महासचिव माधवकुमार भएका छन्। नेपालले चैत २५ गते पत्रकारहरूसँग अनौपचारिक भेटघाटको कार्यक्रम आयोजना गरी संविधानसभाको निर्वाचन हुनैपर्ने तर आफूलाई कांग्रेस र माओवादीको चाला ठिक नलागेको धारणा व्यक्त गरेका थिए। परिस्थितिबाट उम्किन खप्पिस नेता नेपालले जनआन्दोलन-२ को सफलतादेखि नै कांग्रेसको संविधानसभाको निर्वाचन गराउने दाउ नभएको आरोप लगाए। साउनदेखि निर्वाचन आयोगका पदाधिकारी नियुक्ति गरेर तयारी थालौं भन्ने एमालेको भनाइ बेलैमा अनुसरण नगरिएकाले यो अवस्था आएको उनको कथन छ।

आयोगले महिनौंदेखि घाँटी सुकाएर चिच्याउँदा पनि प्राविधिक र व्यवस्थापकीय सहयोग उपलब्ध गराउन चासो नदिएका शीर्षस्थ नेताहरू अहिले एक-अर्कालाई दोष थोपर्ने वाक्युद्धमा छन्। संविधानसभासम्बन्धी आधारभूत कानुन अझै निर्माण भइसकेको छैन। संविधानसभाको निर्वाचनसम्बन्धी विधेयकमा राज्य व्यवस्था समितिमा विवाद उत्पन्न भएर फेरि केही दिनलाई सरेको छ। तैपनि, नेपालकै तालमा माओवादीहरू पनि अरू शक्तिहरूलाई दोष दिइरहेका छन्। माओवादी नेता प्रचण्डले 'जसरी भए पनि' निर्वाचन गराउने भनेका छन्। एमाले र कांग्रेसको अकर्मण्यताले चुनाव सर्न लागेको उसको ठहर छ। माओवादीका तर्फबाट निर्वाचन आयोगका

आयोगले महिनौंदेखि घाँटी सुकाएर चिच्याउँदा पनि प्राविधिक र व्यवस्थापकीय सहयोग उपलब्ध गराउन चासो नदिएका शीर्षस्थ नेताहरू अहिले एक-अर्कालाई दोष थोपर्ने वाक्युद्धमा छन्।

छलफलमा सरिक हुँदै आएका केन्द्रीय सदस्य तथा संसदीय दलका प्रमुख सचेतक दीनानाथ शर्माका अनुसार संविधानसभाको निर्वाचन हुन नदिने देशी-विदेशी शक्तिको जुन वातारण बन्यो, त्यो आपत्ति त्यत्तिकै सेलाएर गयो।

निर्वाचनका पूर्वतयारी केही पनि पूरा नहुँदै आफ्नो रुखो बानी प्रश्न गर्नेमा प्रधानमन्त्री छन्। प्रधानमन्त्रीसहितको सिंगो कांग्रेसवृत्त र वामपन्थीहरूले समेत संविधानसभाको ढिलाइको दोष माओवादीलाई दिन थालिसकेका छन्।

निर्वाचन क्षेत्र निर्धारण भइसकेको छैन। क्यान्टोनमेन्ट व्यवस्थापनदेखि सत्य निरुपण आयोग गठन मुद्दा प्राथमिकतामा परेका छैनन्। पुनर्मिलन र पुनःस्थापनाको मुद्दाले स्थान पाएको छैन। यस्ता तमाम मुद्दा संविधानसभाको निर्वाचनअघि नै सम्बोधन हुन थाल्नुपर्छ।

पूर्व प्रमुख निर्वाचन आयुक्त तथा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)का प्रमुख सूर्यप्रसाद श्रेष्ठ निर्वाचन केही महिना यताउता हुँदैमा खासै फरक नपर्ने बताउँछन्। जेठ-असारमै हुनुपर्छ भन्ने तर्कको तुक नभएको उनले बताए। असम्भव भनेर जानिसकेको निर्वाचनलाई जसरी भए पनि गर्ने भन्ने आशयको नेतात्रयको भनाइप्रति व्यंग्य गर्दै उनी भन्छन्, 'जसरी भए पनि निर्वाचन गर्ने भन्ने प्रधानमन्त्रीको भनाइलाई शाब्दिकभन्दा पनि प्रतिबद्धताको रूपमा बुझ्नुपर्छ। निर्वाचन नै राष्ट्रिय, अन्तर्राष्ट्रिय मापदण्ड नाघेर गर्ने भनेको होइन।'

सात दलका मुख्य घटकले निर्वाचन नहुनुमा माओवादीलाई दोषी ठहऱ्याए जस्तै उनीहरूले पनि देशी-विदेशी प्रतिक्रियावादीहरूसँग मिलेर नियतवश ढिलो गरेको प्रत्युत्तर दिएका छन्। त्यति मात्र हैन, अहिले संविधानसभाको निर्वाचन नहुने हो भने देशी-विदेशीको चलखेलको चंगुलमा परेर २००७ साल दोहोरिने आशंका माओवादीहरूको छ। '२००७ मा पनि दिल्लीदरबारमा भएको त्रिपक्षीय सम्झौतामा संविधानसभाको निर्वाचन गर्ने भनिएको थियो, तर कहिल्यै भएन', शर्मा भन्छन्, 'त्यो नियतिबाट बच्न यथाशक्य लाग्नुपर्ने हो नि।'

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनाल जेठ-असारमै चुनाव नहुँदैमा विघ्न हुन्छ भन्नु आफूमाथिको अविश्वास र आफ्नै अक्षमता भएको ठोकुवा गर्छन्। अहिलेका राजनीतिक खेलाडीहरू अर्थात् आठ दलबीचको एकता कायम रहेसम्म कसैको षड्यन्त्र पनि सफल नहुने उनको विश्लेषण छ।

वैशाख ११ गते प्रतिनिधिसभा पुनःस्थापना भएदेखिको एउटै मुद्दा संविधानसभाको निर्वाचन एक वर्षमा पनि सम्भव नभएपछि आठ दल कसरी प्रतिगामी कित्ताभन्दा अन्यत्र उभिएको देखाउने हो, त्यो चुनौती छ।

## ढिलाइको फेहरिस्त

# कसरी भयो एक वर्ष ढिलाइ

- २०६३ असार २ गते, आठबुँदे सहमति हुँदा असारभित्रै अन्तरिम संविधान, संसद् र सरकार निर्माण गरी कात्तिकमा संविधानसभाको निर्वाचन गर्ने भनिएको ।
- बृहत् शान्ति सम्झौतापछि मंसिर १५ भित्र अन्तरिम संविधान ल्याउने घोषणा । (तर डेढ महिनापछि माघ १ गते मात्र जारी)
- हतियार व्यवस्थापन प्रक्रिया सुरु गरी पुस पहिलो साताभित्र अन्तरिम सरकार गठन गर्ने सहमति । (तर साढे तीन महिना ढिलो गरी चैत १८ गते निर्माण)आयोगको चेतावनी
- माघको तेस्रो साता, दल, सरकार र संसद्ले घोषित मितिमा सर्वमान्य निर्वाचन गराउन तत्परता नदेखाएकोमा असन्तुष्टि प्रकट गर्दै आयुक्त पोखरेलले विगतमा जस्तो निर्वाचनको नाटक रच्न नसक्ने उद्घोष । आफू जागिर खानको लागि मात्र प्रमुख आयुक्त नभएको खुलासा ।
- माघ २८, प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले संसद्मा प्रतिनिधित्व गर्ने माओवादीसहित दलहरूका शीर्षस्थ नेताहरूसमक्ष समयसीमा सहित प्रस्तुत गरी त्यसको अनुसरण नगर्ने हो भने जेठ अन्तिमभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्न मुस्किल हुने धारणा व्यक्त ।

| **कामका चरणहरू** | **समयसीमा (महिना साता)** |
|---|---|
| ऐन, नियम निर्माण तथा स्वीकृति | माघ पहिलो - फागुन पहिलो |
| निर्देशिका र आचारसंहिता तयारी तथा उत्पादन | माघ तेस्रो - फागुन अन्तिम |
| मतदाता नाम संकलन र अद्यावधिक गर्ने | माघ तेस्रो - फागुन दोस्रो |
| जिल्लामा प्रशोधन (नामावली) | फागुन तेस्रो - चैत पहिलो |
| मतदाता नामावली एकीकृत गरी अन्तिमरूप दिने | फागुन चौथो - वैशाख दोस्रो |
| मतदाता नामावली जिल्लामा पठाउने | चैत तेस्रो - वैशाख दोस्रो |
| मतदाता सचेतना कार्यक्रम | माघ पहिलो - जेठ तेस्रो |
| निर्वाचन सामग्री आपूर्ति व्यवस्था | माघ पहिलो- जेठ तेस्रो |
| निर्वाचन अधिकृतको नियुक्ति, कार्यालय स्थापना र तालिम | चैत तेस्रो- वैशाख पहिलो |
| निर्वाचन कार्यक्रम प्रकाशन | वैशाख दोस्रो |
| उम्मेदवारी दर्ता र प्रशोधन | वैशाख तेस्रो |
| निर्वाचन सामग्री प्याकिङ तथा ढुवानी | वैशाख पहिलो- जेठ तेस्रो |
| मतपत्र छाप्ने तथा ढुवानी | वैशाख चौथो- जेठ तेस्रो |
| निर्वाचनका लागि कर्मचारी व्यवस्थापन, तालिम तथा परिचालन | वैशाख चौथो- जेठ तेस्रो |
| निर्वाचन अनुगमन तथा पर्यवेक्षण | फागुन पहिलो- जेठ चौथो |

- फागनु ९, प्रमुख आयुक्त पोखरेलले संविधानसभाको निर्वाचन र दल दर्तासम्बन्धी कानुनमा दलहरूले तत्काल परामर्श नदिने हो भने आयोगले अन्तरिम संविधान मस्यौदा समिति जस्तै विभिन्न विकल्पसहित कानुन मस्यौदा गरी संसद्मा पठाउने बताए । राजनीतिक दलहरूसँग बैठक र अन्य फोरमबाट आयोगले चेतावनीयुक्त भनाइ बारम्बार दोहोऱ्याइरहे पनि आवाश्यक कानुन निर्माण चैतसम्म पनि भएन ।
- चैत ५, आयोगमा प्रधानमन्त्री कोइराला, माओवादी अध्यक्ष प्रचण्डसहित शीर्षस्थ नेताहरूको उल्लेखनीय उपस्थितिमाझ पोखरेलले निर्वाचन असम्भव भएको जनाउ दिए । 'जेठमा संविधानसभाको निर्वाचन हुँदैन' भनी मुख नफोरे पनि कोइरालासहित शीर्षस्थ नेताहरूसमक्ष प्रस्तुतिका क्रममा पोखरेलले अघि सारेको त्यति बेलाको अहिले पनि जस्ताको तस्तै छ । प्रस्तुतिका मुख्य बुँदा (उनकै भाषामा) :- निर्वाचन गर्न आवश्यक कानुन, नियम निर्देशिका एवं आचारसंहिता - संविधानसभाको निर्वाचनमा के-कति क्षेत्र हुने निर्क्योल हुन बाँकी - क्षेत्रका आधारमा नै निर्वाचन अधिकृत लगायत अन्य व्यवस्थापनको तयारी गर्नुपर्ने - हिमाली जिल्लाका ५८ गाविस, मधेस र माओवादी क्यान्टोनमेन्टमा मतदाता नाम संकलन बाँकी - सुरक्षा एवं अस्थायी मतदाताको कारणबाट अवरोध भएको ठाउँको कार्यक्रम निकाल्न बाँकी - नागरिकता वितरण भइसकेपछि मतदाता नामावली संकलनको लागि थप कार्यक्रम दिनुपर्ने- कानुनी व्यवस्था यकिन नभई मतदाता शिक्षा कार्यक्रम लान सकिन्न - निर्वाचनका लागि आवश्यक ४१ प्रकारका सामानको टेन्डरबाट खरिद गर्न सकिने । तर निर्वाचन मिति यकिन नभई खरिद प्रक्रिया थालनी नहुने- सामानको उपलब्धि, प्याकिङ, ढुवानी जस्ता महत्त्वपूर्ण पक्षमा दुई महिनाभन्दा बढी समय लाग्ने- करिब १ लाख ४० हजार कर्मचारी आवश्यक हुने- निजामतीबाट अपुग हुने हुँदा शिक्षक प्रयोग गर्न जरुरी तर यसमा विवाद- काममा खटाउनुपूर्व जनशक्तिलाई पर्याप्त तालिम दिनुपर्ने- मतदाता, उम्मेदवार, दल, कर्मचारी सबैलाई पर्याप्त सुरक्षाको प्रत्याभूति तर शान्ति सुरक्षाको अवस्था सन्तोषजनक छैन- आयोगका जिल्ला कार्यालय समेत तालाबन्दीमा परेका छन् - स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन पूर्वसर्त हो - आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षणको व्यवस्था गरिएको छ, तर अन्तर्राष्ट्रिय पर्यवेक्षणले निर्वाचनको मितिभन्दा न्यूनतम तीन महिनाअगाडि आमन्त्रणको अपेक्षा राख्दछन् - मतपत्र छपाइ मुलुक बाहिर गर्नुपर्ने स्थिति देखापरेको सन्दर्भमा यसलाई चाहिने समय पनि विचारणीय छ ।
- चैत २२, अन्तरिम सरकारका मन्त्रीहरूसँग छलफलको क्रममा पोखरेलद्वारा आयोगसँग परामर्श नगरी निर्वाचन तिथि घोषणा नगर्न आग्रह ।



- मगन्तेहरूले मात्र चित्त दुखाउँछन् ।
- कार्यसमितिमा छलफल भएको भए मन्त्रिपरिषद्को टिम पूरै फेरिन्थ्यो ।
- आदर्शको कुरा मात्र गरेर हुँदैन ।
- राम्रो मात्र हैन, सबैको संविधान चाहिएको छ ।
- मैले प्रधानमन्त्रीले भनेजस्तो 'असामान्य निर्वाचन' र प्रचण्डले भनेजस्तो 'जसरी पनि हुने निर्वाचन' चिनेको छैन ।

# व्यक्तिको मनपरी हुनुहुन्न

**शान्ति विद्यागृह लैनचौरको विद्यार्थी युनियनको सभापतिमा विजयी भई २०१८ सालमा केटौले उमेरमै राजनीति सुरु गरेका अर्जुननरसिंह केसी नेपाली राजनीतिमा परिचित नाम हो । कांग्रेस, जनमतसंग्रहपछिको सुधारिएको पञ्चायत र प्रजातान्त्रिक कालमा फेरि कांग्रेसमै उत्तिकै सक्रिय केसी केही सातादेखि बालुवाटारसँग नजिक छैनन् ।**

**राजाको असोज १८ को प्रतिगामी कदमदेखि माघ १९ पछि लगातारको आन्दोलनमा उनले आन्दोलनको अग्रिम मोर्चा सम्हाले । चार वर्षभन्दा बढी अवधि दलहरूको केन्द्रीय जनआन्दोलन समिति र जनआन्दोलन–२ को निर्णायक चरणमा कांग्रेसको 'भ्याली कमान्डर' रहेका केसी अन्तरिम सरकार र व्यवस्थापिकाको गठनपछि असन्तुष्ट देखिएका छन् । मुखले लोकतन्त्रको नारा दिए पनि व्यवहारमा व्यक्तिवादी र निरंकुश चरित्र यथावत् रहेको बताउने केसी संविधानसभाको निर्वाचन समयमा हुन नसक्ने दोष आठै दलले लिने बताउँछन् । सरकार निर्माण, संविधानसभा, कांग्रेस एकतासहित समसामयिक विषयमा *समय*का लागि *किरण भण्डारी* र *ज्योति देवकोटा*ले गरेको संवाद ।**

**असोज १८ देखि जनआन्दोलन–२ सम्म संघर्षका हरेक मोर्चामा अग्रणी रहे पनि अन्तरिम व्यवस्थापिका र सरकारमा परिएन भनेर चित्त दुखेको छ कि ?**

म कसैसँग चित्त दुखाउन्नँ । मगन्तेहरूले मात्र चित्त दुखाउँछन् । मैले केही मागेको छैन, त्यसैले किन चित्त दुखाउने । बरु यो परिस्थितिले मलाई राजनीतिमा आफ्नो खुट्टा राख्ने ठाउँलाई अझ मजबुत बनाउनुपर्छ भन्ने यथार्थको फेरि अनुभूति भएको छ ।

**व्यवस्थापिका वा सरकारमा भूमिका नपाउँदा अन्याय अनुभूति हुँदैन ?**

अहिलेको स्थितिमा सत्तामै प्रवेशलाई उपलब्धि वा सफलता मान्नुपर्ने अवस्था छैन । अन्तरिम सांसदहरूको चयन भइसकेपछि मप्रति दलपंक्तिबाट प्रकट भएको सहानुभूति र अपार माया नै भविष्यको राजनीतिक जीवनका लागि ठूलो उपलब्धि मानेको छु । सिंगो प्रक्रियामा पार्टीको नेतृत्वले अह्राएको काम गरेँ, तर कहिल्यै मलाई यो बनाइदेऊ भनेर गइनँ, जाँदा पनि जान्नँ । दलको अधिवेशनमा महाधिवेशन प्रतिनिधि र चुनाव लड्न जाँदा मतदातासँग बाहेक अरू कसैसँग कहिल्यै माग्न जान्नँ ।

**अन्तरिम संसद् र सरकार निर्माणपछि यहाँ लगायत कांग्रेसका केही नेताहरूमा देखिएको आक्रोशले पदको कुनै लोभ छैन भन्ने भनाइलाई खण्डन गर्दैन र ?**

आक्रोशित भएको भन्ने भनाइलाई म स्विकार्दिनँ । सरकार गठनको प्रक्रियामा केन्द्रीय कार्यसमितिमा छलफल नभएकै हो । अन्तरिम संसद्मा मनोनयनको हविगत पनि त्यही हो । केन्द्रीय कार्यसमितिमा छलफल भएको भए अहिलेको समूहमै आमूल परिवर्तन हुन्थ्यो । संस्थागत संयन्त्रले विधिसम्मत निर्णय गर्नुपर्छ, व्यक्तिको मनपरी हुनुहुन्न भनेर मैले भनेकै हुँ ।

**कांग्रेसको नेतृत्वले तानाशाही ढंगले निर्णय गर्‍यो भन्ने यहाँको जिरह हो ?**

गिरिजाबाबु दलमा मात्र हैन, राष्ट्रिय रूपमै सबैभन्दा अग्लो व्यक्तित्व हुनुहुन्छ । त्यसैले उहाँको नेतृत्व अपरिहार्य देखिएको छ । अर्को पक्ष लोकतान्त्रिक दलभित्र न्यूनतम लोकतान्त्रिक पद्धति र प्रक्रियाको पनि अत्यन्त जरुरी छ । त्यसैले कुनै पनि निर्णय संस्थागत, विधिसम्मत र पारदर्शी ढंगले हुनुपर्छ ।

**कांग्रेसले पार्टी जीवनमा आन्तरिक प्रजातन्त्र किन अंगीकार गर्न नसकेको हो ?**

प्रवृत्तिमा सुधारको आवश्यकता छ । पार्टीले आन्तरिक प्रजातान्त्रिक प्रक्रियालाई स्वच्छ, पारदर्शी र विधिसम्मत बनाउने घोषणा सार्वजनिक रूपमै गर्दै आएको वर्षौं भइसकेको छ । कांग्रेसको एघारौं अधिवेशनले आन्तरिक प्रजातान्त्रिक अभ्यासको प्रक्रिया सशक्त बनाउने निर्णय भइसकेको हो । तर, लोकतन्त्रको पाठशालाका रूपमा रहेका दलले त्यसअनुरूप आचरण विकास गर्न सकेको अवस्था छैन । आदर्शको कुरा मात्र गरेर हुँदैन ।

**कांग्रेसले अन्तरिम सरकार र व्यवस्थापिकामा किन समावेशीको मुद्दालाई बिर्सेको हो ?**

पूर्णरूपमा भुलेको भन्न मिल्दैन, तर आंशिक रूपमा सत्यता छ । अझै पनि दुइटा मन्त्रालयमा कांग्रेसको तर्फबाट आदिवासी, जनजाति र दलितबाट सहभागिता गराउन सक्ने अवस्था छ । ती समुदायको कुनै महिलालाई प्रवेश दिनुपर्छ भन्ने मेरो धारणा हो ।

**असार ६ मा निर्वाचन गर्ने आठ दलबीचको अनौपचारिक सहमति कार्यान्वयन होला ?**

संविधानसभाको निर्वाचन २०६३ को

जनआन्दोलन र आमजनताको भावना हो । एघारवर्षे कहालीलाग्दो रक्तरञ्जित परिस्थितिबाट विचलित नेपालीहरूले फेरि हिंसात्मक परिस्थिति कहिल्यै व्यहोर्नु नपरोस् भन्ने संविधानसभाको अभिप्राय हुनुपर्छ । जनआन्दोलनमार्फत व्यक्त भएका परिवर्तनको आकांक्षा परिपूर्ति गर्ने माध्यम संविधानसभा हो । त्यसैले संविधानसभाको निर्वाचन हुनु पर्छ भन्ने आमचाहना हो । नयाँ नेपाल निर्माणको प्रवेश विन्दु संविधानसभा हो ।

**संविधानसभाको निर्वाचन हुनुपर्ने विषयमा एकमत भए पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपले मान्य हुने वातावरण निर्माण हुनु पर्दैन र ?**

संविधानसभाको निर्वाचन हुनुअघि निर्वाचनका लागि वातावरण र परिस्थिति निर्माण अपरिहार्य छ । भयरहित र स्वतन्त्र निर्वाचनका लागि शान्ति सुरक्षाको प्रत्याभूति पहिलो सर्त हो । आधुनिक सभ्य राज्यको पहिलो कर्तव्य नागरिकको जीउ, धन, स्वतन्त्रता र सम्मानको संरक्षण गर्नु हो, जुन हुन सकेको छैन ।

दोस्रो सर्त माओवादी बाह्रबुँदे सहमतिपछि विभिन्न सम्झौता र सहमतिको शृंखला पार गर्ने क्रममा गरिएका प्रतिबद्धतालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्‍यो । सहमति र सम्झौता कागजी रूपमा रहिरहने व्यवहारमा परिणत नहुने परिस्थिति रहेसम्म स्वतन्त्र र भयरहित निर्वाचन हुन सक्दैन । गाउँमा अहिलेसम्म पनि माओवादीले निजी र सार्वजनिक सम्पत्ति फिर्ता नगरेको अवस्था छ । गाउँमा त्रासदीपूर्ण, हैकमवादी र हुकुमवादी प्रवृत्ति हावी छ ।


राम्रो संविधान मात्र हैन, सबैको संविधान चाहिएकाले संविधानसभाको निर्वाचनअघि जनजाति, दलित, महिला, चुरे भावर र पिछडिएका जनजाति/आदिवासीबाट उठेको मागलाई अन्तरिम सरकारले सम्बोधन गर्नुपर्ने तेस्रो सर्त हो । राज्यले यी तीनवटै पक्षलाई ध्यान नपुर्‍याई हतारिएर निर्वाचन गरेमा राजनीतिक समस्या सुल्झाउने होइन बल्झाउने काम हुन्छ ।

**यसको मतलब आजको मितिसम्म निर्वाचन हुन सक्ने वातावरण छैन ?**

निर्वाचनका निम्ति निर्वाचन जहिले पनि हुन सक्छ, परिणामुखी निर्वाचन हुन सक्दैन । सरकारमै रहेको शक्ति माओवादीले आफ्नो प्रवृत्ति परिवर्तन गरी सम्पूर्ण रूपमा रूपान्तरण गर्ने, राज्यले शान्ति सुरक्षाको प्रत्याभूति गर्न सक्ने र विभिन्न जातजाति र भूगोलले उठाएको मुद्दामा प्याकेजमा सहमति गर्ने हो भने परिस्थिति बन्न सक्छ । परिस्थिति निर्माण गर्न सके असार ६ गते भनिएकोमा १६ गते होला । तर अहिलेसम्म निर्वाचनको मनोविज्ञान नै सृजना हुन सकेको छैन ।

**शीर्षस्थ नेताहरूले जसरी भए पनि निर्वाचन गर्ने भनिरहेका छन् नि त ?**

प्रधानमन्त्रीले 'असामान्य स्थितिमा असामान्य निर्वाचन' र प्रचण्डले 'जसरी भए पनि निर्वाचन' गर्ने भनिरहनु भएको छ । मैले राजनीतिशास्त्रको अध्ययन र प्राध्यापन पनि गरेँ । तर मैले 'असामान्य निर्वाचन' र 'जसरी पनि हुने निर्वाचन'लाई चिनेको छैन । उहाँहरूले बुझाइदिनुभयो भने मैले ज्ञान पाउँला । मैले बुझेको संविधानसभाको निर्वाचन भनेको सीमान्त नागरिकले जुनसुकै विचार राखे पनि स्वतन्त्र रूपमा उन्मुक्त भएर व्यक्त गर्न पाउनु हो । तर अहिले त उम्मेदवारले गाउँमा जादा मर्छु कि भन्ने अवस्था छ, मतदातालाई फलानालाई भोट हाल्दा के हुने हो भन्ने डर छ, निर्वाचन गराउन जाने कर्मचारीलाई ज्यान जोगाउन गाह्रो छ ।



तस्वीरहरू : ज्योति देवकोटा

**शान्ति सम्झौताका क्रममा बनेको समयतालिकामा ढिलाइ भएकाले यो अवस्था आएको हो । समयतालिकाको अनुसरण नहुनमा कसको दोष छ ?**

एकले अर्कोलाई दोष लगाउनेभन्दा पनि हामी सामूहिक रूपमा जिम्मेवार छौं । सात दलको सहमतिको सरकारले सहमतिको र सहकार्य संस्कृति निर्माण गर्न नसक्दाको प्रवृत्ति पनि जिम्मेवार छ । माओवादी लडाकु, हतियार प्रमाणीकरण र हतियार सुरक्षित भण्डारणका लागि संयुक्त राष्ट्रसंघको प्राविधिक र प्रशासनिक टोलीले समयमै काम नथालेकाले पनि ढिला भएको हो ।

**प्रसंग बदलौं, पार्टी एकीकरण अभियान कहाँ पुगेको छ ?**

मैले हालै जिल्ला भ्रमणका क्रममा प्रशस्त कार्यकर्ताहरूलाई भेटेँ । सबैले तीनवटा मुद्दा जोडदार रूपले उठाए- स्वतन्त्र र भयरहित वातावरणमा संगठन निर्माण, पार्टी एकीकरण र पार्टीभित्र मूल्यांकन तथा आन्तरिक व्यवस्थापनमा लोकतान्त्रिक पद्धतिको विकास । भिन्न दृष्टिकोण र सोच रहेका दलहरू एउटै गठबन्धनमा बसेर काम गरिरहेका छौं भने एउटै झन्डा र एउटै पृष्ठभूमि भएका हामी मिल्नै पर्छ । हामी मिल्छौं । गाउँ तहदेखि केन्द्रसम्म एकताको उत्कट चाहना भएकाले अन्तिम चरणमा छ ।

**कांग्रेस प्रजातान्त्रिकले उठाउने गरेको सम्मानजनक एकताप्रति यहाँहरू सहमत हुनुहुन्छ ?**

कुनै पनि मेलमिलाप र एकता भनेको सम्माजनक हुनुपर्छ । मेलमिलाप भनेको नै सहअस्तित्व हो । त्यसको विधि कुरा गरेर छिनोफानो गर्ने विषय हो, तर एकतामा ढिलाइ गर्नु हुँदैन ।

**संविधानसभा र एकीकरणको तिथिबीच लगनगाँठो छ कि छैन ?**

संविधानसभाको निर्वाचनभन्दा धेरै अगाडि एकीकरण भइसक्नुपर्छ भन्ने मेरो दृष्टिकोण छ । एकता अधिवेशनले नेपाली कांग्रेसले अंगीकार गर्ने भावी रणनीति, राजनीतिक, सामाजिक, आर्थिक रूपान्तरण लगायतका दृष्टिकोण तय गर्नुपर्ने हुन्छ । ■

**माओवादीहरूमा सर्वहारा क्रान्तिका नाउँमा ठालु संस्कृति हावी भएको छ, राज्यको ढुकुटी सोहर्न थालेपछि माओवादीको सान बढेको छ, माओवादी समूह सरकारको तेस्रो हिस्सेदार शक्ति बनिरहेको सन्दर्भमा माओवादीका ज्यादतीहरूले वैधानिकता पाउन सक्ने खतरा छ । यसले भावी मुलुकको दारुण चित्रलाई संकेत गरेको छ ।**



# उग्रवामपन्थी धडधडी

■ शशिधर भण्डारी

**नेपालमा बाह्र वर्षसम्म** उग्रवामपन्थी राजनीतिक लाइनमा हिँडेका माओवादीहरू संसदीय सत्तामा सहभागी भएका छन् । माओवादीको यो दक्षिणपन्थी छलाङले नेपाली जनतामा मुलुक शान्तिको दिशामा उन्मुख हुनेछ भन्ने आशा जगाएको छ ।

मुलुकका लागि यो सकारात्मक छ, तर मार्क्सवादी लेनिनवादी सिद्धान्त र क्रान्तिका हिसाबले हेर्दा माओवादीहरू पनि रूसका लोकवादीहरूजस्तै 'अभागी वीरहरू'को श्रेणीमा पतन भएका छन् । एक्काइसौँ शताब्दीको जनवाद र बहुदलीय जनवादबीचको वैचारिक सामीप्यको आलोकमा हेर्दा अन्तर्राष्ट्रियस्तरमा जस्तै नेपालको कम्युनिष्ट आन्दोलनमा पनि दक्षिणपन्थी संशोधनवादको मोर्चा शक्तिशाली बन्ने देखिन्छ ।

यो मोर्चाले मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा मान्ने कम्युनिष्ट पार्टीलाई आफ्नो विचार अगाडि बढाउन भावी दिनमा अरू कठिनाइ उत्पन्न गराउने सम्भावना प्रबल देखिन्छ ।

केही अपवादलाई छोडेर आधुनिक उग्रवामपन्थीहरूले मार्क्सवाद लेनिनवादपछि माओवादको पदावली थप्ने गरेका छन् । यथार्थमा माओवादको पदावलीले मार्क्सवाद र लेनिनवादको नभई लिनपियाओवादको प्रतिनिधित्व गर्दै छ । सन् १९६० को दशकमा चीनको कम्युनिष्ट पार्टीमा लिनपियाओले माओवाद र सर्वहारा क्रान्तिको नयाँ युगको प्रस्ताव ल्याएका थिए । स्वयं माओकै उपस्थितिमा चीनको पार्टीले लिनपियाओको सो प्रस्ताव अस्वीकार गरेको थियो । त्यति बेला चीनमा सर्वहारा सांस्कृतिक क्रान्ति संचालन भइरहेको थियो, तर लिनपियाओले भनेजस्तो सर्वहारा क्रान्तिको विजयको नयाँ युगको सूत्रपात भएको थिएन । कम्युनिष्ट आन्दोलनमा संशोधनवाद विश्वव्यापीरूपमा हावी भएको थियो ।

माओवाद नयाँ युगको प्रतिनिधि विचार बन्न सक्दैनथ्यो, सर्वहारा क्रान्तिविरुद्ध प्रतिक्रान्ति र साम्राज्यवादको विजयको अभियान अगाडि बढेको थियो । लिनपियाओको विचारले परिस्थितिलाई ठिक ढंगले विश्लेषण गर्न सकेन, उनमा उतारचढाव देखा पर्‍यो । सन् १९७१ तिर लिनपियाओ माओवाद मात्र होइन, माओलाई नै अपदस्त गरेर सत्ताकब्जा गर्ने षड्यन्त्रमा लागेका थिए ।

युगको चरित्रलाई क्रान्तिकारीहरूले ठोस विश्लेषण गर्न सकेनन्, भौतिक परिस्थितिको मूल्यांकन ठिक ढंगले भएन भने क्रान्तिका लागि तयारी गर्ने कठिन काम झन्झटिलो बन्न जान्छ । त्यसैको परिणाम उग्रवामपन्थीहरू र दक्षिणपन्थी संशोधनवादीहरूले राजनीतिक सोचाइमा अस्थिरता देखाउँछन् । तिनीहरूको भूमिका पेन्डुलमको जस्तो हुन्छ, तिनले आफ्नो नीति सिद्धान्त र आदर्शलाई छिटो छिटो बदल्न पुग्छन् । नेपालको कम्युनिष्ट आन्दोलनमा एमाले र माओवादी यसका गतिला उदाहरण हुन् । लिनपियाओले माओवादको प्रस्ताव मात्र होइन, स्वयं माओत्सेतुङको भौतिक शरीरलाई नै पछि मिल्काउन आँटेजस्तो माओवादी समूहले निकट भविष्यमै प्रचण्डपथ मात्र होइन, माओवादको पदावलीलाई नै मिल्काउनेछ । किनभने वर्तमान संसदीय संस्कारमा साझेदारी र माओवादको उग्रवाम प्रस्तावना सैद्धान्तिक र दार्शनिक दृष्टिकोणले पनि मिल्न सक्दैनन् ।

व्यक्तिगत आतंकवादी क्रियाकलाप कुनै राजनीतिक समस्याभन्दा बढी शान्ति सुरक्षाको समस्या बन्ने गर्छ । गत बाह्र वर्षमा माओवादी जनयुद्ध राजनीतिकभन्दा बढी शान्तिसुरक्षाकै समस्या बन्न पुगेको थियो । राजनीतिमा कम्तीमा पनि राजनीतिक नारामा स्थिरता हुन्छ, माओवादीका गतिविधि एकातिर उग्रवामपन्थी हुने अर्कोतिर राजनीतिक लाइन र नारामा स्थिरता नहुने गरेका कारणले माओवादीको राजनीतिभन्दा कूटनीतिक आयाम अघि लागेको देखिन्थ्यो । जनवादी क्रान्तिलाई प्राथमिकतामा राखेर सुरु गरिएको जनयुद्ध, राजासँग कार्यगत एकता, राजनीतिक दलहरूको अस्तित्व अस्वीकार, राजा ज्ञानेन्द्रसँग सत्तासाझेदारीको अपेक्षा, भारतविरुद्ध सुरुङयुद्धको घोषणा, त्यसअगाडि करिब चार वर्ष भारतसँगको मौनता, अहिले भारतसँगको प्रगाढ मित्रता आदि थुप्रै उतारचढावको माझमा आजको माओवादीलाई हेर्दा राजनीतिक भरोसाका आधार त्यति बलिया देखिँदैनन् । अब नेकपा (माओवादी) आधुनिक संशोधनवादी दलदलबाट उठ्न नसक्ने कुरा भने पक्का छ ।

तैपनि इतिहासका निर्माता केही वीरहरू महापुरुषहरू हुन्छन्, जनता बेकारका भीड हुन्, शस्त्र शक्ति सबै हो भन्ने उग्रवामपन्थी धडधडीबाट माओवादी समूह अझै मुक्त छैन । माओवादी अन्तरिम व्यवस्थापिका हुँदै सरकारमा सामेल भइसक्दा पनि सुदूरबस्तीहरू माओवादी ज्यादतीबाट आक्रान्त छन् । तिनीहरूमा सर्वहारा क्रान्तिका नाउँमा ठालु संस्कृति हावी भएको छ, राज्यको ढुकुटी सोहर्न थालेपछि माओवादीको सान बढेको छ, माओवादी समूह सरकारको तेस्रो हिस्सेदार शक्ति बनिरहेको सन्दर्भमा माओवादीका ज्यादतीले वैधानिकता पाउन सक्ने खतरा छ, यसले भावी मुलुकको दारुण चित्रलाई संकेत गरेको छ ।

दण्डहीनताको राजनीतिक संस्कृति हावी भएको मुलुकमा प्रजातन्त्रको स्थान कायम हुन सक्दैन । जनआन्दोलन २०६२-६३ लाई दबाउने क्रममा मानवताविरोधी अपराध गर्नेहरूलाई सरकारले कुनै कारबाही गरेको छैन । रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनमा नल्याएर मल्लिक आयोगको प्रतिवेदनलाई जस्तै रद्दीको टोकरीमा फाल्ने प्रपञ्च भइरहेको देखिन्छ । विगत बाह्र वर्षमा माओवादीका तर्फबाट भएका मानवताविरोधी अपराधका विषयमा त झन् छानबिनसम्म नहुने भएपछि मुलुकमा कानुनी राज र विधिको शासन छ भनेर भन्न सकिने अवस्था छैन । राज्यका तर्फबाट भएका मानवताविरोधी अपराधीहरूलाई छुट दिने, माओवादीले गरेको मानवताविरोधी अपराधको छानबिन समेत नहुने र मुलुकमा माओवादीहरूका सामाजिक फासीवादी क्रियाकलापहरू कायमै रहने हो भने मुलुकमा संविधानसभाको चुनाव निष्पक्ष र धाँधलीरहित ढंगले सम्पन्न हुनेछैन, प्रजातन्त्रको जग उखेलिन सक्नेछ, सँगसँगै माओवादी सम्मिलित सरकारको स्वरूप नव फासीवादी हुन सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन, अहिले माओवादीलाई बाहुबलको ध्वाँसमा सरकार र व्यवस्थापिकामा रहन जति सजिलो छ, जनताबाट अनुमोदन भएर यो स्थानमा आउन कयौं गुणा कठिन हुनेछ । तसर्थ आज दण्डहीनताको संस्कार स्थापित गराउने विश्वास गर्न धेरै मुस्किल छ । नेपाली जनताले माओवादीसहितको अन्तरिम सरकारले केही गर्ला भनेर आशा गरे पनि यसको जगमा दण्डहीनताको संस्कार छ, विधिको शासन, कानुनी राज्य र गणतन्त्रलाई स्थापित गर्न सबभन्दा पहिले माओवादीले आफ्नो अतीतलाई मिल्काएर सभ्यताको जग बसाल्नु पर्छ ।

अझै पनि घोषित रूपमा रिमसँगको सम्बन्ध नतोडेको अवस्थामा माओवादीको सैद्धान्तिक कडी ट्राटस्कीवादसँग जोडिएको देखिन्छ । विश्वका कतिपय देशका ट्राटस्कीवादीहरू कालान्तरमा प्रतिक्रियावादी वा जातिवादी धरातलमा पतन भएका

**अहिले माओवादीलाई बाहुबलको ध्वाँसमा सरकार र व्यवस्थापिकामा रहन जति सजिलो छ, जनताबाट अनुमोदन भएर यो स्थानमा आउन कयौं गुणा कठिन हुनेछ । नेपाली जनताले माओवादीसहितको अन्तरिम सरकारले केही गर्ला भनेर आशा गरे पनि यसको जगमा दण्डहीनताको संस्कार छ । विधिको शासन, कानुनी राज्य र गणतन्त्रलाई स्थापित गर्न सबभन्दा पहिले माओवादीले आफ्नो अतीतलाई मिल्काएर सभ्यताको जग बसाल्नु पर्छ ।**

छन् । श्रीलंकाको ट्राटस्कीवादको पक्षमा उभिएर 'कि मार कि मर'को बाटोमा हिँडेको ध्वस्तावादी समूह अहिले सिंहाली जातिवादी धाराको एउटा पिट्ठु संगठन बनेको छ र त्यहाँको सरकारमा सामेल छ । नेपालमा पनि ट्राटस्कीवादसित कडी जोडिएको माओवादी समूह पनि संसदीय सरकारमा सामेल भएको छ । यसले पनि वर्गीय नाराका स्थानमा क्षेत्रीय र जातीय नारा उछाल्न थालेको पृष्ठभूमिमा माओवादी समूहको भावी स्वरूप चरम उपभोक्तावादी मात्र होइन, नव अधिनायकवादी हुन सक्ने खतराले इन्कार गर्न सकिँदैन । आज द्वन्द्व समाधानका खातिर मुलुक कूटनीतिक आयामका वरिपरि घुमिरहेको अवस्थामा माओवादीहरूले आफ्ना उन्मादलाई वैधानिक बनाउन प्रयत्न गरिरहेका छन्, तर भावी दिनहरू त्यस्ता उन्मादका लागि आज जस्तै सरल र सपाट हुनेछैनन्, सरकारमा सहभागी भएका कारण माओवादीले राज्यसंचालनको विधिमा गुणात्मक ढंगले जिम्मेवारीबोध पनि गर्नुपर्नेछ । देशको अर्धसामन्ती र अर्ध औपनेवेशिक अवस्था विश्वव्यापीकरण र क्रान्तिका लागि प्रतिकूल अवस्था कायम रहेको परिस्थितिमा तडकभडकसहित सरकारमा गएका माओवादीहरूलाई अगाडि बढ्न सजिलो छैन । तिनीहरूले आफ्नो आर्थिक सामाजिक, राजनीतिक र सैद्धान्तिक अवस्थालाई थप प्रस्ट पार्दै जानुपर्नेछ । यसका लागि माओवादी समूहलाई पचासौं फोरममा 'हामी दक्षिणपन्थी कम्युनिष्ट हौं' भन्ने प्रचण्डको भनाइ दोहोर्‍याइरहनु पर्नेछ । प्रचण्डपथ र माओवाद मात्र होइन, अरू धेरै कुरा परित्याग गर्दै जानु पर्नेछ । विगतमा माओवादी समूहले संचालन गरेको उग्रवामपन्थी गतिविधिले कम्युनिष्ट आन्दोलनलाई जति क्षति पुग्यो, माओवादी दक्षिणपन्थी कित्तामा गएपछि पनि कम्ती क्षति पुग्नेछैन, मार्क्सवाद, लेनिनवाद माओ विचारधाराको झन्डा उठाउन आजभन्दा कठिन स्थितिको सामना गर्नु पर्नेछ, तर त्यो रातो झन्डा उठ्नेछ किनभने समाजमा वर्ग रहेसम्म त्यो झन्डा उठिरहनेछ । माओका शब्दमा 'ज्वाराभाटाका विरुद्ध संघर्ष गर्नु नै मार्क्सवादी लेनिनवादी सिद्धान्त हो' त्यही सिद्धान्तको बाटोबाट हिँड्यो भने मात्रै सच्चा कम्युनिष्टले आफ्नो झन्डा उठाउन सक्नेछन् र अगाडि बढ्न सक्नेछन् ।

मार्क्सवादी लेनिनवादी सिद्धान्त, दर्शन र राजनीतिको हिसाबले माओवादी समूहले महान् गद्दारीको दिशा समाते पनि तात्कालिक राजनीतिक हिसाबले वर्तमान माओवादी सम्मिलित सरकार जनआन्दोलनकारीहरूको सरकार हो । तसर्थ केही मात्रात्मक सुधार, परिवर्तन र शान्तिका खातिर यो सरकारलाई हामी आशाको नजरले हेरिरहेका छौं, तर सरकारमा रहेको दलहरूको विगत, तिनीहरूको चिन्तन, व्यवहार र गतिविधि हेर्दा पूरा विश्वास पर्ने र भरोसा गर्न नसकिने भएको छ ।

*भण्डारी अखिल नेपाल बुद्धिजीवी संघका केन्द्रीय सदस्यका साथै नेकपा मसालसँग सम्बन्धित छन् ।*






# हामी सेवा विस्तार गर्न चाहन्छौं

**एडेल अली, एयर अरेबियाका मुख्य कार्यकारी अधिकृत हुन् । लोकतन्त्र बहालीसँगै नेपालमा उडान सुरु गरेको एयर अरेबियाले संयुक्त अरब इमिरेट्सको सारजहाँबाट काठमाडौंका लागि सीधा उडान भर्दै आएको छ । भविष्यमा उडान संख्या थप्ने योजना कार्यान्वयन गर्न यसै साता अली काठमाडौं आएका थिए । सोही अवसर पारेर समयका मधुसूदन पौडेलले अलीसँग गरेको वार्तालाप :–**

**नेपाल उडानको अनुभव कस्तो रहेको छ ?**

हामीले नेपालमा उडान सुरु गरेको गत ६ महिनाको अवधिमा राम्रो अनुभव हासिल गरेका छौं । हाम्रो उडानमा यो सफल प्रयोग पनि हो । त्यसले हाम्रो उडान संख्यामा वृद्धिको सम्भावना बढेको छ । एयर अरेबियाले नेपालको पर्यटन उद्योग र मध्यपूर्वका बीचमा सम्पर्कका रूपमा काम गरिरहेको छ ।

**एयर अरेबिया नेपालमा उडान बढाउन चाहन्छ ?**

हामी आफ्नो सेवा विस्तार गर्न चाहन्छौं । हाम्रो चासो कुनै पनि मुलुकमा वैधानिक आधारमा के गर्न सकिन्छ भन्नेमा छ । अहिले नेपालमा हाम्रो सरोकार भनेको उडान संख्यामा वृद्धि गर्ने नै हो ।

**के भइरहेको छ त्यसका लागि ?**

सम्बन्धित मन्त्री र नागरिक उड्डयन प्राधिकरणका अधिकारीहरूसँग पनि हाम्रो छलफल भएको छ । उनीहरू यस विषयमा सकारात्मक छन् । मैले के पाएँ भने नेपालको पर्यटन बजार विस्तार गर्नु पर्छ भन्नेमा नेपाली अधिकारीहरू सचेत छन् । अहिले उडान वृद्धिका लागि आवश्यक वैधानिक प्रावधानहरू पूरा गर्न हामी सहमतिको चरणमा छौं । यसो हुँदा दुवै पक्षलाई फाइदा पुग्छ भन्ने कुरा स्पष्ट छ ।

**नेपालमा बजार विस्तारका लागि केही फरक योजना पनि छन् कि ?**

हाम्रो सोच अलि फरक खालको छ । एयर अरेबियालाई हामीले 'बजेट एयरलाइन्स'का रूपमा नेपालमा ल्याएका छौं । हरेक मानिसलाई पैसाको उत्तिकै महत्त्व हुन्छ । हाम्रो विमानसेवा प्रयोग गर्दा उनीहरूले बचाउने रकमले छुट्टै फाइदा हात पार्न सक्छन् ।

**नेपाल खाडी मुलुकका लागि 'लेबर मार्केट' रहेको सन्दर्भमा यो अवधारणाले काम गरे होला ?**

नेपाल 'लेबर मार्केट' त हुँदै हो, मध्यपूर्वका लागि उत्तिकै महत्त्वको छ, नेपालको पर्यटन । यहाँ पर्यटनका आफ्नै प्रकारका मौलिक आयामहरू छन्-हिमाल, वन्यजन्तु र अन्य प्राकृतिक सम्पदाहरू । हामीले नेपालको भ्रमणका लागि हाम्रो मुलुकका नागरिकलाई प्रोत्साहित गरिरहेका छौं र त्यसको राम्रो उत्तरदायित्व छ । पर्यटन उद्योगको विकासका लागि नेपालले होटल लगायतका पर्यटन पूर्वाधार विकासलाई अझै अगाडि बढाउनु पर्छ ।

**नेपाली लगानीकर्तासँग संयुक्त लगानीमा जाने कुनै योजना छ कि ?**

हामी बिजनेसमा छौं । हरेक सम्भावना लिन जहिले पनि इच्छुक रहन्छौं, तर नेपालमा संयुक्त लगानीमा जाने कुनै प्रस्ताव अहिले हामीसँग छैन ।

**नेपालका स्थानीय साझेदारसँग काम गर्दाको अनुभव कस्तो छ नि ?**

हामीबीच एकदमै राम्रो सम्बन्ध छ । हामी दुवै बिजनेसमा छौं र हामी दुवैको दर्शन पनि एउटै हो- व्यापार बढाउने । हाम्रा साझा अवधारणा र रुचि छन् । यी विषयहरूमा हामी खुला दिमागले सोच्छौं । सोहीअनुसार थप व्यापार बढाउनेतर्फ हामी लागिरहेका छौं ।

**गल्फ र कतार एयरले पनि खाडी मुलुकबाट नेपालमा उडान भर्दै आएका छन् । अब उनीहरूसँग प्रतिस्पर्धा बढ्ने भयो ?**

हामी आफ्नै बजारमा आधारित छौं र हाम्रो उडान संयुक्त अरब इमिरेट्सबाट हो । अन्य एयरलाइन्सले पनि आ-आफ्ना आधारबाट उडान भर्छन् । हामी एक-अर्काका प्रतिस्पर्धी अवश्य पनि हौं । तर, सकारात्मक व्यापारमा हामी विश्वास गर्छौं ।

**एयर अरेबियाको अन्तर्राष्ट्रिय गन्तव्यहरू कति छन् ?**

अहिले हामी ३४ वटा अन्तर्राष्ट्रिय गन्तव्यहरूमा उडान भरिरहेका छौं । सामान्यतया ४-५ घन्टाका उडानहरू हामीले भरिरहेका छौं, युरोप र एसियाका । हाम्रो लक्ष थप गन्तव्यमा पुग्नेछ । ■



भास्कर ओझा



**अठसठ्ठी वर्षीया दिलमाया खड्गीलाई सामाजिक शिक्षा पढाउने एक शिक्षकसहित तीनजनाले बोक्सीको नाममा दिसा खुवाएको आरोप लागे पनि खड्गीको पक्षमा साक्षी बन्न एकजना बाहेक कोही तयार छैन् ।**

# वृद्धामाथि अत्याचार

■ **रमेशकुमार पौडेल/चितवन**

**चितवनको** दारेचोक गाविस-३ कुरिनघाटकी ६८ वर्षीया दिलमाया खड्गी तथाकथित बोक्सीको आरोपमा प्रताडित भएकी छन् । गाउँका शिक्षकसहित तीनजनाले आफूलाई बोक्सी भन्दै कुटपिट गर्ने र दिसा ख्वाउने काम गरेको उनी बताउँछिन् । चितवन हुँदै काठमाडौं आउने पृथ्वी राजमार्गको आडैमा चैत १९ गते दिउँसो यो घटना भएको थियो ।

कुरिनघाटका दीपक खनालकी भाइबुहारीलाई बोक्सी मन्त्रले विरामी बनाएको भन्दै आफूमाथि खनालसहित हरि श्रेष्ठ र डोलबहादुर घिमिरेले त्यस्तो व्यवहार गरेको दिलमायाले *समय*लाई बताइन् । दीपक स्थानीय सर्वशान्ति उच्च माविमा प्राथमिक तहका शिक्षक हुन् । उनले सामाजिक विषय पढाउँछन् । श्रेष्ठ र घिमिरे खनालका छिमेकी हुन् ।

दिलमायाको घरभन्दा लगभग दुई सय मिटर पश्चिममा खनालको घर छ । खनालको घरनजिकैको जनसेवा मेडिकलअगाडि घटना भएको थियो । भक्कानिँदै दिलमाया भन्छिन्, 'मेडिकलभित्र बसिरहेकी थिएँ, मलाई दीपकले कपालमा समातेर बाहिर ल्याए । श्रेष्ठले लौरोमा र घिमिरेले प्लास्टिकमा दिसा ल्याएर ख्वाए ।'

दिलमाया भन्छिन्, 'म बूढीलाई भुत्ल्याउँदै बाहिर ल्यायो, आँगनमा पल्टायो र दिसा पनि ख्वायो ।' त्यस दिनको कहालीलाग्दो दिनलाई उनले नचाहेर पनि सम्झिरहेकी थिइन् । उनको कुहिनो र टाउकोमा चोट लागेको छ । आफूमाथि त्यस्तो अत्याचार हुँदा बचाउन कोही आएनन् भनेर दिलमाया बिलौना गर्छिन् ।

यो घटनाको प्रत्यक्षदर्शी धेरै छन्, तर जनसेवा मेडिकलका पूर्ण श्रेष्ठ बाहेक त्यस दिनको बारेमा बताउन कोही मान्दैनन् । पूर्ण भने घटना भएकै हो भन्छन् । मेडिकलबाट दीपकले थुतेर आँगनमा लगेको र हरि श्रेष्ठले छेस्कोमा दिसा ल्याएर आएको उनले देखेका हुन् । आँगनबाट लछारपछार गर्दै उनीहरूले दिलमायालाई बाटोसम्म पुऱ्याएका थिए ।

बाटोमा लडिरहेकी दिलमायाले लगाएको कपडाभर दिसैदिसा थियो । प्रेमकी श्रीमतीले साबुन दिएर दिसा धोएको दिलमाया र पूर्ण दुवैले बताए । उनलाई लागेको चोटको उपचार पूर्णले नै गरेका हुन् । तर यो भएको हो होइन भनेर त्यस वरपरका अरूलाई सोध्दा 'केही थाहा नै पाएका छैनौं' भने ।

कुटपिट गरेको र दिसा ख्वाएको आरोप डोलबहादुर स्विकार्दैनन् । बोक्सी हुन्छ भन्ने विश्वास आफूहरूलाई नभएकाले त्यस्तो गर्ने कुरै आउँदैन भन्छन् । घटनाका मुख्य आरोपी दीपक भने विरामी बुहारीको उपचार गर्न काठमाडौं गएका छन् ।

दीपककी भाइबुहारी शोभा घटना भएकोभन्दा अघिल्लो साँझदेखि विरामी भएकी थिइन् । चिच्याउँदै कराउँदै नेवारीमा बरबराउने गरेको डोलबहादुर बताउँछन् । घटना भएको दिन जब दिलमाया दीपकको घर कटेर मेडिकलमा पुगिन्, तब शोभा बेहोस भएको उनले बताए । यसो भएपछि केटाहरू आवेशमा आएर दिलमायासँग बाझ्न थालेको र आफू सम्झाई बुझाई गरेर फर्काउन मात्र गएको उनले बताए ।

'दिलमायाको चालचलन पनि अनौठो थियो । पानी फुक्ने माटो फुक्ने गर्थिन् घर काटेर जाँदाबित्तिकै बुहारी बेहोस भएपछि दीपक आवेशमा आइहालेछ भनाभन र धकेलाधकेल भएको हो, अरू केही होइन ।' त्यस दिनको घटनाका बारेमा डोलबहादुरले यतिसम्म बताए ।

स्वयं डोलबहादुरले यति भन्दा पनि वरपरका अरूले केही नभन्नु घटना लुकाउने चाल भएको बताउँछिन्, पारालिगल समिति दारेचोककी सुकमाया परियार । दीपक आएर दिलमायाका छोरा सानुबाबुलाई जे भयो भयो अब मिलौं भनिरहेका छन् । तर दिलमाया मानिरहेकी छैनन् । यो घटनाको बारेमा कतै उजुरी परेको पनि छैन । ■




Don't take risk
with your valuable earning

We are here

Kist Merchant Banking
and Finance Limited

Anamnagar Kathmandu Nepal
P.O.Box:8975 EPC no. 5157 Ph no.4232500
Fax no. 4229588

Email: kistfinance@wlink.com.np,
Website: www.kistfinance.com.np

# चकनाचुर सपना



गत महिना एघारजना केटीहरू लिएर भारत पस्ने क्रममा नेपालगन्ज नाकामा पक्राउ परेकी राजपुर, दाङकी यमी डाँगी । ▼



दलालहरूमार्फत ६ महिनाअघि कुवेत गएकी छोरी मीना परियारसग निकै प्रयासपछि टेलिफोनमा कुरा गर्न पाए पनि छोरीले कुवेतमा निकै दुःख पाएको बताएपछि बर्दिया सानोश्री-२ मा बस्दै आएकी आमा राममाया रोएको रोयै छन् ।

■ **रुद्र खड्का/बर्दिया** (तस्बिर पनि)

**आर्थिक समस्याले** ग्रस्त परिवारकी मनकुमारी चौधरीले ६ महिनाअघि कुवेत जाने बेला बुबाआमालाई भनेकी थिइन्, 'विदेशमा काम गरेर पैसा कमाएर घरपरिवारलाई आर्थिक रूपले राम्रो बनाउँछु र हाम्रा पनि सुखका दिन आउन सक्छन् ।'

यति ठूलो सपना देखेकी गुलरिया नगरपालिका-१ स्थायी घर भएकी १६ वर्षीया मनकुमारीलाई सुरुमा त बाबुआमाले रोक्न खोजे, तर ज्यादै ढिपी गरेपछि उनलाई जान दिए । अशिक्षित बाबुआमाले दलालहरूले भनेको कुरा र छोरीले देखेको सपना साँचो पो हो कि भन्ने पनि ठाने । गत असोज ३० गते गाउँकै शेरबहादुर विश्वकर्मा र शारदा बेगमले मनकुमारीलाई कुनै शुल्कविना कुवेत पठाइदिन्छौं भनी भारतको मुम्बई पुऱ्याए ।

कुवेतमा राम्रो काम पाइने र सोहीअनुसार पैसा पनि हुने तथा पुगेको भोलिपल्ट फोन गर्ने भन्दै दलालहरूमार्फत मनकुमारीले घर छोडेको ६ महिना बितिसक्दा पनि उनले घरपरिवारमा पैसा त होइन, आफू कुवेतमा पुगे-नपुगेको तथा काम पाए-नपाएको र आफ्नो अवस्थाबारे समेत कुनै खबर गरेकी छैनन् । 'कुवेत पुगेको भोलिपल्ट फोन गर्छु भनेकी छोरीले ६ महिना बित्न लाग्दा पनि सम्पर्क नगरेपछि दलालहरूले छोरीलाई बेचे कि भन्ने शंका लागेको छ', आमा फूलकुमारी चौधरी भन्छिन् ।

पैसा कमाएर आर्थिक अवस्था सुदृढ पार्ने सपना देखेकी मनकुमारीले घर छाडेको ६ महिना बित्न लाग्दा पनि सम्पर्क हुन नसकेपछि छोरी बेचिएकी ठानी आमाबुबाले यतिखेर छोरीको उद्धारको लागि विभिन्न संस्थाहरू चहार्दै हिँडे पनि छोरीलाई खोज्नको लागि कतैबाट सहयोग पाउन सकेका छैनन् । केही दिनअघिसम्म गाउँमा रहेका दलालहरूले मनकुमारी कुवेतमा पुगिसकेको बताउने गरे पनि अहिले उनीहरूले गाउँ छोडेका छन् । बाबु पन्चु चौधरी भन्छन्, 'धेरैपटकको प्रयासपछि दलालले एउटा टेलिफोन नम्बर दिएको र त्यसमा सम्पर्क गर्दा फोनमा 'मनकुमारी नही है' भन्ने जवाफ आउँछ ।'

बर्दियाको सदरमुकाम छेउछाउमै मात्र एकजना युवतीमात्र यसरी रोजगारीको नाममा बेखबर भएकी होइनन् । आर्थिक अवस्था अत्यन्त जर्जर भएका गुलरिया नगरपालिका वरपरका गाउँमा मात्र ६ महिनायता कुवेत लाने भनी मुम्बई पुऱ्याइएका दसजना १६/१७ वर्षे युवतीहरू सम्पर्कविहीन भएका छन् । तीमध्ये दलालहरूले दिएको टेलिफोन नम्बरको आधारमा सम्पर्क गरिएका तीन युवतीहरूले भने आफूहरू कुवेतमा निकै जोखिममा रहेको र चाँडै घर फर्काउन आग्रह गरेको उनीहरूका अभिभावकहरूले बताएका छन् ।

विसं. २०६३ साल असोज ६ गते कुवेत लाने भनी दलालद्वय विश्वकर्मा र बेगमले नै लिएका कक्षा ७ मा अध्ययनरत सानोश्री-२ की १६ वर्षीया मीना परियारसँग केही दिनअघि मात्र सम्पर्क गर्दा छोरीले रुँदै आफूले पाएको यातना र जबरजस्त सहनु परेको यौनहिंसाको पीडा पोखेपछि छोरीलाई मुक्त गराउन सहयोगको लागि आमाबाबु कहिले प्रहरी कार्यालय त कहिले विभिन्न संस्थाहरूमा धाइरहेका छन् । 'विदेश जानु हुँदैन भनी पटक-पटक सम्झाउँदा पनि छोरीले मानिन, अहिले जतिसक्यो छिटो फिर्ता बोलाउनु पऱ्यो, नत्र मर्छु भनिरहेकी छ', आमा राममाया भन्छिन्, 'पैसा कमाउन गएकी छोरीले खालि सधैं मोटो जीउ भएको मान्छे आएर टोकिरहन्छ र बस्न सक्ने अवस्था छैन भनिरहेकी छ ।' उनी रुँदै भन्छिन्, 'छोरीलाई चाँडो फिर्ता गराउन सकिएन भने मर्न सक्छे ।' यो परिवार एक्लैले मीनालाई कुवेतबाट फिर्ता गराउन भने मुस्किल छ, किनकि अज्ञानताका कारण के गर्नुपर्छ भन्ने जानकारी छैन र अर्कोतर्फ आर्थिक संकटका कारण फर्काउनलाई चाहिने पैसाको जोहो गर्न सक्ने अवस्था पनि छैन । राममायाका अनुसार निकै प्रयासपछि दलालले दिएको एउटा नम्बरको सहायताले चार ठाउँमा फोन गर्दा यसै साता मात्र मीनासँग सम्पर्क भएको थियो ।

**राजधानीवरपरका सोझा तामाङ समुदायका छोरीचेली बेच्न पल्किएका दलालहरू यति बेला चेतनाको स्तर निकै कम भएको सुदूर र मध्यपश्चिमतिर पल्किएका छन् । यसको ताजा उदाहरण हो, ६ महिनायता कुवेत लाने भनी मुम्बई पुऱ्याइएका गुलरिया नगरपालिकावरपरका गाउँका दसजना १६–१७ वर्षीया युवतीहरू । पैसा कमाउने ठूला सपना देखेर दलालको कब्जामा परेका सुदूर र मध्यपश्चिमतिरका अनेकौं युवतीहरूको सपना चकनाचुर भएको छ ।**



**६ महिनाअघि कुवेत जाने भनी दलालमार्फत भारतको मुम्बई पुगेकी गुलरिया–१, बर्दियाकी मनकुमारी चौधरीकी आमा फूलकुमारी । ६ महिनासम्म छोरीले कुनै सम्पर्क नगरेपछि चौधरीपरिवारले १६ वर्षीया छोरी बेचिएको आंशका गर्न थालेको छ ।**

यता मीनासँगै गएकी २९ वर्षीया भविसरा सुनारको परिवारलाई कतिसम्म ढाँटिएको छ भने उनलाई कुवेत सम्पर्क गर्नको लागि भनेर बर्दियाकै जुमनी गाविसको एउटा टेलिफोन नम्बर दिइएको छ । दुई बच्चाहरू र श्रीमान्लाई घरमै छोडेर पैसा कमाउनको लागि कुवेत जान भनी मुम्बई गएकी भविसराका श्रीमान् कर्णबहादुरका अनुसार दलालहरूले दिएको टेलिफोनमा सम्पर्क गर्दा जमुनी गाविस पऱ्यो भन्ने जवाफ आउँछ ।

गत दुई वर्षदेखि सोझा र निरक्षर महिलाहरू कुवेत पठाउने काम गर्दै आएका बर्दिया सानोश्रीका २३ वर्षीया शारदा बेगम र ३१ वर्षीय शेरबहादुर विश्वकर्माले यो अवधिमा कति महिलालाई विदेश पठाए, त्यसको संख्या प्राप्त हुन नसके पनि बर्दियाका अन्य गाउँहरू तथा सुर्खेतका दलित र गरिब बस्तीहरूबाट पनि महिलाहरू विदेशमा पठाएको सुन्नमा आएको स्थानीय व्यक्तिहरू बताउँछन् । विदेश पठाइएका महिलाहरू रोजगारीको नाममा बेचिएको बताउने सानोश्री गाविस–२ का वडा सदस्य भोगबहादुर ओली भन्छन्, 'सानोश्रीबाट मात्र बीसभन्दा बढी महिलाहरू कुवेत जाने भनी लगिएको छ ।' 'बर्दिया र सुर्खेतका अन्य स्थानबाट पनि महिलाहरू लगिएको सुन्नमा आएको छ', ओलीले भने । नेपाली महिलाहरूलाई कामको लागि कुवेत पठाउन नपाइने कानुन हुँदाहुँदै पनि लुकीछिपी थुप्रै दलालहरूले ग्रामीण भेकबाट नेपाली महिलालाई भारत हुँदै विदेश पठाउने गरेका छन् ।

विदेश जाँदा लाग्ने खर्च मात्र होइन, राहदानी बनाउने पैसासमेत दलालहरूले व्यहोर्ने गर्छन् । मौखिक रूपमा महिलाको लागि विदेश जान ३५ हजार रुपैयाँ लाग्छ भन्ने गरे पनि रिपोर्टिङको क्रममा भेटिएका दसजना महिलाका आफन्तहरूले कत्ति पनि पैसा तिरेका छैनन् । जसका कारण पनि रोजगारीका नाममा महिलाहरूलाई बेचिएको हुनसक्ने धेरैले आशंका गरेका छन् । कुवेत पुगेको केही समयमै पैसा पठाउने र चाँडै सम्पर्क हुने भन्दै विदेश लगिएका महिलाहरू सम्पर्कमा नआएपछि सुरु भएको हल्लाखल्लाका कारण यतिखेर विदेश पठाउने विश्वकर्मा र बेगम फरार भएका छन् ।

स्थानीय बासिन्दाहरूले लगिएका महिलाहरू कहाँ गए भनी सोधपुछको लागि विश्वकर्मा र बेगमलाई समातेर गत महिना प्रहरीकहाँ पुऱ्याएका पनि थिए । तर, प्रहरीले कुनै कारबाहीविना उनीहरूलाई छोडेको थियो । साथै मीना परियारका बुवा छोपबहादुरले चेलीबेटी बेचबिखनविरुद्धको मुद्दा दर्ता गर्न खोजे पनि प्रहरीले मुद्दा दर्ता गर्न नमानेको उनको गुनासो छ । 'तीनपटक मुद्दा दर्ता गर्न गए, तीनैपटक फिर्ता पठाए', उनी भन्छन्, 'प्रहरीले ढिलाइ गरिरहेकाले धेरै आंशका उब्जिएको छ ।' तर बर्दिया प्रहरीले भने सबुत प्रमाण जुटाएर कारबाही गर्ने प्रयास भइरहेको जानकारी दिएको छ । प्रहरी उपरीक्षक श्याम खड्काका अनुसार कसले के भन्यो भन्नुभन्दा पनि प्रहरीले के गऱ्यो भन्ने कुरा ठूलो हुने भएकाले यतिखेर प्रहरी ती महिलाहरू बेचिएका नै हुन् भन्ने प्रमाण जुटाउने प्रयासमा लागेको छ । चेलीबेटी बेचबिखनविरुद्धको मुद्दा जति समय बिते पनि दर्ता गर्न पाइने कानुनी सुविधा छ । तर यतिखेरको पहिलो समस्या कुवेत लगिएका केटीहरूलाई कसरी फर्काउने भन्ने हो ।

राम्रो कमाइ हुने आशाले कुवेत जान घर छोडेका मनकुमारी चौधरी, मीना परियार तथा भविसरा सुनारको जस्तै अवस्था छ, गीता चौधरी, जुना परियार, पुतली परियार, टंका परियार, अन्जु विश्वकर्मा र शोभा विश्वकर्माहरूको पनि । तीनजनाका आफन्तहरूले फोनमा कुरा गर्न पाउनुबाहेक अरू सबै महिलाहरूको कुनै खबर छैन । सम्पर्क भएका महिलाहरूले शारीरिक र यौनजन्य यातना पाएको आफन्तहरूसँग टेलिफोनमा बताएका छन् । साथै उनीहरूले विदेशमा पैसा कमाउनको लागि पुगे पनि ६ महिना कामबापतको पैसा हातमा पनि नपाएको घरपरिवारलाई खबर दिएका छन् ।

डेढ वर्षको छोरालाई घरमै छोडेर कुवेत जान भनी गएकी सानोश्री–२ की १९ वर्षीया पुतली परियारसँग पनि ६ महिनायता सम्पर्क हुन नसकेपछि थप चिन्ता थपिएको बाबु कृष्ण परियार बताउँछन् ।

त्यस्तै १५ वर्षीया अन्जु पनि सम्पर्कविहीन भएपछि वृद्ध बाजे कहिले प्रहरी कार्यालय त कहिले दलाल खोज्दै भौंतारिरहेका छन् ।

बर्दिया सदरमुकाम गुलरिया नगरपालिकाभित्र र नजिकका गाउँहरूबाट विदेश लगिएका यी १० महिलाहरूको घरपरिवारसँग सम्पर्क नभएपछि बेचिएको हुन सक्ने आंशका सार्वजनिक भए पनि ग्रामीण बस्तीहरूमा विदेश जाने र सम्पर्क हुने-नहुने महिलाहरूको संख्या कति छ भन्ने पत्ता लगाउन एक बृहत् अध्ययन गर्नुपर्ने अवस्था सृजना भएको छ । गरिबीले सताइएका ग्रामीण भेकका सर्वसाधारण पैसा कमाउने लोभले अन्जानमै विदेश जाने, दुःख पाउने र फर्कने क्रम चलिरहेको छ । अवैध तरिकाले विदेश जानु हुँदैन भन्ने सामान्य जानकारीसमेत छैन, ग्रामीण भेकका सर्वसाधारणलाई । दलालहरूले विदेश पठाएका केही महिलाहरूले राम्रो काम र दाम पनि पाएका छन्, जसले गर्दा अन्य महिलाहरूलाई विदेश जान प्रेरित गरेको हुन सक्छ । गाउँमा रहेका महिलाहरूलाई सम्झाई-बुझाई मुम्बईसम्म पुर्‍याउने र मुम्बई पुगेपछि अरूसँग सम्पर्क गराइदिने काम दलालहरूले गरिरहेका हुन्छन् ।

बर्दियाका दसजना महिलालाई बेचेको आरोप लागेकी शारदा बेगमका बुबा हैदर अलि भने उनीहरू बेचिएको कुरा अस्वीकार गर्दै सम्झौताअनुसार दुई वर्षमा घर फर्कने दाबी गर्छन् । आर्थिक समस्याले छटपटिएका महिलाहरूलाई सहयोग गर्न खोज्दा उल्टै अपजस पाएको उनको दुखेसो छ । विगत दुई वर्षयता छोरी शारदाले विदेश पठाएका झन्डै अन्य ५ महिलाहरूले भने राम्रोसँग काम गरिरहेको अलिले बताए । विदेश पठाइएकाहरूमा सबै महिलाहरू छन् ।

चेलीबेटी बेचबिखनविरुद्धको अभियानमा लाग्दै आएको माइती नेपालका अनुसार यतिखेर दाङ, सुर्खेत, बर्दिया, बाँके लगायतका जिल्लाहरूबाट महिलाहरूलाई मुम्बई पुर्‍याई कुवेत लैजाने क्रम बढ्दो छ । सुरुमा दलालहरूको कुरा सुनेर महिलाहरूलाई विदेश पठाउन अनुमति दिने अभिभावक तथा लोग्नेहरूले पछि माइती नेपालमा उद्धारको लागि आग्रह गर्ने गरेको माइती नेपालकी रीता भट्टराईले बताइन् । ठूलो संख्यामा नेपालगन्ज नाका तथा अन्य चोरी नाकाहरूबाट महिलाहरूलाई भारत पुर्‍याउने गरे पनि पीडित महिलाहरूले नै सहयोग नगर्ने प्रचलनका कारण चेलीबेटी बेचबिखन रोक्न गाह्रो भइरहेको भट्टराईले बताइन् । 'गरिबीका कारण सताइएका महिलाहरू नै जस्तोसुकै यातना पाए पनि विदेश जान लालायित हुन्छन्', भट्टराईले भनिन्, 'अन्जानमा विदेश लगिने र गरिबीको मार खप्न नसकेकाहरू बराबरी जस्तै विदेश गइरहेका छन् ।' नेपालगन्ज नाकामा बसेर शंकास्पद महिलाहरूलाई सम्झाउने तथा रोक्ने काम गर्दै आएको माइती नेपालको नेपालगन्जस्थित कार्यालयका अनुसार विसं. २०६३ सालमा १ सय ३ जनाचेलीबेटी बेचबिखन भएको भन्दै उद्धारको लागि आग्रह गरिएका निवेदन पीडितहरूले दिएका छन् । तीमध्ये १४ जना महिलाहरू भारतको विभिन्न स्थानमा फेला परेका थिए । साथै नेपालगन्ज नाकाबाट महिलाहरूलाई भारत लान खोज्ने दुईजनालाई २०६३ सालमा अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ । गत वर्ष सोही मुद्दामा आठजना व्यक्ति जेल परेका थिए ।

## तीन महिनामै फिर्ता

मुम्बई हुँदै कुवेत पुगेका दुई महिलाहरू कुवेत गएको तीन महिना नपुग्दै फिर्ता भएका छन् । बिरामी भनेर फिर्ता पठाइएका सानोश्रीका १८ वर्षीया देवी परियार र ३२ वर्षीया बास्मती परियार कुवेतबाट फर्केदेखि विभिन्न स्थानमा घुमिरहेका छन् । रिपोर्टिङको क्रममा कुवेतबाट फर्किएका महिलाहरूसँग सम्पर्क गर्ने प्रयास गरिए पनि उनीहरू घरबाहिर रहेका कारण भेट हुन सकेन । गत मंसिर १४ गते मुम्बई हुँदै कुवेत पुगी फर्किएकी देवी परियारका बुबा काशिराम परियारका अनुसार कुवेत पुगेको सात दिनमै बिरामी भएपछि छोरी र बुहारी फर्किएकी हुन् । कुवेत जानुअघि स्वास्थ्यपरीक्षण गरेका महिलाहरूले कुवेत जानुअघि दुई महिनाभन्दा बढी भारतको मुम्बई बसेका थिए ।

कुन रोगका कारण बिरामी भएको हो भन्ने थाहा हुन नसके पनि फागुनमा घर फर्कनबित्तिकै झाँक्रीले रोग निको पारेको बाबु काशिरामले दाबी गरे । बास्मती र देवी नाताले एकै घरका भाउजू र नन्द हुन् । उनीहरूले पनि विदेश गएर फर्किंदासम्म कुनै पैसा तिरेका छैनन् र विदेशमा पनि कुनै कमाइ गरेनन् । ■

vianet
INTERNET
Unlimited Dialup Night Surfing
- One Year - Rs. 2160/-
- Six Months - Rs. 1200/-
- Three Months - Rs. 660/-
- One Month - Rs. 300/-
8 pm to 9 am & Saturday Whole day
*Inclusive of all taxes
Just Call To Open An Account
Tel: + 977 1 5546410
vianet communications
info@vianet.com.np
www.vianet.com.np




# छैन अधिकार

**उदारीकरणका नाममा सरकारले सृजना गरिदिएको 'अराजक' बजार प्रणालीको प्रत्यक्ष नकारात्मक असर भोग्न बाध्य छन् नेपाली उपभोक्ता ।**

■ **मधुसूदन पौडेल/काठमाडौं**

**चैतको तेस्रो साता** ग्याँस व्यवसायीहरूले एउटा सार्वजनिक सूचना जारी गरे- ग्याँसको अभावका कारण समस्यामा परेका उपभोक्ताले धैर्यधारण गर्नुहोला ।

आफ्ना केही माग पूरा गराउन उनीहरू ग्याँसको ढुवानी बन्द गरेर आन्दोलनमा उत्रिएका थिए । जसका कारण लामो समयदेखि ग्याँसको अभाव भोग्दै आएका उपभोक्ता कालोबजारीमा पनि ग्याँस किन्न सक्ने अवस्थामा थिएनन् । ग्याँसको अभावमा चुलो सल्काउन नपाएका उपभोक्तालाई उनीहरूले धैर्यधारण गर्ने सल्लाह दिए । एक उपभोक्ता अधिकारवादी भन्छन्, 'उपभोक्तालाई भोकै बस्न तयार होऊ भन्नुको अर्थ के हुन्छ ? आफ्नो स्वार्थपूर्तिका लागि व्यापारीहरू कतिसम्म तल ओर्लिन सक्छन् भन्ने उदाहरण हो यो ।'

अत्यावश्यक सेवामा उपभोक्ताले खेप्नु परेको हैरानीको प्रतिनिधित्व गर्छ, वर्षैभरि भोग्नु पर्ने ग्याँसको अभाव र कालोबजारी नियन्त्रणमा सरकारी उदासीनताले । उदारीकरणका नाममा सरकारले सृजना गरिदिएको 'अराजक' बजारप्रणालीको प्रत्यक्ष नकारात्मक असर भोग्न प्रत्येक व्यक्ति बाध्य बनाइएका छन् । नेपालमा सानो कुटिर उद्योगदेखि बहुराष्ट्रिय निगमसम्मले उपभोक्ताको हितमाथि कुठाराघात गर्दै आएको आरोप लाग्दै आएको छ । तर, यसलाई नियन्त्रण गर्ने सरकारी निकाय भने केही गर्न नसक्ने असहाय साबित भइरहेको छ ।

मुनाफाका लागि व्यापारीहरूले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउने खाद्यान्नमा गैरखाद्य वस्तु मिसाउने परम्परा अब सामान्य लाग्न थालेको छ । जसका कारण मानिस विभिन्न रोगको सिकार बनेका छन् । तर, उद्योगपति-व्यापारीहरूले विरामीहरूलाई पनि उत्तिकै डसेका छन्, औषधीको अनैतिक व्यापारका माध्यमबाट । नेपाल जस्ता अल्प विकासित मुलुकका लागि औषधीमा गरिने खेलबाडले मानिसको जीवनलाई झनै संकटग्रस्त अवस्थामा पार्ने गरेका छन् । विरामीलाई निको पार्नका लागि दिइने औषधी एकातिर घातक रूपमा दिइने गरेको छ भने अर्कोतर्फ यसको मनपरि मूल्य र अनावश्यक औषधी भिडाउने परम्पराले विरामीहरू आजित छन् । उपभोक्ता हित संरक्षण मञ्चका महासचिव ज्योति बानियाँको विश्लेषणमा औषधी र चिकित्सा सेवामा उपभोक्तालाई छनोटको अवसर नहुँदा उनीहरू झनै लुटिनु परेको छ । मुख्य रूपमा चिकित्सकहरू नैतिक दायित्व विमुख हुने र औषधी उत्पादक कम्पनीदेखि बिक्रेताहरू चिकित्सकलाई आफ्नो प्रभावमा पारेर मुनाफा मात्रै कुम्ल्याउने होडमा सामेल हुँदा उपभोक्ताको अवस्था दयनीय बन्न पुगेको छ ।

मानिसको जीवनमाथि बढ्दो खेलवाडलाई ध्यानमा राख्दै यो वर्षको विश्व उपभोक्ता दिवसको नारा नै 'अनैतिक औषधी व्यापार' तयार गर्नु परेको छ । नेपालको औषधी व्यापारमा अध्ययन गरेका साउतीका वरिष्ठ कार्यक्रम अधिकृत कमलेश अधिकारीले औषधीको उपभोग गर्ने मिति समाप्त भएपछि पनि पुनः लेबल लगाएर बजारमा बेच्ने गरिएको र डाक्टरहरूलाई प्रभावमा पारेर औषधी उत्पादक कम्पनीहरूले आफ्ना उत्पादनहरूको बजार प्रवर्धन गरिरहेको तथ्य आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन् ।

नेपाली डाक्टरले विरामीलाई कसरी औषधीको सिफारिस गरिरहेका छन् भन्ने बारेमा सरकारले गम्भीर निरीक्षण प्रणालीको विकास गर्नु पर्ने सुझाव विज्ञहरूले दिँदै आएका छन् । औषधी व्यवस्था विभागले औषधी व्यापारका विकृति रोक्ने प्रयास गरिएको दाबी गरे पनि २० प्रतिशत औषधीको बिक्री गलत रूपमा भइरहेको स्वीकारोक्तिबाट पनि नेपाली उपभोक्ता गलत औषधी सेवन गर्न बाध्य पारिएका छन् भन्ने प्रस्ट हुन्छ ।

## नेपालका लागि अपवाद !

सामान्यतया एकाधिकारको अन्त्य गरिदिँदा तयार

# दण्डहीनताको सिकार

संयुक्त राष्ट्रसंघको साधारणसभाले उपभोक्ता अधिकारसम्बन्धी अनुबद्ध सन् १९८५ अप्रिल ९ मा पारित गर्‍यो । सोही अनुबद्धबमोजिम प्रत्येक देशले उपभोक्तालाई सुरक्षाको अधिकार, आधारभूत आवश्यकता प्राप्तिको अधिकार, छनोटको अधिकार, सूचनाको अधिकार, प्रतिनिधित्वको अधिकार, कानुनी उपचारको अधिकार, उपभोक्ता शिक्षाको अधिकार र स्वच्छ वातावरणको अधिकार प्रदान गर्नुपर्ने उक्त अधिकार रक्षा र संवर्द्धनका लागि राष्ट्रिय कानुन तर्जुमा गरी नियमनको लागि सशक्त निकायको स्थापना र संचालन गर्नुपर्ने समेतको अनुबद्धमा उल्लेख छ । संसारभरका देशहरूजस्तै छिमेकी भारतले पनि एक वर्षभित्रै उपभोक्ता संरक्षण ऐन जारी गरे पनि नेपालले १२ वर्षपछि वा प्रजातन्त्रको पुनःस्थापनापछि यही वैशाख २०५५ बाट लागू हुने गरी ऐन जारी गर्‍यो । त्यसपछि मात्र नेपालमा पनि वस्तु र सेवामा उत्पादक र बिक्रेता नै जिम्मेवार हुनुपर्ने केभेट भेन्डिटरको सिद्धान्त, उपभोक्ता सार्वभौम हुन् भन्ने सिद्धान्त र उपभोक्तालाई सम्मान गर्नुपर्ने सिद्धान्त संस्थापित र लागू भएको छ ।

नेपालमा अहिले पनि वस्तु र सेवाको असहज र दुर्लभ आपूर्ति, उपभोक्ताको अनुहार हेरेर गरिने मूल्य र गुणस्तरहीन वस्तु र सेवा उपभोग गर्ने उपभोक्ता आफूलाई सार्वभौमअधिकार सम्पन्न भएको अनुभूति गर्दैनन् । आफ्नो अधिकार हनन भएउपर चुनौती दिन चाहँदैनन् । वस्तु र सेवामा अत्यन्त अव्यवस्था देखे पनि त्यसविरुद्ध प्रभावकारी वकालत गर्न चाहँदैनन् । यस्तो अव्यवस्था हुनुको पछाडि वस्तु र सेवा नियमन गर्ने निकायको चरम निष्क्रियता, वस्तु तथा सेवाप्रदायकहरूको अत्यधिक दबाब र स्वच्छ प्रतिस्पर्धाविरुद्धका क्रियाकलाप र उपभोक्ता शिक्षाको अभावले गर्दा यस्तो दण्डहीनताले प्रश्रय पाएको हो ।

### उपभोक्ता अधिकारहरू :-

क) जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने उपभोग्य वस्तु तथा सेवाको बिक्रीवितरणबाट सुरक्षित हुन पाउने अधिकार,

ख) अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निम्ति उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिणाम, शुद्धता

हुने बजार संयन्त्रले उपभोक्ताको हित संरक्षण हुन्छ भन्ने विश्वव्यापी मान्यता राखिएको छ । तर, नेपालमा एकाधिकारवाला कम्पनी वा प्रतिस्पर्धामा रहेका कम्पनी दुवैले उपभोक्ताको हितमा काम गर्न सकिरहेका छैनन् । यसको प्रतिनिधित्व गर्छन्, दूरसञ्चारमा हालसम्म पनि एकाधिकार जमाएको नेपाल टेलिकम र नेपालका चाउचाउ उद्योगहरूले । उपभोक्तासँग विकल्प नहुँदा नेपाल टेलिकमले वास्तवमा उपभोक्तालाई वैधानिक रूपमा लुटेको छ भन्दा फरक पर्दैन । उसले केही समयअघिसम्म मोवाइल फोन सेवामा मन लागे जति शुल्क लगाएको थियो । अहिले पनि यो व्यवस्था एकहदसम्म कायमै छ । नेपालको सबैभन्दा धेरै मुनाफा आर्जन गर्ने र सरकारलाई राजस्व बुझाउने सार्वजनिक संस्थानका रूपमा स्थापित हुनका लागि उसले सरकारबाट नागरिकसँग मनपरी रकम असुल्ने अधिकार पनि लिएको थियो भन्ने कुरालाई सरकारले पनि लुकाउँदै आएको छ । टेलिकमले अहिले पनि मोवाइल सेवामा 'रोमिङ चार्ज' लगायतका महँगा शुल्क, साधारण फोन सेवामा पनि सेवाकर लगायतका चर्का करहरू उपभोक्ताबाट असुल्दै आएको छ । दूरसञ्चारका अन्य सेवाप्रदायकहरूलाई 'इन्टरकनेक्सन' शुल्कका नाममा चर्को शुल्क लिएका कारण उपभोक्ताले अन्य कम्पनीबाट पाउन सक्ने सस्तो सेवा टेलिकमलाई बुझाउनु पर्ने महँगो शुल्कका कारण पाउन सकिरहेका छैनन् । टेलिकमले लिने रकमको तुलनामा यसका सेवाहरू अहिले पनि प्रभावकारी बनाइएका छैनन् । नेपालको दूरसञ्चारमा रहेको एकाधिकार उसका लागि उपभोक्ताबाट आफूलाई आवश्यकताअनुसारको रकम उठाउने माध्यम बनिरहेको छ ।

तर प्रतिस्पर्धामा रहेका नेपाली उद्योगहरूमा पनि यो नियम लागू हुन सकेको छैन । प्रतिस्पर्धाले गुणस्तर बढ्ने र मूल्य घट्ने नियमविपरीत नेपालमा भने प्रतिस्पर्धामा रहेका उद्योगहरूले 'सिन्डिकेट' लागू गर्ने परम्परा विकास भएको छ । नेपालमा चाउचाउ उद्योगमा व्यापक प्रतिस्पर्धा मानिए पनि उपभोक्ताको हितका दृष्टिले यो उद्योगमा प्रतिस्पर्धात्मक अवस्था रहेको मान्न सकिने अवस्था छैन । नेपाली चाउचाउ कम्पनीहरू गुणस्तर बढाउन वा उपभोक्तालाई सस्तो मूल्यमा आफ्ना उत्पादन बिक्री गर्ने मामिलामा प्रतिस्पर्धा गरिरहेका छैनन्, एउटै स्तरको गुणस्तर र मूल्य कायम गर्ने 'साँठगाँठ'लाई बलियो पारेर उनीहरूले विज्ञापनमा मोटो रकम खर्च गरिरहेका मात्रै छैनन्, प्रतिस्पर्धामा जानु पर्ने डरका कारण बहुराष्ट्रिय उत्पादकहरूलाई नेपालमा छिर्न नदिने नीति तयार गर्न सरकारलाई समेत प्रभावमा पारेका छन् ।

गलत नियतका साथ सुरु गरिएको प्रतिस्पर्धाले अन्ततः उपभोक्तालाई झन् चर्को समस्यामा पुर्‍याउँछ भन्ने दृष्टान्तहरू नेपालमै गरिएका केही प्रयोगहरूले सिद्ध गरेका छन् । यसको नमुनाका रूपमा देखापरेको छ- नेपालको हवाई क्षेत्र । पछिल्लो समयमा कस्मिक एयरले अन्य एयरलाइन्सको तुलनामा झन्डै आधा सस्तो भाडादरमा आन्तरिक र क्षेत्रीय हवाई उडानहरू सुरु गर्दा उपभोक्ताले राहतको महसुस गरे । तर, उक्त एयरलाइन्स अन्य हवाई कम्पनीहरूसँग प्रतिस्पर्धामा उत्रिँदा उसको प्रस्ट चाहना अन्य हवाई कम्पनीहरूको समाप्ति र यो उद्योगमा आफ्नो एकछत्र राज गर्ने थियो । यो प्रतिस्पर्धामा केही समय उपभोक्ताले राहत अनुभव गरे पनि उसको चाहना पूरा भएको अवस्थामा हवाई क्षेत्रमा सृजना हुने एकाधिकारले उपभोक्तालाई फेरि चर्को हवाई भाडाको पीडामा पुर्‍याउने निश्चित थियो । तर, कस्मिक एयर आफ्नो लक्ष्यमा पुग्न सकेन र अस्वस्थ प्रतिस्पर्धाका कारण ऊ आफै संकटमा परेको छ ।

एकाधिकार वा अस्वस्थ प्रतिस्पर्धा रोक्न प्रतिस्पर्धा कानुनलाई प्रभावकारी रूपमा लागू गर्नु एक मात्र विकल्प मानिएको छ, विश्वव्यापी रूपमा । उदारीकरणका नाममा अनियन्त्रित लगानीलाई संरक्षण गरिँदा एकाधिकारले बजारमा कब्जा जमाउने र त्यसको प्रभाव उपभोक्तामा मात्र सीमित नरही राजनीतिमा समेत पर्ने यथार्थताबाट जोगिन प्रतिस्पर्धा कानुन अत्यावश्यक मानिएको हो । नेपालमा धेरै ढिलो गरी यसै वर्षमात्रै प्रतिस्पर्धा कानुन ल्याइए पनि यसमा यो कानुनमा हुनै पर्ने कतिपय मर्म नसमेटिँदा नेपाली उपभोक्ता आफ्नो हित संरक्षण गर्न र एकाधिकारको पीडाबाट मुक्त हुन सकेका छैनन् । नेपालमा पनि केही कम्पनीहरूले ९० प्रतिशतभन्दा बढी बजार हिस्सा ओगटेर एकाधिकार जमाउँदै आएका छन् । कार्यान्वयनमा ल्याइएका उपभोक्ता हितसँग सम्बन्धित ऐनहरू कार्यान्वयनमा सरकारको बेवास्ताले पनि उपभोक्ताको समस्या जटिल रूपमा रहेको छ ।

यातायात क्षेत्रमा विद्यमान आलोपालो (सिन्डिकेट) उपभोक्ताका लागि निकै चर्को समस्याका रूपमा खडा छ । तर, सरकार आफैंले बनाएका कानुन लागू गर्नुको सट्टा सिन्डिकेटको अप्रत्यक्ष सहयोगीका रूपमा प्रस्तुत भएको छ । पोखराका लागि हिँडेका हरियो प्लेटका गाडीहरू कुन ठाउँमा आक्रमणको निसानामा पर्छन् भन्ने कुनै टुंगो हुदैन । नेपाल घुम्न आएका पर्यटकलाई बीच बाटोमा अमानवीय ढंगले ओह्रालेर सिन्डिकेटका पक्षधरहरूले नेपालकै बेइज्जती गरेका छन्, अन्तर्राष्ट्रियस्तरमा । कुनै पनि यात्रु आफ्नो खर्च गर्न सक्ने हैसियत वा इच्छाका आधारमा यात्रा गर्न पाउने अधिकारलाई उनीहरूले रोकेका छन्, बलपूर्वक । यही अवस्था छ, पश्चिम नेपालको यात्रामा वा अरनिको राजमार्गमा पनि । यसले मानिसको स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने अधिकारबाट वञ्चित गरेको छ ।

अत्यावश्यक वस्तुहरूको आपूर्ति, मूल्यमा नियन्त्रण, मानिसको स्वास्थ्यप्रति खेलवाड गर्न नपाउने अधिकारलाई संरक्षण गर्न सरकारले विशेष ध्यान पुर्‍याउनु आवश्यक देखिएको छ । संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको उपभोक्ता हित अनुबन्ध र आफैंले कार्यान्वयनमा ल्याएको उपभोक्ता संरक्षण ऐनको पालना सरकारका लागि कानुनी बन्धन पनि हो । खुला बजार अर्थतन्त्रसँगै भित्रिने नकारात्मक असरहरूबाट जोगाउने दायित्व पनि अन्ततः यसका पक्षधरहरूको नै हो । ■

गुणस्तर आदिबारे सूचित हुने अधिकार,

ग) यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनोट गर्न पाउने अवसरमा विश्वस्त हुने अधिकार,

घ) उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपर्युक्त निकायबाट सुनुवाइ हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार,

ङ) अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्तामा हुने शोषण तथा मर्काको विरुद्ध सुनुवाइ र क्षतिपूर्ति पाउने अधिकार,

च) उपभोक्ता शिक्षाको अधिकार

छ) स्वच्छ वातावरणको अधिकार

ज) आधारभूत आवश्यकता प्राप्तिको अधिकार

संयुक्त राष्ट्रसंघबाट पारित उक्त अनुबन्धले प्रत्येक देशलाई उपभोक्ता शिक्षा र सूचनाको लागि विशेष कार्यक्रम संचालन गर्नुपर्ने दायित्व सुम्पेको छ। वस्तु र सेवामा उपभोक्ताविरुद्ध हुने अनुचित कार्यबाट उपभोक्तालाई संरक्षण गर्न त्यस्ता वस्तु र सेवा छनोट गर्न सक्षम बनाउन उपभोक्ता अधिकार र दायित्वका विषयमा पर्याप्त जानकारी दिन सरकारले आम उपभोक्ताको लागि विशेष कार्यक्रम संचालन गर्नु पर्छ। त्यसमा उपभोक्ताको आर्थिकस्तर र शैक्षिक क्षमताअनुसार प्रत्येक तहमा कार्यक्रम संचालन गर्नुपर्ने पनि सरकारलाई दायित्व तोकिएको देखिन्छ। यसैगरी विद्यालय तथा उच्च शिक्षासम्मका पाठ्यसामग्रीमा उपभोक्ता शिक्षासम्बन्धी विषय समावेश गर्नुपर्ने पनि सरकारलाई जिम्मा दिइएको छ।

उपभोक्ता शिक्षाका लागि तयार हुने सामग्रीमा समावेश गर्नुपर्ने न्यूनतम विषयहरू :-

१. स्वास्थ्य कुपोषण असुरक्षित खाद्य वस्तुबाट सिर्जना हुने रोगसम्बन्धी
२. मिसावटसम्बन्धी
३. असुरक्षित वस्तुहरूसम्बन्धी
४. नापतौलसम्बन्धी व्यवस्था र उपकरणसम्बन्धी
५. अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थासम्बन्धी
६. वस्तु र सेवाको मूल्य र गुणस्तर व्यवस्थासम्बन्धी
७. सेवा र वस्तुसम्बन्धी कानुन, मर्काउपर उपचार पाउने निकायहरू र उपभोक्ता संस्थाहरू
८. उपभोक्ताका लागि अति आवश्यक हुने

## सूचनाहरू

उपभोक्ता शिक्षाका लागि राज्यले विशेष लगानी गर्नुपर्ने उक्त लगानी उपभोक्ता संघसंस्था र सञ्चारमाध्यमलाई विशेष सहयोग पुर्‍याउनु पर्ने व्यवस्था पनि उक्त अनुबद्धमा पाइन्छ। त्यसैगरी सेवाप्रदायकहरूले पनि अस्वस्थ प्रतिस्पर्धाहरूलाई अन्त्य गर्दै उपभोक्ता शिक्षाका लागि असल विज्ञापन तथा सूचना प्रवाह समेतका कार्यक्रम सञ्चालन गर्नुपर्ने दायित्व पनि तोकिएको छ। सरकार आफैंले उपभोक्ता शिक्षाका लागि तालिम सञ्चालन गर्नुपर्ने त्यसका लागि आम सञ्चारमाध्यमलाई विशेष सहयोग गर्नुपर्ने भनिएको छ। उल्लिखित अनुबद्धमा नेपालले पनि हस्ताक्षर गरेकाले त्यसको बाध्यात्मक रूपमा सरकारले पालना गर्नुपर्छ। नेपालले उपभोक्ता संरक्षण ऐन र नियम सोही अनुबद्धको कारणले जारी गरेको भए पनि सो अनुबद्धमा उल्लेख भएका उपभोक्ता शिक्षा लगायत अन्य विषयहरू कति प्रभावकारी कार्यान्वयन गरेको छ भन्ने विषयमा गम्भीर समस्याको विषय बनेको छ।

आम उपभोक्तालाई उपभोक्ता अधिकार लगायतका अन्तर्राष्ट्रिय मान्यताअनुरूप दिनु र गर्नुपर्ने उपभोक्ता शिक्षासम्बन्धी कुनै पनि काम नेपाल सरकारले गरेको अवस्था देखिँदैन। दक्षिण एसियाका देशहरूमध्ये अशिक्षित जनताको दर बढी रहेको नेपालमा झन् बढी उपभोक्ता शिक्षामा सरकारले लगानी र कार्यक्रम संचालन गर्नुपर्नेमा त्यसतर्फ कुनै ध्यान दिएको अवस्था छैन। बरु उल्टो वस्तु तथा सेवाप्रदायकका विभिन्न संघसंस्थाद्वारा आयोजित कार्यक्रममा गएर सरकारका मन्त्रीहरू तथा उच्च पदाधिकारीहरू अर्थतन्त्र बलियो बनाउन वस्तु तथा सेवाप्रदायकलाई आफूखुसी गर्न दिन पर्ने त्यस्ता प्रदायकहरू बलिया र संगठित भएमा देशको अर्थतन्त्र बलियो हुने। सरकार सेवाप्रदायकहरूको सहजकर्तामात्र बन्ने नियमन तथा नियन्त्रक नबन्ने भन्ने जस्ता अभिव्यक्ति दिइरहेको पाइन्छ। सरकार कर तिर्ने उपभोक्ताप्रतिभन्दा पनि कर संकलन गर्ने वस्तु तथा सेवाप्रदायकप्रति बढी उत्तरदायी छ भन्ने देखिन्छ। त्यसैको मार आम उपभोक्ताले पल-पल चुक्ता गरिरहनु परेको छ।

संयुक्त राष्ट्रसंघबाट पारित भएका उपभोक्ता अधिकारसम्बन्धी अनुबद्धको नाम समेत वस्तु तथा सेवा नियमन गर्ने मन्त्रालय, विभाग, प्राधिकरण, निकायहरूका कर्मचारी तथा पदाधिकारीले सुनेको अवस्था पनि छैन। उनीहरूलाई के मात्र थाहा छ भने आफूहरू केवल वस्तु तथा सेवाप्रदायकलाई व्यापार व्यवसायमा सहज तथा सजिलो बनाइदिने र कागजपत्र मिलाइदिने पात्र मात्र हुँ। उपभोक्ता शिक्षा भनेको वस्तु तथा सेवाप्रदायकलाई अप्ठ्यारो पार्ने कडी हो। तर सरकार र अधिकांश कर्मचारीबाट उपभोक्तासम्बन्धी कार्यक्रमलाई प्रोत्साहन गरेको पाइँदैन। यी सबैको विश्लेषणबाट सजिलैसँग के भन्न सकिन्छ।

नेपालमा वस्तु तथा सेवा नियमनको लागि विभिन्न कानुन जारी भएका छन्। ती कानुन चलाउन विभिन्न विभाग, कानुनपरिषद्, समिति आदि निकायलाई दायित्व दिइएको छ। उक्त दायित्वभित्र उपभोक्ता शिक्षा सञ्चालनसम्बन्धी पनि पर्दछ, तर त्यस्ता निकायबाट खासै प्रभावकारी कार्यक्रम संचालन गरिएका छैनन्। अरू त धेरै टाढाको कुरा हो। नेपालका वस्तु तथा सेवा नियमन गर्ने विभाग, प्राधिकरण, परिषद् समितिहरूबाट प्रकाशित हुने मासिक, अर्धवार्षिक, वार्षिक, स्मारिका आदि प्रकाशनहरू स्थानीय तथा नेपाली भाषामा हुँदैनन्। नेपाली जनताले बुझ्ने स्थानीय भाषामा प्रकाशन नगरी अंग्रेजीमा प्रकाशन गर्ने त्यस्ता निकायले कसरी वस्तु तथा सेवाप्रदायकलाई वस्तु तथा सेवामा स्थानीय भाषाको लेबल प्रयोग गरेर वस्तु तथा सेवाको सहज आपूर्ति मूल्य र गुणस्तर खुल्ने विज्ञापन गर भन्न सक्छन्। यस्ता अनेकौं कुराबाट पनि नेपालमा उपभोक्ता शिक्षाको अवस्था कस्तो छ भन्ने कुरा प्रस्ट हुन आउँछ।

सेवाप्रदायकहरू पनि जिम्मेवार देखिँदैनन्। नाफाको निश्चित प्रतिशत उपभोक्ता शिक्षाको लागि खर्च गर्नुपर्नेमा कुनै पनि नेपाली उद्योग वा आयातकर्ताले यस्तो पारदर्शिता तथा शिक्षाको लागि खर्च गरेको पाइँदैन। अधिकांशले केवल बढी खर्च गरेर वस्तु र सेवाको कुनै सन्दर्भ नै नहुने शब्द र दृश्य देखाएर तथा आर्थिक प्रलोभनमा पारेर विज्ञापन प्रसारण र प्रकाशन गरेको पाइन्छ। यसबाट उपभोक्ता अधिकार निर्मम रूपले हनन भइरहेको छ। त्यो उपर सुनुवाइ गरिदिने कोही देखिँदैन।

उपभोक्ता शिक्षाको प्रभावकारी माध्यम विद्यालय तथा उच्च शिक्षाको पाठ्यसामग्रीमा उपभोक्तासम्बन्धी विषय समावेश गर्नुपर्ने मुख्य हो। विदेशतिर प्रायजसो सबै स्तरमा उपभोक्तासम्बन्धी विषय समावेश छ। तर नेपालमा उच्च माध्यमिक तह र स्वास्थ्यका केही क्षेत्र तथा कानुन संकायअन्तर्गत मात्र उपभोक्तावादसम्बन्धी विषयमा पढाइ हुने गरेको छ। त्यसबाहेक उपभोक्ता संघसंस्थाहरूले बारम्बार विषय समावेशको कुरा उठाए पनि पाठ्यसामग्रीमा समावेश हुने गरेको छैन। जसबाट उपभोक्तावादसम्बन्धी सामान्य दृष्टिकोण समेत बौद्धिक वर्गमा प्रक्षेपण हुन सकेको छैन।

उपभोक्ता शिक्षा आम उपभोक्तामा कसरी प्रक्षेपण गर्ने भन्ने व्यापक छलफलको विषय बन्नु पर्छ। उपभोक्ता सजग भएमा मात्र स्वच्छ प्रतिस्पर्धा तथा व्यापारिक क्रियाकलाप गर्ने वस्तु तथा सेवाप्रदायकहरू संरक्षित हुन्छन् र तिनको विकासको साथै बजारको पनि विकास हुन्छ भने अर्कोतिर उपभोक्ताको अधिकार संरक्षण र रक्षा हुन्छ र राज्यले पनि आफ्नो दायित्व पूरा गरेको महसुस गर्छ। यसका लागि उपभोक्ता संघसंस्थाहरूलाई र आम सञ्चारमाध्यमलाई राज्यले सहयोग गर्नु पर्छ। राज्यबाट तयार र प्रक्षेपण हुने पाठ्यसामग्रीमा पनि अनिवार्य रूपले उपभोक्तासम्बन्धी विषय समावेश हुनु पर्छ। त्यसैगरी उपभोक्ताभन्दा पहिला नियमन निकाय तथा विधायिकालाई उपभोक्ता शिक्षको विषयमा तालिम र विषयको जानकारी दिइनु पर्छ। किनकि कानुनको स्रोत र कार्यान्वयनको मुख्य पाटो तिनै हुन्। जबसम्म नियमन निकाय, सरकार, सेवाप्रदायकहरूमा उपभोक्ता शिक्षाको लागि केही गर्नुपर्छ भन्ने अनुभूति हुँदैन। तबसम्म नेपाली उपभोक्ता जागरण अचेत नै रहन्छ। अचेतनाबाट व्यूझँदा नेपाली बजार अहिले जस्तै गम्भीर अव्यवस्था र दण्डहीनताको सिकार भइरहने देखिएको छ।

*(लेखक उपभोक्ता हित संरक्षण मञ्च, नेपालका महासचिव हुन्)*

# साधारण सदस्य नै नभई अध्यक्ष

**कुनै व्यक्ति संघको** साधारण सदस्य नै नभई अध्यक्ष जस्तो शक्तिशाली पदमा निर्वाचित भयो भन्ने हल्ला सुन्दा अचम्म लाग्न सक्छ । तर, यस्ता हल्ला नेपाली खेलकुदमा साँचो हुने गरेका छन् । गत साता यस्तै हल्ला सत्य सावित भयो । राष्ट्रिय खेलकुद परिषद् मातहतको कर्मचारी संघको निर्वाचनमा साधारण सदस्य पनि नभएका कराँते प्रशिक्षक नारायणदेव राणा अध्यक्षमा निर्वाचित भए । उनी मात्र होइन, २१ सदस्यीय नवनिर्वाचित समितिमा कसैको सदस्यता छैन ।

'खेलकुद कुनै पार्टी विशेषको संगठन होइन, त्यसैले सदस्यता लिनु पर्ने कुनै कारण छैन', कर्मचारी संघका नवनियुक्त अध्यक्ष राणाले *समय*सँग भने । २०४८ सालमा अन्तिमपल्ट कर्मचारी संघको निर्वाचन भएको थियो । १५ वर्षपछि चैत २३ गते दोस्रोपल्ट संघको निर्वाचन सम्पन्न भएको थियो । निर्वाचनमा करिब ५९ जिल्लाका १ सय ६ महाधिवेशन प्रतिनिधिहरूले भाग लिएका थिए । निर्वाचनमा प्रत्यक्ष र अप्रत्यक्षरूपमा ६ सय कर्मचारीले भाग लिएको तदर्थ समितिका कार्यवाहक अध्यक्ष नवीन उप्रेती बताउँछन् ।

परिषद्भित्रै दुईवटा कर्मचारी संघ अस्तित्वमा देखिएका बेला यसमा स्पष्ट नभई निर्वाचन प्रक्रिया अगाडि बढाएको, जिल्ला संघको स्वरूप थाहा नभएको र सदस्यता वितरण पनि नगरिएको स्थितिमा निर्वाचन गर्न लागेकोमा आफ्नो असहमति जनाउँदै मोरङ जिल्लाले भाग लिएन । मोरङ जिल्ला खेलकुद संघर्ष समितिका सचिव हकीका सहायक प्रशिक्षक रञ्जन थापाले चुनावअगाडि जिल्ला अधिवेशन पनि नबोलाएको स्थितिमा कर्मचारी संघको आधिकारिकतामाथि प्रश्न उठाउँदै भने, 'भोलि अर्को संघको निर्वाचन भएको खण्डमा साधारण सदस्यता पनि नपाएका कर्मचारीहरूले भाग नलेलान् भन्ने सुनिश्चितता कसले गर्न सक्छ ?'

तर, निर्वाचन समितिमा पनि बसेका उप्रेती राखेपका स्थायी कर्मचारीहरू स्वतः साधारण सदस्य हुने प्रावधान कर्मचारी संघको विधानमा भएको हुँदा राजनीतिक संगठन जस्तै सदस्यता बाँड्नु पर्ने आवश्यकता नरहेको बताउँदै भन्छन्, 'यो पार्टी संगठन होइन ।' कर्मचारी संघको विधानमा दोस्रो दर्जाभन्दा माथिका कर्मचारीहरू संघमा बस्न नपाउने नियम रहे पनि पहिलो र दोस्रो दर्जाका कर्मचारी निर्वाचनअगाडि संघमा बसेको र उनीहरूले नै निर्वाचन गराएको विषयमा उठेको प्रश्नको जवाफ दिँदै उनले भने, 'कर्मचारी संघको पछिल्लो विधान तदर्थ समितिले यसै वर्ष तयार पारेको हो । त्यसैले विधानले पूर्णता पाउन महाधिवेशन कुर्नु पर्ने आवश्यकता थियो ।' राष्ट्रिय खेलकुद परिषद्बाट भर्खरै पारित संशोधित विधानअनुसार कर्मचारी संघबाट एकजना व्यक्ति परिषद्को सदस्यमा मनोनीत हुने प्रावधान छ ।

नवनियुक्त अध्यक्ष राणा



■ **नवीन अर्याल/काठमाडौं**






मनाङ कप्तान नवीन न्यौपाने एमाले महासचिव माधवकुमार नेपालबाट ट्रफी ग्रहण गर्दै

# वर्षको सुखद बिदाइ

**चैत २४ गते इटहरी गोल्डकपको उपाधिमा कब्जा जमाउँदै नयाँ वर्षलाई स्वागत गर्न भने मनाङ चुकेन ।**

**वर्षको सुरुवातमै** उपाधि हात पारे पनि सहिद स्मारक लिगमा चौथो स्थानमा झर्दै शुभचिन्तकलाई निरास पारेको मनाङ मर्स्याङ्दी क्लबले २०६३ सालको बिदाइ सुखद ढंगले नै गरेको छ । गत असोजमा काठमाडौंमा सुवर्ण कप जित्दै सुखद सुरुवात गरेको मनाङ मर्स्याङ्दीले राष्ट्रिय लिगमा सन्तोषजनक प्रदर्शन गर्न सकेन । लगत्तै पोखरामा भएको आहा गोल्डकप पनि थ्रीस्टारलाई सुम्पियो, तर चैत २४ गते इटहरी गोल्डकपको उपाधिमा कब्जा जमाउँदै नयाँ वर्षलाई स्वागत गर्न भने मनाङ चुकेन ।

इटहरी गोल्डकपमा प्राप्त सफलताले मनाङ प्रशिक्षक छिरिङ लोप्साङलाई पनि राहत दिएको छ । लिगमा चौथो स्थानमा झर्नुका साथै आहा गोल्डकपको फाइनलमा थ्रीस्टारसँग व्यहोरेको पराजयले मनाङ प्रशिक्षक लोप्साङको आलोचना भएको थियो । विगत तीन वर्षदेखि मनाङ सम्हालेका लोप्साङले 'राम्रो खेलाडी हुँदाहुँदै पनि टिमलाई जिताउन नसकेको' आरोप खेप्दै आइरहेका थिए । 'उपाधि जित्नु पक्कै खुसीको कुरा हो', लोप्साङले *समय*सँग भने ।

उपाधि यात्रामा अन्तिम तगारो बनेको फ्रेन्ड्स क्लबलाई पन्छाउन मनाङले अतिरिक्त समयसम्म कुर्नु पर्‍यो । मनाङका लागि अतिरिक्त समयको दोस्रो मिनेटमा अनिल गुरुङले निर्णायक गोल गरे । धरान र विराटनगरबाट ओइरिएका हजारौं शुभचिन्तकमाझ मनाङले निर्धारित ९० मिनेटको अवधिभरि नै फ्रेन्ड्सलाई दबाबमा राखे पनि गोल गर्ने अवसर उपयोग गर्न सकेन । मनाङका लागि आगन्तुक स्ट्राइकर ऋषि राईले पहिलो गोल गरे । तर, सनसनीपूर्ण 'काउन्टर अट्याक' गर्दै आएको फ्रेन्ड्सका लागि जीवन सिन्केमानले बराबरी गोल गरे ।

मनाङले रक्षापंक्तिमा सागर थापासँगै सन्दीप राई, उमेश उप्रेती र दीपक भुसाललाई उभ्याएको थियो । चारै खेलाडी व्यक्तिगत रूपमा उत्कृष्ट रहे पनि उनीहरूमा तालमेल देखिएन, जसको फाइदा उठाउँदै सिन्केमानले बराबरी गोल गरेका थिए ।

राजनीतिक परिस्थितिमा आएको परिवर्तनसँगै हृदयेन्द्र गोल्डकप हुने अवस्था नरहेपछि त्यसको साटो गराइएको इटहरी गोल्डकपमा भाग लिँदा मनाङले आरसिटीका ऋषि राई, एनआरटीका गोलरक्षक सुरेन्द्र श्रेष्ठ, दीपक भुसाल, मच्छिन्द्रका गोलरक्षक किरण चेम्जोङलाई समेटेको थियो । टासी छिरिङको अनुपस्थितिमा नवीन न्यौपाने कप्तान थिए । आफ्नो नेतृत्वमा मनाङ मर्स्याङ्दीलाई पहिलोपटक उपाधि दिलाउँदा दंग परेका न्यौपानेले राष्ट्रिय लिग र आहा गोल्डकपमा व्यहोरेको चोट केही हदसम्म पुरिएको महसुस गरे । 'यो वर्षको सुरुवात र अन्त्य राम्रो भयो', न्यौपानेले *समय*सँग भने, 'अर्को वर्ष लिगमा पनि राम्रो प्रदर्शन गर्ने सोचाइमा छौं ।'

मनाङले यसअघि इटहरीमा २०६१ सालको हृदयेन्द्र गोल्डकप हात पारेको थियो । हृदयेन्द्र र इटहरी गोल्डकपमा मनाङलाई प्राप्त सफलता धेरै समानता छ । २०६१ सालमा मनाङले अघिल्लो वर्ष हात पारेको लिग च्याम्पियनको उपाधि रक्षा गर्न सकेको थिएन । यस वर्ष पनि २०६२ सालको लिग च्याम्पियनको उपाधि रक्षा गर्न नसकेर मनाङले आफ्ना समर्थकलाई निरास पारेको थियो । हृदयेन्द्र गोल्डकप जित्दा मनाङले अहिले जसरी नै जीवेश पाण्डे, सुनिल सुवेदीजस्ता आगन्तुकलाई समावेश गरेको थियो ।

लिगमा तेस्रो स्थानमा चित्त बुझाए पनि आहा र बुढासुब्बा गोल्डकप हात पारेर एकै वर्ष उपाधिमा ह्याट्रिक गर्ने लक्ष्यका साथ इटहरी आएको थ्रीस्टार भने आफ्नो गन्तव्यसम्म पुग्नै सकेन । थ्रीस्टारले पहिलो खेलमै झापा-११ सँग अनपेक्षित हार व्यहोर्नुपर्‍यो । मनाङले भने पूर्वाञ्चल लिग च्याम्पियन ध्रुवतारा स्पोर्टिङ क्लब र अफ्रिकन युनाइटेडको चुनौती समाप्त पार्दै फाइनलसम्मको यात्रा तय गरेको थियो । राष्ट्रिय जागृति क्लबद्वारा आयोजित इटहरी गोल्डकपमा मनाङका सन्दीप राई उत्कृष्ट खेलाडी घोषित भए । मनाङले ५० र उपविजेता फ्रेन्ड्सले २५ हजार नगद हात पार्‍यो ।

■ **ओमआस्था राई/इटहरी**

## क्षेत्रीय लिगबाट उदायो ध्रुवतारा

नेपालमै पहिलोपटक आयोजना गरिएको क्षेत्रीय लिगको उपाधि झापाको ध्रुवतारा स्पोर्टिङ क्लब, दमकले जितेको छ । चैत १४ गते दुहबीमा आयोजित अन्तिम खेलमा सुनसरीको टेम्के क्लब, धरानलाई २-० ले पराजित गर्दै ध्रुवताराले एक लाख नगद पुरस्कार पनि हात पारेको छ ।

लिगको तयारीका लागि सर्वाधिक ४ लाख खर्च गरेको टेम्के क्लबले भने ५० हजार रुपैयाँमै चित्त बुझाउनुपर्‍यो । गत भदौदेखि सञ्चालित पूर्वाञ्चलस्तरीय 'इस्टर्न एन्फा सानमिगेल च्याम्पियन्स लिग'को सुपर सिक्समा ध्रुवतारा, टेम्केसँगै सगरमाथा अञ्चलबाट न्यु त्रियुगा स्पोर्टिङ क्लब छानिएका थिए ।

ध्रुवतारा, टेम्के र न्यु त्रियुगा आ-आफ्नो अञ्चलस्तरीय लिगमा च्याम्पियन बन्दै सुपर सिक्समा पुगेका थिए । अञ्चल च्याम्पियनको दौडमा सामेल हुन पनि उनीहरूले जिल्लास्तरीय लिगमा आफूलाई उत्कृष्ट ठहर्‍याएका थिए । पहिलोपटक 'होम एन्ड अवे'को आधारमा सञ्चालित प्रतियोगितामा पूर्वाञ्चलका १ सय १६ वटा क्लबले भाग लिएका थिए ।

प्रत्येक क्लबले कम्तीमा चारवटा खेल खेल्न पाए । सुपर सिक्समा प्रवेश गरेका तीन क्लबले ८/८ वटा खेल खेले । एन्फा उपाध्यक्ष किशोर राईका अनुसार 'साँच्चैको राष्ट्रिय लिग' गराउन क्षेत्रीय लिगको अवधारणा ल्याइएको हो ।


किशोरबहादुर सिंह


ध्रुवबहादुर प्रधान


जीवनराम श्रेष्ठ

# अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीलाई गुहार

**ओलम्पिक कमिटीको निर्वाचनमा भाग लिएर पराजित भइसकेको अवस्थामा हार स्वीकार गर्नुको सट्टा खेलकुदका जिम्मेवार व्यक्तिहरू प्रोपोगान्डातिर गएको भन्दै नेपाल ओलम्पिक कमिटीका नवनियुक्त अध्यक्ष ध्रुवबहादुर प्रधानले दुःख व्यक्त गरे ।**

■ **नवीन अर्याल/काठमाडौं**

नेपाल ओलम्पिक कमिटीको निर्वाचन विधिसम्मत नभएको भन्दै राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)मा अविश्वासको प्रस्ताव दर्ता गराएका छन् ।

उनले फागुन २९ गते अन्तर्राष्ट्रिय प्रतिनिधिको अगाडि भएको नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा देशको प्रचलित कानुन मात्र नभई, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीकै नियम-कानुन मिचिएको दाबी गरेका छन् । सिंहले निर्वाचन सकिएको २१ दिनभित्र चित्त नबुझेको कुरामा विरोध जनाउन पाउने आइओसीको नियमभित्र रहेर आफूले विरोध जनाएको प्रतिक्रिया दिए । उनले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा पठाएको पत्र नेपाल ओलम्पिक कमिटीलाई प्राप्त भइसकेको र यस विषयमा बैठक पनि बसेको राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठले बताए ।

नेपाल ओलम्पिक कमिटीको निर्वाचन विधिसम्मत नभएको भन्दै आइओसीमा अविश्वासको प्रस्ताव दर्ता गराउनेहरूमा सिंहसँगै टेनिस संघका अध्यक्ष सिद्धेश्वरबहादुर सिंह, कुस्ती संघका अध्यक्ष युनिस अन्सारी, ह्यान्डबल संघका महासचिव प्रसन्नमान श्रेष्ठ र टेबल टेनिस संघका महासचिव कमल चित्रकार छन् । नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा भने कमल चित्रकारबाहेक अन्य सबैले भाग लिएका थिए । नेपाल ओलम्पिक कमिटीको कार्यकारी सदस्य भए पनि चित्रकारलाई जानकारी नै नदिई ह्यात होटलमा साधारणसभाको आयोजना गर्दै निर्वाचन सम्पन्न गराइएको थियो । निर्वाचन प्रतिनिधिको हैसियतले आइओसीका प्रतिनिधि माइकल फिलाउ र ओसिएका हैदर फरमान उपस्थित थिए ।

ओलम्पिक कमिटीको निर्वाचनमा भाग लिएर पराजित भइसकेको अवस्थामा हार स्वीकार गर्नुको सट्टा खेलकुदका जिम्मेवार व्यक्तिहरू प्रोपोगान्डातिर गएको भन्दै नेपाल ओलम्पिक कमिटीका नवनियुक्त अध्यक्ष ध्रुवबहादुर प्रधानले दुःख व्यक्त गरे । 'यो खेलको भावनाविपरीत भयो', उनले *समय*लाई प्रतिक्रिया दिए । तर, पूर्व सदस्य-सचिव सिंहले आफूहरू निर्वाचनविरोधी नभएको तर निर्वाचन गराउँदा देशको नियम-कानुन मिचिएको साथै ओलम्पिकको भावना र विधानलाई मिच्ने काम भएको प्रतिक्रिया दिए । यसैगरी आइओसीले आफ्नो विधानमा राजनीतिक हस्तक्षेपलाई पूर्ण अस्वीकार गरे पनि उनीहरूकै प्रतिनिधिहरूले नेपालमा राजनीतिक दलमा संलग्न व्यक्तिहरूलाई पदस्थापन गरेर गएको दाबी गर्दै टेबल टेनिसका महासचिव कमल चित्रकारले मुख्यतः तीनवटा मुद्दामा केन्द्रित रहेर विरोध जनाएको बताए । 'पहिलो राजनीतिक हस्तक्षेप भयो । दोस्रो, देशको नियम-कानुनको अवज्ञा भयो । तेस्रो, ओसिएले निर्धारण गरेको ११ सदस्यीय कार्यसमितिलाई लम्बाएर १५ सदस्यीयमा पुर्‍याइयो र पछि १७ सदस्य निर्धारण गरियो', उनले भने ।

ओलम्पिक कमिटीको विधानको धारा १२ (४) मा राजनितिमा संलग्न व्यक्ति र सरकारी पद ओगटेर बसेका व्यक्तिहरूले निर्वाचनमा भाग लिन नपाउने प्रावधान छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ तत्कालीन शिक्षा तथा खेलकुदमन्त्री मंगलसिद्धि मानन्धरको हस्तक्षेपपछि निर्वाचनभन्दा ११ दिनअघि जुडो संघबाट मनोनयन लिएर ओलम्पिक कमिटीको निर्वाचन लड्न पुगेका थिए । उनले नेपाल ओलम्पिक कमिटीको महासचिव पद पनि जित्न सफल भए । राखेपको उपाध्यक्ष रहेका सीताराम मास्के जीवनरामको हस्तक्षेपपछि भारोत्तोलनबाट मनोनयन लिएर निर्वाचनमा सहभागी भएका थिए । उनी पनि उपाध्यक्षमा निर्वाचित भए । माओवादी निकट

गणतान्त्रिक खेलकुद संघका दुई प्रतिनिधिहरूलाई भने कुनै खेल संघबाट प्रतिनिधित्व नै नगरीकन राजनीतिक प्रभावको आधारमा उपाध्यक्ष र सदस्य पदमा मनोनीत गरिएको थियो । ओलम्पिक कमिटीमा ओलम्पियन खेलाडीको उपस्थिति अनिवार्य हुनु पर्ने प्रावधान रहे पनि नवनिर्वाचित नेपाल ओलम्पिक कमिटीको कार्यकारी समितिमा हालसम्म एकजना पनि ओलम्पियन समावेश छैनन् । त्यसैगरी नेपाल सरकारले निलम्बनमा राखेका व्यक्तिले पनि निर्वाचनमा भाग लिएका थिए ।

'हामीले त्यति बेलै निर्वाचन अधिकारीहरूसमक्ष प्रक्रिया पूरा नगरीकन र नियम कानुन मिचेर हुन लागेको निर्वाचनप्रति विरोध जनाएका थियौं, तर उनीहरूले बेवास्ता गरे । त्यसैले अन्तर्राष्ट्रिय ओलम्पिकमा उजुरी हाल्नु परेको हो', सिंहले भने । उनले यो विषयलाई आइओसीका 'रिलेसन अफिसर' पेरि मिरोले सकारात्मक लिएको र छिटै नै निर्णयमा पुग्ने आश्वासन दिएको बताए । केही समयअघि मात्र बर्मुडामा भएको ओलम्पिक कमिटीको निर्वाचनमा पनि नेपालमा जस्तै कानुन उल्लंघन भएको उजुरी परेको थियो, जसमा आइओसीले त्यहाँ तीनपल्ट भएको ओलम्पिकको निर्वाचनलाई तीनैपल्ट खारेज गर्ने निर्णय गरेको थियो ।

'नेपाल ओलम्पिक कमिटीको निष्पक्ष र पारदर्शी निर्वाचनको विषयमा नकारात्मक प्रचार गरेर अन्तर्राष्ट्रियकरण गर्न खोज्ने व्यक्तिहरू अहिले आएर नांगिएका छन् । चुनाव पनि लड्ने र हार पनि नस्विकार्ने व्यक्तिहरू नेपाली खेलकुदका किटाणु हुन्', राजनीतिक हस्तक्षेपका कारण ओलम्पिक कमिटीको महत्त्वपूर्ण पद पड्काउन सफल भएको भन्ने आरोपको खण्डन गर्दै परिषद्का सदस्य-सचिव जीवनरामले भने ।

जुडो संघबाट मनोनयन लिएर आएका जीवनरामले संघ खारेज अथवा विघटन नभइसकेको अवस्थामा संघको साधारण सदस्य नै नभई कसरी निर्वाचनमा भाग लिए भन्ने सिंहको प्रश्नमा कानुनले दिएको अधिकारभित्र बसेर आफूहरू आएको बताए । 'मेरो विषयमा मुद्दा उठाउने व्यक्ति आफैं कुन आधारमा निर्वाचनमा सहभागी भए । तदर्थवादमा रहेको संघले परिषद्बाट स्वीकृति लिनु पर्ने प्रावधान मिचेर उनले कसरी निर्वाचन लडे', उल्टै सिंहको मनोनयनको विषयमा प्रश्न उठाउँदै जीवनरामले भने ।

## ओलम्पिकविरुद्ध पुनः रिट

नेपाल विलियर्ड तथा स्नुकर संघले नेपाल ओलम्पिक कमिटीलगायत ३१ जनालाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा चैत २६ गते रिट दायर गरेको छ । संघका अध्यक्ष दीपेन्द्र उप्रेतीले नेपाल ओलम्पिक कमिटीको फागुन २९ गते सम्पन्न निर्वाचनमा नन-ओलम्पिक खेलहरूको रूपमा जथाभावी र सुनियोजित ढंगले कराँते, कबड्डी र उसुलाई समावेश गरेको जनाउँदै रिट दायर गरेका छन् । रिटमा नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेलकुद परिषद्, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी, ओलम्पिक कमिटी अफ एसिया, निर्वाचन गराउन आएका अन्तर्राष्ट्रिय प्रतिनिधि माइकल फिलाउ र हैदर फरमानलाई विपक्षी बनाइएको छ ।

रिटमा ओलम्पिक चार्टर र ओलम्पिक विधानको उल्लंघन भएको र अंग्रेजी भाषामा बनाइएको ओलम्पिक कमिटीको विधान-२००७ लाई कानुन व्यवस्था समितिबाट दर्ता नगराईकन अनुवाद गराइएको जनाइएको छ । ओलम्पिक कमिटीको विधानमा मनोनीत सदस्यको व्यवस्था नभएको र निर्वाचनअघि सूचना नगरिएको बताइएको छ भने निर्वाचन अधिकृत ध्रुव तिमल्सिना, राजेशकाजी श्रेष्ठ र उमेश मास्केलगायतले विधानविपरीत मिलेमतोमा मतदाता नामावली प्रकाशित गरेको दाबी गरिएको छ । 'हामीले आइओसी र ओसिएबाट मान्यता पाइसकेको एसियन विलियर्ड तथा स्नुकर संघबाट सदस्यता पाएका छौं । त्यसैले कुन आधारमा नेपाल ओलम्पिक कमिटीको निर्वाचन हुँदा हामीलाई उम्मेदवारी दिन वञ्चित गराइयो', अध्यक्ष दीपेन्द्रले *समय*सँगको जिज्ञासामा भने ।

यसअघि नेपाल सुटिङ संघको आधिकारिकतालाई लिएर संघका पूर्व अध्यक्ष पुष्पदास श्रेष्ठ र नेपाल ओलम्पिक कमिटीलाई विपक्षी बनाउँदै किशोरबहादुर कार्कीले पुनरावेदन अदालत पाटनमा मुद्दा दर्ता गराएका थिए । ओलम्पिक कमिटीको निर्वाचनभन्दा दुई दिनअघि हालेको रिटमा अदालतले निर्वाचन रोक्न आदेश दिएको थियो । निर्वाचन गराएको सम्बन्धमा ओलम्पिक कमिटीसँग लिखित माग गरे पनि नवनियुक्त ओलम्पिक कमिटीका पदाधिकारीहरूले अहिलेसम्म अदालतलाई कुनै उत्तर नपठाएर मुद्दा लम्बाउँदै आएका छन । कार्कीले अदालतको निर्णयको अवज्ञा गरेको र मानहानिको विषयलाई लिएर यसै साता रिट दायर गर्ने बताएका छन् । ■


IDEAL MODEL SCHOOL

Announces

ADMISSION OPEN

for the Academic Session 2064 (2007/08)




School Prospectus and Admission forms are available at the school office from Sunday to Friday between 10:00 a.m. to 3:00 p.m. at Dhobighat, Lalitpur.

LEARN ABOUT US


- Operated and patronized by a group of highly prominent educationists of the nation.
- A team of 'Qualified' 'Dedicated' and 'Experienced' faculty members.
- Quality and life related education with emphasis on personality development and positive attitude building.
- Excellent academic environment for all round development and analytical thinking enhancement.
- Spacious and fully equipped infrastructure with modern facilities.
- Numerous co-curricular activities, games and sports.

COME VISIT US, WE HAVE MUCH MORE

*Limited seats for admission.*

For further details contact us at: 5527703, 5521331

# उन्नाइस दिनको सजीव चित्र




**जनता जागेपछि** कुनै पनि तानाशाहको केही सीप चल्दो रहेनछ। जनआन्दोलन-२ को १९ दिनका घटनाक्रमबाट यो कुरा प्रमाणित भएरै छाड्यो। अन्ततः तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष ज्ञानेन्द्र जनतासामु घुँडा टेक्न बाध्य भए। राजा ज्ञानेन्द्रले असोज १८ मार्फत प्रतिगमनको नाटक रिहर्सल गर्न सुरु गरेदेखि माघ १९ पछिका अभिव्यक्ति स्वतन्त्रताका हरेक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्दै आएका पत्रकारका नेता विष्णु निष्ठुरीको भर्खरै सार्वजनिक भएको 'उन्नाइस दिन' जनआन्दोलन डायरी पढेपछि स्वतन्त्रताको संग्राममा स्वतस्फूर्तरूपमा होमिएका जनतालाई सलाम गर्नैपर्ने हुन्छ।

खासगरी डायरी नितान्त वैयक्तिक हुन्छ। तर, सबैको सरोकारको विषयमा केन्द्रित भएकाले होला, यो पृथक् पनि छ। अधिकांश डायरीमा तथ्यहरूको ओइरो हुन्छ वा आत्मरतिको पोको। निष्ठुरीको यो किताब तथ्यमा आधारित भईकन पनि पढ्दा कतै पनि झिँजो लाग्दैन। यो किताबभित्र के छैन, जनआन्दोलन-२ को इतिहास छ, तथ्य छ, आन्दोलनमा होमिएका जनताको आवाज समेटिएको छ। तर, कहीं पनि लेखकको आग्रह र पूर्वाग्रह रहेको पाइँदैन।

सात राजनीतिक दलहरूले चैत २४ देखि २७ गतेसम्म आमहड्ताल घोषणा गरेलगत्तै शाही सरकारले निषेधाज्ञाको रणनीति अख्तियार गरेको थियो। तर, त्यसलाई पर्वाह नगरीकन सात दलका कार्यकर्ताले निर्बाधरूपमा शाही सत्तालाई चुनौती दिने हिसाबले जुलुस ऱ्याली र विरोधका कार्यक्रमलाई जारी राखेका थिए। निष्ठुरीले २०६२ साल चैत २४ देखि २०६३ वैशाख ११ सम्मका घटनाक्रमलाई एकएक गरेर उतारेका छन्। राजधानीमात्र होइन, जनआन्दोलनमा अग्रणी भूमिका निभाउने पोखरा, विराटनगर, नेपालगन्ज, चन्द्रगढी, राजविराजलगायत विभिन्न स्थानमा आन्दोलनका क्रममा भएका गतिविधि समेटेका छन्।

जनआन्दोलन-२ साँच्चिकै सबै जनताको आन्दोलन थियो। हिंसाबाट मुक्त गरी मुलुकलाई समृद्ध बनाउने परिकल्पनासाथ किसान, मजदुर, पत्रकार, व्यापारी, कवि, लेखक, डाक्टर, वकिल, कर्मचारीलगायत सबै तह र तप्काका व्यक्तिहरूको उल्लेखनीय उपस्थिति थियो। पृष्ठ २४ मा उनले लेखेका छन्, 'काठमाडौंका घरघरमा गएर तरकारी बेच्दै आएका रौतहट पुतियाही-९ का नरेन्द्र कलबारले आज थापागाउँका गल्लीहरूमा भोजपुरी र मैथिली भाषामा लोकतान्त्रिक जागरण गीत गाएर सर्वसाधारणलाई मौलिक अधिकारप्रति सचेत गराए। ती गल्लीहरूमा तैनाथ सुरक्षकर्मीहरूले उनको भाका र भाषा नबुझेर चासो नलिएजस्तो देखियो। साताभरि भोकै बस्नुपरे पनि केही छैन, प्रजातन्त्र बहाली भएर यो आन्दोलन सकियोस्- उनी भन्दै थिए।'

आन्दोलनको ज्वाला फैलिएपछि ज्ञानेन्द्रले वैशाख ८ गते जनताका नाममा सम्बोधन गरेका थिए। तर, त्यो अधुरो र अपूरो भयो भन्दै मुलुकभर प्रदर्शन भएका थिए। कर्फ्युको बेवास्ता गर्दै राजधानीको चक्रपथमा लाखौं जनता उत्रिएका थिए। मुलुकका गाउँगाउँबाट जनता आन्दोलनमा सहभागी बन्न आएका थिए, थकान र भोकको पर्वाह नगरी। टाँगा लिएर प्रदर्शनमा सुर्खेत आएका ६५ वर्षीय निजाम खानको भनाइ यस्तो छ - 'हिजो साँझ खाना खाएको हो आज भोकै छु, छाक काटेर भए पनि आन्दोलनलाई समर्थन गर्छु।'

जनआन्दोलनको घोषणाबाट सुरु भएको उनको डायरी लेखन प्रतिनिधिसभा पुनःस्थापनाको घोषणामा आएर टुंगिन्छ। अन्तिम अनुच्छेदमा ज्ञानेन्द्रको वैशाख ११ को सम्बोधन उल्लेख गरिएको छ। निष्ठुरीले जनआन्दोलनका १९ दिनलाई शब्दमा अत्यन्तै सरल र बोधगम्य रूपले किताबमा उतारेका छन्, जुन इतिहासका अध्येतामात्र होइन, सबै पाठकका लागि उपयोगी हुने देखिन्छ। किताबमा केही मसिना गल्तीहरू पनि छन्। पृष्ठ २६ मा मन्त्री केशरबहादुर विष्टको पार्टी कार्यालयबाट हुनुपर्नेमा भरतबहादुर विष्ट भएको छ भने पृष्ठ १५९ मा चन्द्रगढीमा सेनाको गोली लागेर सहादत प्राप्त गरेका सहिद सुरज विश्वासलाई २००७ सालका स्वतन्त्रता सेनानी भनिएको छ, त्यो गल्ती हो। सहादत प्राप्त गर्दा सुरज २३ वर्षका मात्र थिए।


■ छत्र कार्की

# उज्यालो रुँदाको पीडा

**म जान्ने भएदेखि** उज्यालो रोइरहेको देखिरहेकी छु। म उज्यालो रोएको देख्न सक्दिनँ। त्यसैले उज्यालो रुँदै गर्दा मेरो मनमा आँसुका काँडा गाडिन्छन्। तिनै काँडा निकाल्न मैले कलमको साथ लगेँ। अझै कति काँडाहरू निकाल्न नसकेर बिझाइरहेका छन्।

आफ्नो लघुकथासंग्रहका बारेमा १६ वर्षकी ज्योतिप्रभा विष्टले पोखेका आकारविहीन पीडाहरूका भकारी हुन्, माथिका शब्द। जुन पीडाहरू लेखक स्वयंले भोगेकी हुन्। उनी जान्ने भएदेखि कालिकोटमा बल्झिएको युद्धको घाउले उनको मुटुमा काँडाको रूप लग्यो। सधैं मान्छेहरूदेखि मान्छेहरू नै तर्सेर हिंड्नुपर्ने सहरमा पसेपछि यो घाउ झन् बल्झियो। गाउँबाट सहरमा आएकी कलिली केटीले बोल्न नसक्ने। बोल्दा सबैले जिस्काउने। बाल मानसपटलमा यसले पारेको पीडालाई अन्ततः ज्योतिप्रभाले पोखिन्, कथासंग्रहमार्फत।

कालिकोटको लालु गाविसबाट ६ वर्षको उमेरमा काठमाडौं सहरमा छिर्दा उनलाई यो दुनियाँ उल्काको लाग्यो। दुई कक्षासम्म पढ्दा पनि क, ख सम्म नजानेकी ज्योतिप्रभा विष्टले काठमाडौंभित्र छिर्दा देखिएको अन्जान मानिसको भीड नै प्रतिभा प्रस्फुटनको प्रेरणा बन्यो। यसैको फलस्वरूप दस कक्षामा पढ्दा पढ्दै 'उज्यालो रोएपछि' नामक लघुकथासंग्रह सार्वजनिक गर्न सफल भएकी हुन्, उनी।




कालिकोटमा द्वन्द्वको प्रभाव स्वभाविक रूपले बढी पऱ्यो। गाउँको युद्ध र सहरमा मान्छेहरूसँग भीडभाडले रूमल्लिएको कलिलो मस्तिष्कलाई शान्त पार्न उनले कथा लेखनको साहारा लगिन्। कथासंग्रहभित्र गहकिला र यथार्थपरक साढे चार दर्जन लघुकथाहरू समेटिएका छन्।

समाजका पीडाहरू नै आफ्नो लेखनको मूल विषयवस्तु हुने बताउने विष्टले कथा विगत ११ वर्षदेखि नेपाली समाजले भोगका पीडालाई शाब्दिक रूपमा समेटेकी छन्। सलाम छ, कलिलो मस्तिष्कबाट निस्किएका गहकिला ज्योतिप्रभा विष्टका शब्दहरूलाई।

■ ज्योति देवकोटा



# बर्तोल्त ब्रेख्तका कविता

जर्मनीको एक सानो सहरमा जन्मेका बर्तोल्त ब्रेख्त बीसौं शताब्दीका महान् नाटककार र कवि हुन् । नाजी जर्मनीविरुद्ध उनले मोर्चा कसे । उनका युद्धविरोधी कविताहरू धेरै चोटिला छन् । एक मार्क्सवादी भएकाले उनले किसान, मजदुर जस्ता सामान्यजनका पक्षमा आफ्ना नाटक र काव्यलाई केन्द्रित गरे । उनी एपिक थिएटरका जन्मदाता हुन् । ब्रेख्त भन्छन्, 'सोच्नु, लेख्नु अथवा नाटक उत्पादन गर्नुको अर्थ समाजलाई रूपान्तरण गर्नु हो, राज्यलाई रूपान्तरण गर्नु र निकटतम रूपले विचारहरूको सम्परीक्षण गर्नु पनि हो ।'

बर्तोल्त ब्रेख्तको निधन हृदयाघातले १९५६ मा भएको थियो । निधन हुनुअघि उनले आफूलाई समाधिस्थ गराउँदा लासलाई कीराहरूले क्षतविक्षत नपारून् भनेर इस्पातको बाकसमा राख्न भनेका थिए । उनकी पत्नी हेलेन विगेल पनि नाटक उत्पादनमा उनकी सहकर्मी थिइन् । नाजी शासनमुक्त जर्मन सरकारले उनलाई निर्वासनबाट फर्कन आग्रह गरेपछि मात्र उनी जर्मनी फर्केका थिए । त्यसपछि उनलाई १९५१ मा प्रथम श्रेणीको राष्ट्रिय पुरस्कार दिइयो भने १९५४ मा अन्तर्राष्ट्रिय लेनिन शान्ति पुरस्कारले सम्मानित गरिएको थियो ।

## जर्सापको शक्तिशाली ट्यांक

जर्साप, हजुरको ट्यांक शक्तिशाली छ
जंगलहरू सखाप पार्न सक्छ यसले
र कच्याककुचुक पारिदिनसक्छ सयौं मानिसहरूलाई
तर यसको एउटा कमजोरी छ
यसलाई चालक चाहिन्छ ।

जर्साप, शक्तिशाली छ हजुरको बमवर्षक
आँधीभन्दा छिटो उड्न सक्छ यो
र हात्तीभन्दा धेरै बोक्न सक्छ यो
तर यसको एउटा दोष छ
यसलाई मिस्त्री चाहिन्छ ।

जर्साप, मानिस छ नि मानिस
उपयोगी छ धेरै,
तर एउटा दोष छ उसको
ऊ सोच्न सक्छ ।

## मृत्युशय्याबाट एक कविको सम्बोधन नयाँ पुस्तालाई

तिमीहरू,
आउँदो समयका तन्नेरीहरू
अझै निर्माण हुन बाँकी सहरहरूका नयाँ उषाहरू
अझै नजन्मिसकेकाहरू,
तिमीहरू पनि सुन मेरो आवाज
गौरवविना नै मरेको
मानिसको आवाज

तर
आफ्नो जमिन नखोस्रेको किसानझैं
र आफ्ना औजारहरू खुला छाडेर भागेको
अल्छी सिकर्मीझैं भएँ म

त्यस्तै गरें मैले
मेरो समय बर्बाद गरें
मेरा दिनहरू बर्बाद गरें
र अब मैले सोध्नैपर्दछ तिमीहरूसँग
पहिले नभनिएका सप्पै कुरा भन्न
पहिले नगरिएका जम्मै काम गर्न
र कृपापूर्वक मलाई चाँडै बिर्सिदिन
कतै मेरो गलत दृष्टान्तले
खरानी नबनाओस् तिमीहरूलाई

हरे, किन बसेँ म
किन बसेँ तिनीहरूसँग एउटै भान्सामा
जसले उत्पादन गरेनन् केही वस्तु पनि
र जसले तयार गरेका थिएनन् खाना
किन खाएँ मैले उनीहरूसँगसँगै बसेर

जब बाहिरफेरा
विचरा अनपढ मानिसहरू
हिँडिरहेका थिए निर्देशन पर्खंदै
हरे, किन मिसाएँ मैले मेरा उत्तम कथनहरू
बेकारका गफाडीहरूसँग

हरे, किन गुन्जेनन् मेरा गीतहरू
हुर्के बढेका सहरहरूमा
जहाँ तिनीहरू बनाउँछन् जहाज,
किन उठेनन् ती गीतहरू
तीव्र गतिका लोकोमोटिभहरूको
आकाशमा तैरिरहेको धुवाँझैं ?

किनभने सर्जकहरूका लागि
ती उपयोगीहरूका लागि
मेरा कुरा त हुन् मुखमा बसेको खरानीझैं
वा जँड्याहाको बर्बराहटझैं

एउटा सग्लो शब्द पनि भन्न सक्तिनँ म
आउँदो समयका पुस्ताहरूलाई
मेरा अनिश्चित औंलाहरूले देखाएर
एउटै पनि संकेत दिन सक्तिनँ म
कसरी कसैले देखाउन सक्छ र
आफूले यात्रा नगरेको बाटो ?

अँ, म सक्तछु सप्पै थोक गर्न
तिनलाई, जसले बर्बाद पारे मेरो जीवन
र भन्नु छ तिमीहरूलाई
हाम्रा थिचिएका मुखबाट निस्केको
कुनै पनि आदेश नमान
नराम्ररी असफल भएकाहरूको

राय नमान
बरु निर्णय गर, के ठिक हुन्छ तिमीहरूलाई
र केले मद्दत गर्दछ तिमीहरूलाई
हामीले खण्डहर बनाएको जमिन आवाद गर्नलाई
हामीले विषाक्त तुल्याएका सहरहरू
बनाउनलाई
मानिसहरू बस्ने ठाउँ बनाउनलाई ।

## अग्निकुण्डमा पुस्तक

जब सरकारले आदेश दियो-
जलाउनुपर्छ सार्वजनिक रूपमा सबैतिरबाट
हानिकारक ज्ञानले भरिएका पुस्तकहरू-
गोरुहरूलाई घिसार्न लगाइयो
पुस्तकले भरिएका गाडाहरू
विशाल अग्निकुण्डमा होम्न
निर्वासित
एक उत्कृष्ट लेखक त्यति बेला
हेर्न थालिरहेको थियो पुस्तकहरूको सूची
कुन कुन परे भनेर,
आहत भयो ऊ
किनकि उसका पुस्तकहरू परेका थिएनन् त्यसमा
ऊ दौडेर पुग्यो आफ्नो डेस्कमा
र रिसले चूर चूर भएर
लेख्यो एउटा चिठी सत्तासीनहरूका नाममा-

जलाइदेऊ मलाई !

उसले लेख्यो वेगवान गतिमा-
जलाइदेऊ मलाई !
के मेरा पुस्तकहरूले सत्य बकेका थिएनन् ?
के तिमीहरूले मलाई झूटो सावित गरेनौ र ?
म आदेश दिन्छु तिमीहरूलाई
जलाइदेऊ मलाई !

***अंग्रेजीबाट अनुवाद : श्यामल***

## आदिवासी

■ विवश बस्ती

दिग्गज-दिग्गज लेखक
धूर्त इतिहासकारहरू
नामुद पुरातत्त्ववेत्ता
कसैले पनि लेखेनन्- हाम्रो पाण्डुलिपि

पुरिएका थिए होलान्
धर्तीको अनन्त-अनन्त खण्डमा
अंकुराउन सक्षम सपनाको बीउ
अहँ
चाहेनन् कसैले पनि
पहिचान गर्न माटोको उर्वरता शक्ति

एकाध लोकधुन
एकाध लोकनृत्य
एकाध लोकपहिरनमै
हामीलाई चखाइयो जीवनको स्वाद

खेत, जंगल, खोला, आलीको डिल
नि:शब्द रहे युगान्तरदेखि
बजेन सिंगो पर्यावरणलाई गुञ्जाउँदै
विद्रोहको घण्टी

होइन, यो नै अन्तिम होइन
आवेगपूर्ण लप्का बोकेर बलिरहेको आगोले
छाडिरहेछ शनैः शनैः यो मौसम
परिवर्तनको उष्णता ।

## नयाँ वर्ष

■ यशोदा तिम्सिना

आज एक झोक्का हावा
कोठाभित्र पस्यो
झुन्ड्याएको क्यालेन्डरलाई
किलैसँग उप्काएर लग्यो
अनि निस्कियो जसरी आएथ्यो ।

मैले क्यालेन्डरको छरपस्टिएको अनुहार हेरें
उसको मिति पुगिसकेछ
यसै कुराको जानकारी दिन
हावा कोठाभित्र घुसेको रहेछ
किनभने आज नयाँ वर्ष रहेछ ।

तीन सय ६५ दिन
चक्कर लगाएर
प्रत्येकपटक फेरि नयाँ बनेर
यसरी नै आउँछ नयाँ वर्ष
र, फेरिन्छ भित्ताको क्यालेन्डर ।

कोठाको अर्को कुनामा बितेको वर्षको
क्यालेन्डरको चाङ देखेपछि लाग्छ,
शुभकामनाका औपचारिक शब्द
र,
मेरो आयु एक वर्ष घटेको
आभास दिन आउँछ नयाँ वर्ष ।

## ढोकामाथि पाँच कविता

■ श्रवण मुकारुङ

### क) घरको ढोका

घरको ढोकामा
पहिलोपल्ट टाउको ठोकिँदा
आमाले मुसारिदिनुभयो
दोस्रोपल्ट ठोकिँदा
बाबाले भन्नुभयो- आँखा हेरेर हिँड्नू !
तेस्रोपल्ट पनि ठोकियो मेरो टाउको
अनि मैले आफैं अर्को ढोका बनाउने निश्चय
गरें ।

### ख) नयाँ ढोका

संसारका महान् कलाकारहरू
जो ढोका बनाउँछन्
एउटै दम्भ हुन्छ उनीहरूको-
'मैले नयाँ ढोका बनाएँ'
तर, स्वयं ढोकालाई चाहिँ यो थाहा हुन्छ कि -
'बनाउनेले आफूलाई आफैंजस्तो मात्रै बनाएको छ ।'

### ग) आधुनिक ढोका

ढोका खोलौं,-
शत्रुहरू भित्र पस्लान्/मनपरि गर्लान्
ढोका थुनौं,-
प्रियजनहरू बाहिर छुट्लान्/एकलो भइएला

### घ) आध्यात्मिक ढोका

ढोकाभित्र -
गाइरहेका जिसस
नाचिरहेका शिव
हाँसिरहेका बुद्ध छन्
ढोकाबाहिर -
कुकुर मस्त निदाइरहेछ

### ङ ) भीमकाय ढोका

भीमकाय ढोका छ
पुँजीवादीहरू भन्छन् -
यो समय
ढोका खुला राख्नुको अर्थ छैन

समाजवादीहरू भन्छन् -
आवश्यकताअनुसार
ढोका खोल्ने- बन्द गर्ने गर्नुपर्छ

तर, कम्युनिस्टहरू
संसारमै
ढोकाको कुनै औचित्य देख्दैनन्

अहो ! कार्लमार्क्सको मृत्यु भएको पनि
...... वर्ष बितिसकेछ !!

*( सिद्धार्थ आर्ट ग्यालरीले आयोजना गरेको १०८ ढोका हेरेपछि रचिएका कविता )*




बन्दना, सितास्मा र स्वेता

# विरोध भर्सेज ब्युटी

**बानेश्वरस्थित** अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको हलमा १९ जना सुन्दरीहरू मिस नेपाल प्रतियोगिताका लागि बिरालो हिँडाइ गर्दै मञ्च तताइरहेका थिए। बाहिर महिला अधिकारवादी संघसंस्थाहरूकै उपस्थितिमा आगोले बाटो तातिरहेको थियो। बेलुका ९ बजे निष्कर्ष निस्कयो। ललितपुरकी शीताष्मा चन्दले मिस नेपाल प्रतियोगिताको उपाधि पाइन्। सदाझैं यो वर्ष पनि ब्युटी र विरोधको कार्यक्रम सकियो।

हरेक वर्षझैं यो वर्ष पनि मिस नेपाल प्रतियोगिताको विरोध गर्नेहरूको भीडले बानेश्वर क्षेत्र तातियो। अन्तर्राष्ट्रिय कम्पनीहरूले नेपाली युवतीहरूलाई वस्तुका रूपमा प्रयोग गरेको भन्दै बाटोमा ओइरिएका महिलाअधिकारकर्मीहरूको भावना अस्वीकार गर्दै पूर्व मिस नेपाल विजयी माल्भिका सुब्बाले भनिन्, 'मिस नेपालको बारेमा बाहिर गेटमा जुन चर्चा गरिएको छ, त्यो हुँदै होइन। यसले त महिलामा रहेको क्षमतालाई अझ विस्तार र विकास गर्छ। विरोधमा उत्रिएका दिदीबहिनीहरूले यसरी बुझिदिन पर्‍यो।'

सस्तो रूपमा गरिने विरोधले मिस नेपाल प्रतियोगितालाई झन् प्रचार गरेको भन्छन्, स्रष्टा खगेन्द्र संग्रौला। सन् २००५ मा भएको मिस नेपालको विरोधको संयोजक बनेका संग्रौला भन्छन्, 'अहिले भएको विरोध बहुलवादमा आधारित कर्मकाण्ड मात्र पूरा गर्ने विरोध हो।'

सन् १९९४ देखि मिस नेपाल प्रतियोगिता सुरु भइरहेको छ र त्यसको दुई वर्षदेखि यसको लगातार विरोध भइरहेका छन्। गेट बाहिर अधिकारवादीहरूको हुल जम्मा गरेर अर्थविहीन विरोध गरिनुको तुक छैन भन्दै संग्रौला अगाडि भन्छन्, 'अहिलेको विरोध माओवादीहरू अगाडि लागेर गरिएको विरोध हो। यसलाई अर्थपूर्ण बनाउने हो भने बौद्धिक रूपको लडाइँ थाल्नु पर्छ।'

बाह्र वर्षअगाडि सुरु भएको मिस नेपाल प्रतियोगिताले १२ चरण पार गरिसक्दा पनि विरोधको शैली फेरिएको छैन। यो वर्ष पनि माओवादीका तर्फबाट अन्तरिम संसद्मा नेतृत्व गरिरहेका सांसद देवी खड्काको संयोजकत्वमा पम्फा भुषाल र अन्य महिला अधिकारवादी महिलाहरूको उपस्थितिले विरोधलाई बल पुग्यो। तैपनि गत वर्षहरूमा झैं विरोधको विधिमात्र पुऱ्याएको भन्नेहरू पनि कम छैनन्।

२०४७ सालमा गिरिजाप्रसादले नै अन्तरिम सरकारको नेतृत्व सम्हालिरहेका बेला पहिलोपटक होटल काठमाडौंमा फेसन डिजाइनर प्रमिला आचार्यको संयोजकत्वमा फेसन सो गरिएको थियो। 'उति बेला पनि पम्फा भुषालहरूकै उपस्थितिमा विरोध भएको थियो र त्यो बेला परिवारको सहमतिमा मात्र युवतीहरूलाई कार्यक्रममा सामेल गरिनु पर्छ भनिएको थियो', प्रकाश सायमी भन्छन्।

'यस्ता विरोध विश्वका सबै मुलुकमा हुन्छ। तर, सस्तो विरोधको शैलीले सोचलाई साँगुरो पार्छ', प्रकाश सायमी अगाडि भन्छन्, 'सार्थक परिणामविनाको विरोधले भोलि नेपालमा यी कार्यक्रम रोकिएला, भोलि नेपाली चेलीहरू भारतमै पुगेर यस्ता कार्यक्रममा भाग नलेलान् भन्ने के छ र?' अन्य मुलुकहरूमा पनि विरोध हुन्छन्, तर त्यहाँ सहभागितामूलक विरोध हुने बताउँछन्, उनी।

वीरगन्ज छपकैयाकी रूवी राणाले शिक्षण पेसामा हुँदै मिस नेपालमा हाम फालेकी थिइन्। 'म आजसम्म शिक्षिकामै सीमित हुन्थ्ये', मिस नेपाल प्रतियोगिताको पक्षमा आफ्नो मत जाहेर गर्दै भन्छिन्। मिस नेपाल प्रतियोगिता हुनु राम्रो भएको र यसले युवतीहरूभित्र रहेको क्षमता र नेतृत्वलाई विकास गर्ने बताए पनि महिला हकअधिकारकै लागि कार्यरत संघसंस्थाहरू यसको उग्र विरोधमा उत्रिएका छन्।

पछिल्ला वर्षहरूमा मिस नेपालमा भाग लिने युवतीहरू घरपरिवारकै सल्लाहमा आउने हुँदा यसमा यौनशोषण नहुने तर्क प्रस्तुत गर्दै महिला हक र अधिकारका लागि काम गरिरहेकी सञ्चारकर्मी वन्दना राणा भन्छिन्, 'मिस नेपालमा प्रतियोगितामा काँधमा बन्दुक राखेर भाग लिन लगाइँदैन। आफ्नो खुसीले उपस्थिति जनाएका हुन्छन्, त्यसैले यसको विरोधमा शक्ति खर्चिनुभन्दा महिला अधिकारवादीहरूले अशिक्षित महिलाहरूका अधिकारका लागि लड्ने वातावरण तय गर्न सक्नु पर्छ।'

उनी अगाडि भन्छिन्, 'यौनशोषण र व्यापारिक प्रायोजनका लागि युवतीहरूको प्रयोग गरिन्छ भन्ने मान्यता राख्ने हो भने अहिलेका दैनिक पत्रिकादेखि टेलिभिजन च्यानलहरू सबै बन्द गर्नु पर्छ। हरेक ठाउँमा विज्ञापनहरूमा महिलाहरूलाई नै प्रयोग गरिएको हुन्छ।' अहिलेको परिवर्तित विश्वलाई अंगीकार गर्न नसक्ने हो भने महिलाहरूको विकास हुन नसक्ने हुँदा सोहीअनुसार हिँड्नु पर्ने उनको धारणा छ।

■ **ज्योति देवकोटा/काठमाडौं**

## शीताष्मालाई ताज

**बाहिर व्यापक** विरोध भए पनि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको हलमा उपस्थित भएका १९ जना युवतीहरूलाई उछिन्दै यस वर्षको मिस नेपाल प्रतियोगिताको उपाधि ललितपुरकी शीताष्मा चन्दले हात पारेकी छन्।

२३ वर्षीया शीताष्मा चन्दलाई 'आमा, छोरी र पत्नीमध्ये नारीको कुन रूप किन मन पर्छ भनेर प्रेसिडेन्ट ट्राभलका भोला थापाले सोधेको प्रश्नमा शीताष्माले 'आफू अहिलेसम्म छोरी भएकीले यही भूमिका आफूलाई मन पर्ने' बताएकी थिइन्। यही जवाफले उनलाई ताज पहिऱ्याएको थियो।

सन १०९४ देखि सुरु भएको मिस नेपाल प्रतियोगिताको तेह्रौं प्रतियोगीका रूपमा आफ्नो पहिचानलाई सार्वजनिक गरेकी हुन्, शीताष्माले यो वर्ष। गत वर्ष मिस नेपाल प्रतियोगिता हुन नसकेपछि सुगारिका केसीको दुईवर्षे मिस नेपालको कार्यकाल शीताष्मालाई हस्तान्तरण गरेपछि सकिएको छ।

त्यसैगरी दोस्रो र तेस्रो रनरअप पनि ललितपुरकै वन्दना शर्मा र श्वेता शाह विजयी भएका छन्। तीनवटै पदमा यो वर्ष ललितपुरकै वर्चस्व रहेको छ। तीन घन्टासम्म चलेको प्रतियोगितामा ॠचा शर्मा उत्कृष्ट मुस्कान, शीताष्मा व्यक्तित्व र हिँडाइ, रश्मि केसी बनोट, नानीमाया खड्का कपाल र सावित्री श्रेष्ठले उत्कृष्ट प्रतिभाको उपाधि हात पारेका थिए।

# स्टेज तताउँदै, टिनएजर्स नचाउँदै



निरज साप्कोटा

**जवाद अहमद** परम्परागत भांग्रा र पपलाई फ्युजन गराउने पाकिस्तानी गायक । वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रकट हुँदा सुरुमा लाग्यो, यी गायक त निकै गम्भीर होलान् । तर, आकर्षक जीउडालका अहमदले निमेषभरमै दर्शकलाई आफ्नो सक्कली परिचय दिए, एक अत्याधुनिक गायकका रूपमा प्रस्तुत भएर । विभिन्न हाउभाउका साथ एकल 'स्टेज' गायनमा सहभागी अहमदले दर्शकबाट निरन्तर प्रशंसा बटुल्न सफल भए, कार्यक्रम नसिधिन्जेलसम्म । त्यतिमात्र कहाँ हो र त्यहाँ उपस्थित 'टिनएजर्स'लाई उन्मुक्त वातावरणमा नचाउन सफल भए ।

परम्परागत भांग्रालाई जब उनी रक शैलीमा प्रस्तुत गर्थे, त्यहाँ उपस्थित पाकिस्तानीमूलका मात्र होइन, नेपाली दर्शक पनि ताली बजाउँदै आफू बसेको सिटबाट उठेर नृत्यमा सरिक हुन्थे । सुफी रक र आधुनिक भांग्रालाई निरन्तरता दिनेबित्तिकै स्टेज छेउमा नाच्नको लागि झुम्मिने दर्शकको भीड बढिहाल्थ्यो । गायनको सुर अलिकति सुस्त हुँदा नाच्न तम्सिएका युवायुवती एकछिन अडिन्थे, फेरि गीतको रफ्तार बढ्न थालेपछि उनीहरूले पहिलेको गति पक्रिहाल्थे । 'म गीतमार्फत तपाईंहरूलाई मनोरञ्जन दिन पहिलोपल्ट काठमाडौं आएको छु, मनोरञ्जन दिलाउन सक्दो प्रयास गर्नेछु', स्टेजमा देखापर्नासाथ दर्शकबाट जोडदार ताली पाएका अहमद गायन सुरु गर्नुभन्दा पहिले भन्दै थिए, 'तपाईंहरू मलाई साथ दिनुहुन्छ ?' दर्शक पनि के कम र 'दिन्छौं,... दिन्छौं' हुटिङ गर्दै भने । त्यसको केहीबेरमै आफ्नो एकल गायन कार्यक्रमतर्फ लागे उनी । उम्दा गायक अहमदको स्वरले दर्शकलाई जुनरूपले आकर्षण गर्न सकेको थियो, त्यही अनुपातमा वाद्यवादनतर्फ ढोलक, गितार र किबोर्डको 'कम्बिनेसन'मा पनि उत्तिकै मिलेको थियो । रंगीन स्टेज 'डेकोरेसन'ले पनि आमदर्शकको ध्यान खिचेको थियो ।

गायकको हैसियतमा आफूले गीत गाउनु एउटा पक्ष हो, तर दर्शकलाई समेत गाउन बाध्य पार्ने क्षमता केही गायकमा मात्र हुन्छ । आफूले गाउँदा दर्शकलाई पनि सँगै गाउन बाध्य पार्ने जवादको खुबीले गर्दा सबै दर्शक केही क्षणका लागि गायक बनेका थिए । जब अहमद सुरुमा गीतको एउटा अन्तरा गाउँथे, दर्शकलाई पनि त्यही दोहोर्‍याउन आग्रह गर्थे । दर्शक पनि के कम र ! दिल खोलेर गीतका अन्तरा दोहोर्‍याउँथे ।

संगीतको गहन अध्ययन गरेका अहमदले रक र पप शैलीका 'फास्ट' गीतमात्र होइन, दर्शकको अन्तरआत्मा र मस्तिष्क छुन सक्ने सुन्दर पनि पस्के । अधिकांश गीत 'टिनएजर्स'लाई लक्षित गरेर गाए पनि प्रौढ दर्शक पनि उत्तिकै रौसिएका थिए, हौसिएका देखिन्थे । सन् २००० मा सार्वजनिक गरेको एल्बमबाट ख्यातिको शिखर चुमेका अहमदका गीतमध्ये 'उछियाँ मजाजन वाली' ले भांग्रा र पप दुवैको विशेषता ग्रहण गरेकाले नै एसियाभरि उल्लेखनीय रूपमा रहेको छ । त्यसैले होला, आफ्नो मन्तव्य राख्ने क्रममा पाकिस्तानी राजदूत सोहेल अमिन भन्दै थिए, 'परम्परागत भांग्रा र पपको मिश्रित स्वाद पस्किने हुनाले उनका गीतहरू अरू गायकका भन्दा फरक छन्, उनको यो परिचय बाहिरी मुलुकसम्म पनि फैलेको छ ।'

सांगीतिक यात्राको छोटो इतिहासमा उनले उचाइ बढाउँदै लगेका छन् । 'उछियाँ मजाजन वाली'पछि शब्द, संगीत र गायनको उत्कृष्ट संयोजनले गर्दा उनको ' कैसे कहुँ' अत्यन्तै चर्चित गीतको रूपमा स्थापित भएको छ । परम्परागत संगीत र पपलाई सुन्दरतम ढंगले फ्युजन गर्न सक्ने क्षमता बोकका मुलुकभित्रका औंलामा गन्न सक्ने गायकको सूचीमा उनी छन् । अहमदको 'बोल तुझे क्या चाहिए' नामक सिर्जना कोसेढुंगा सावित भएको छ । 'सुफी रक' अहिले पछिल्लो पुस्ताको ओठमा झुन्डेको छ, त्यसलाई लोकप्रियताको यो उचाइमा पुर्‍याउने श्रेय अहमदलाई नै जान्छ ।

काठमाडौंस्थित पाकिस्तानी राजदूतावासले नेपाल र पाकिस्तानको सम्बन्ध सुमधुर बनाउने उद्देश्यले यस्ता खाले कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ । मन्तव्य राख्ने क्रममा राजदूत अमिनले भने, 'यस्ता कार्यक्रमले दुई मुलुकको सांस्कृतिक सम्बन्ध र भाइचारा बढाउन पनि योगदान पुर्‍याउन सक्छन् ।'

■ **छत्र कार्की/काठमाडौं**





# ऐतिहासिक दिन सम्झँदै

**जनआन्दोलन–२** उत्कर्षमा पुगेका बेला स्रष्टाहरूले कलमले मात्र आन्दोलनको पक्षमा समर्थन जुटाएका थिएनन् । ज्ञानेन्द्रको निरंकुश सत्ताविरुद्ध उनीहरूले भौतिक उपस्थिति पनि जनाएका थिए, सडकमा ओर्लिएर । आन्दोलनको राप बढिरहेको थियो, सर्वसत्तावादी शाही सरकार व्यापक दमनमा उत्रेको थियो । निरंकुशतन्त्रको अन्त्य गरी मौलिक अधिकार, लोकतन्त्र र स्वतन्त्रताका पक्षधर स्रष्टाहरूले २०६२ साल चैत ३० गते गुरुकुलमा भेला भएर विरोध जनाउने कार्यक्रम तय भएको थियो । गुरुकुलबाट निस्केको स्रष्टाहरूको जुलुसमाथि पुरानो बानेश्वर चोकमा नपुग्दै अन्धाधुन्द लाठीमात्र गोली समेत वर्षाइयो । त्यसपछि गुरुकुलमा प्रवेश गरी प्रहरीले अन्धाधुन्ध फायरिङ गरी डा. सञ्जीव उप्रेती, आरएम डंगोल, ठाकुर बेल्वासे, घिमिरे युवराजलगायत आधा दर्जनभन्दा बढी स्रष्टालाई पक्रेर लगेको थियो ।

वयोवृद्ध स्रष्टा सत्यमोहन जोशीदेखि मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यसम्मको सहभागिता रहेको उक्त दिन साँच्चिकै अविस्मरणीय बनेर इतिहासमा अंकित बनेको थियो । हो, त्यही दिनको सम्झना गर्ने उद्देश्यले जनआन्दोलन-२ मा सक्रिय सहभागी बनेका अभिव्यक्ति स्वतन्त्रताका पक्षधर सर्जकहरूको पहलमा कवि आरएम डंगोलको संयोजकत्वमा स्रष्टा-चैत ३० नामक संस्थाको जन्म भएको छ । संस्थाका सदस्यहरूमा पदम गौतम, ठाकुर बेल्वासे, रत्नमणि नेपाल, टंक उप्रेती, मनोज न्यौपाने, छत्र क्षितिज, केशवराज सिल्वाल, नवराज लम्साल, भोलाराज सापकोटा, प्रकाश सिल्वाल, कुसुम ज्ञवाली, नारायण श्रेष्ठ, धर्मेन्द्रविक्रम नेम्वाङ, श्रीबाबु कार्की र भोजराज न्यौपाने रहेका छन् । उक्त संस्थाले चैत ३० गते गुरुकुलमा बृहद् कार्यक्रम तय गरेको स्रष्टा चैत-३० का संयोजक डंगोलले जानकारी दिएका छन् । उक्त दिन गुरुकुलमा स्रष्टामाथि भएको व्यापक प्रहरी दमनको फोटो प्रदर्शनी गरिनेछ । यससाथै कलाकारहरूले स्वतन्त्रताका विभिन्न आयामलाई चित्रमार्फत अभिव्यक्त गर्नेछन् भने कविहरूले कवितावाचन गर्ने कार्यक्रम तय गरिएको छ । कार्यक्रमकै अर्को पाटोको रूपमा गुरुकुलका कलाकारले नाटकसमेत प्रदर्शन गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

'हिजोको दिनमा स्वतन्त्रताको लडाइँमा स्रष्टाहरूको उल्लेखनीय भूमिका थियो, अहिलेको अवस्थामा वैचारिक चेत भएका साहित्यिक सिर्जना गर्नुपर्ने बेला पनि आएको छ', संयोजक डंगोल भन्छन् । उक्त दिन लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चसँग सम्बद्ध साहित्यकारहरू वैरागी काइँला, तुलसी भट्टराई, निनु चापागाई, आनन्ददेव भट्टलगायत स्रष्टालाई सम्मान गरिने कार्यक्रम रहेको छ ।




**पुरेन्द्रविक्रम लाखे,** नेपाली कराँतेका लडाकु योद्धा । ४४ वर्षको उमेरमा पनि उत्तिकै जोसिला देखिन्छन् । पछिल्लो समय उनको जोस झन् बढेर गएको छ । दस महिनाअघि नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद्मा सदस्यको राजनीतिक नियुक्ति पाएका उनी गत महिना नेपाल ओलम्पिक कमिटीको कार्यकारी समितिमा सदस्य पदमा समेत निर्वाचित भएका थिए । उनले केही साताअघि मात्र जापान कराँते संघबाट छैटौं डान सर्टिफिकेट ग्रहण गरेका छन् । कराँतेमा यो सफलता चुम्ने उनी आफ्ना अग्रज गुरु थानेश्वर राईपछि दोस्रो नेपाली बन्न पुगेका छन् । उनी अब सिहानको उपनामले समेत विभूषित भएका छन् । 'विगतमा मैले धेरै मेहेनत गरेँ । अहिले फल खाने बेला आए जस्तो छ', यसै वर्ष तीनवटा महत्त्वपूर्ण ओहदामा पुगेका लाखेले *समय*सँग भने ।

२०३६ सालमा प्रतिबन्धित अवस्थामा पाटनको औद्योगिक क्षेत्रभित्र लुकेर कराँते सिकेका लाखेले त्यति बेला ठूलै संघर्ष गर्नु परेको थियो । २०३९ सालमा कराँते सार्वजनिक भएपछि उनी त्यो दिनदेखि अहिलेसम्म रंगशाला धाइरहेका छन्, केही वर्ष खेलाडीको रूपमा, त्यसपछि प्रशिक्षकको भूमिकामा र अहिले पदाधिकारीको हिसाबले । पछिल्लो समय अन्तर्राष्ट्रिय एरिनामा नेपाली कराँतेको खराब प्रदर्शनलाई उकास्न दत्तचित्त भएर लागेका सिहान लाखे भन्छन्, 'जिम्मेवारी थपिएको महसुस गरिरहेको छु ।' उनले सन् १९८६ मा सिंगापुरबाट पहिलो डान सर्टिफिकेट लिएका थिए । उनी नेकपा एमालेको प्रजातान्त्रिक राष्ट्रिय युवा संघको केन्द्रीय सदस्य हुन् । उनी एमालेको खेलकुद विभाग प्रमुख पदमा पनि आसीन छन् । 'राखेपमा मेरो नियुक्ति राजनीतिक भए पनि यो क्षेत्रमा मेरो योगदान ठूलो छ । त्यसैले म आफूलाई राखेपको पदाधिकारीभन्दा पनि कराँतेको प्रशिक्षक भनेर चिनाउन चाहन्छु', अनुशासन र कडा मेहनतका लागि रंगशालामा चिनिने लाखे भन्छन् ।

**२०३६ सालमा प्रतिबन्धित अवस्थामा पाटनको औद्योगिक क्षेत्रभित्र लुकेर कराँते सिकेका लाखेले त्यति बेला ठूलै संघर्ष गर्नु परेको थियो ।**

# सिहान लाखे







युवराज घिमिरे

# ‘प्रतिगमन’सँग जोडिएको ‘अग्रगमन’को लगनगाँठो

प्रत्यक्षरूपमा जनादेश अभिव्यक्त नभए पनि कोइराला जनआन्दोलनको शक्तिका कारण सत्तामा स्थापित भएकाले अहिले भ्रष्टाचार, अधिनायकवाद र सत्तामोहको पुरानो दाग कोइरालाको अनुहारबाट पुछिएको जस्तो भान हुन्छ । तर अब अग्रगमनको राजनीतिका रूपमा उनको हैसियत कमजोर हुँदै छ र प्रारम्भिक राजनीतिक संकेतले अपेक्षित बाटो लिएमा माओवादी छिट्टै नै कोइरालालाई प्रतिगमनको कित्तामा उभ्याउने तयारीमा देखिन्छ ।

**राजनीतिक विचलनको** प्रक्रियामा अक्सर त्यसका नायक वा खास व्यक्तित्वले नकारात्मक ‘विशेषण’ पाउने गर्छन् । जनादेशद्वारा त्यस्ता ‘विशेषण’ हट्न पनि सक्छन् । अन्यथा ती मरणोपरान्त पनि त्यस्ता व्यक्तिका नामसँग टाँसी नै रहन्छन् ।

झन्डै ६ दशकअघिको जर्मनीको इतिहास हेर्ने हो भने समाजवाद र राष्ट्रियताको नारासहित आफूलाई केही वर्षसम्म स्थापित गर्न सफल हिटलर आततायी बनेपछि मृत्युका यति धेरै वर्षपछि पनि उनी झन्डै क्रूर तानाशाहीको प्रतीक नै बनिरहेका छन् । इरानका शाहको अन्त झन्डै ३ दशकपूर्व त्यही अवस्थामा भयो । सद्दाम हुसेनले आफ्नो बचाउका लागि निष्पक्ष र स्वतन्त्र कानुनी उपचार नपाउँदा उनीप्रति सहानुभूति देखाउनेहरूले पनि एउटा समाजवादी नेताबाट क्रूर दमनकारी राष्ट्राध्यक्षका रूपमा उनको रूपान्तरणलाई कहिल्यै समर्थन गरेनन् ।

यिनीहरूभन्दा भिन्न थियो सन् १९७४ देखि १९७९ सम्मको भारतीय राजनीतिमा निर्वाचित प्रधानमन्त्री इन्दिरा गान्धीको विचलन । उनलाई उनका राजनीतिक प्रतिद्वन्द्वीहरूले ‘अधिनायकवादी’का रूपमा लगातार चित्रित गरे । सन् १९७७ को निर्वाचनमा उनको पराजय भयो र सन् १९८० मा जनादेशद्वारा पुनः प्रधानमन्त्री बनेपछि मात्र उनी चोखिइन् । भयरहित र निष्पक्ष वातावरणमा नेतालाई बिटुल्याउने, चोख्याउने, इनाम वा दण्ड दिने सर्वाधिकार जनतामा सुरक्षित हुन्छ । र, इन्दिरा गान्धीको अन्त्य उनको सर्वोच्च बलिदानद्वारा ‘राष्ट्रिय अखण्डता’का लागि भयो । उनको हत्यालाई पञ्जावमा उनको शिखविरोधी नीतिका कारण भएको भन्नेहरूको संख्या पनि कम छैन । तर उनको हत्यालाई भारतमा उनका राजनीतिक विरोधीहरूले पनि बलिदानका रूपमै स्विकारेका छन् ।

नेपालमा माघ १९ गतेको कदम र त्यसको पृष्ठभूमिमा रहेको असोज १८ गतेको कदमले राजनीतिमा ‘प्रतिगमन’ एउटा स्थापित शब्दावली मात्र हैन, प्रक्रिया नै बन्न पुगेको छ र राजा ज्ञानेन्द्र त्यसका प्रतीक ।

प्रत्यक्षरूपमा जनादेश अभिव्यक्त नभए पनि कोइराला जनआन्दोलनको शक्तिका कारण सत्तामा स्थापित भएकाले अहिले भ्रष्टाचार, अधिनायकवाद र सत्तामोहको पुरानो दाग कोइरालाको अनुहारबाट पुछिएको जस्तो भान हुन्छ । तर अब अग्रगमनको राजनीतिका रूपमा उनको हैसियत कमजोर हुँदै छ र प्रारम्भिक राजनीतिक संकेतले अपेक्षित बाटो लिएमा माओवादी छिट्टै नै कोइरालालाई प्रतिगमनको कित्तामा उभ्याउने तयारीमा देखिन्छ ।

‘प्रतिगमन’का प्रतीकका रूपमा स्थापित राजाको विरोध वा उनलाई हटाउने कुरा गर्दा ‘अग्रगमन’कै नाइकेका रूपमा स्थापित भइरहन सकिने आशाबाटै होला सम्भवतः कोइरालाले अहिले आएर राजा हटाउन सकिने राजनीतिक पासा फ्याँकेका छन् । ३ महिनाअघि अन्तरिम संविधान बनाउँदा एमालेको महाभियोगसम्बन्धी सुझाव मान्न तयार नभएका माओवादी अहिले अन्तरिम संविधान संशोधनद्वारा महाभियोगको प्रावधान जोड्नुले उनीहरू पनि आफ्नो अग्रगमनको छविलाई कृत्रिम तरिकाले भए पनि जोगाउन उद्यत रहेको देखिन्छ ।

तर नेपालको राजनीतिको विगत एक वर्षलाई नियाल्ने हो भने अग्रगमन र प्रतिगमनको नाता अत्यन्त प्रगाढ देखिन्छ । ६ वर्ष पहिलासम्म माओवादीलाई सुरक्षा कारबाहीबाटै समाप्त गर्नुपर्ने मान्यता राख्ने कोइराला अहिले माओवादीका आशा केन्द्र बनेका छन् । माओवादी समस्या वार्ताबाट हल गर्नुपर्ने मान्यता बोकेका शेरबहादुर देउवा माओवादीसँग धेरै टाढा छन् । ‘नेपाललाई सिक्किम र भुटान बनाउ उद्यत’ भनी माओवादीबाट आरोप खेप्दै आएको भारत माओवादीसँग धेरै नजिक भएकाले वामपक्षको एउटा भागले स्वयं माओवादीहरूलाई प्रतिगमनका मतियार भन्न थालेको छ । माओवादीलाई अपरेसन ‘किलो सेरा टु’ अभियानद्वारा कोइरालाको आदेशमा ध्वस्त पार्न खोज्ने त्यस बेलाका प्रहरी प्रमुख अहिले गृहमन्त्रीका सुरक्षासम्बन्धी अघोषित सल्लाह छन् भने गृहमन्त्री माओवादीका खास विश्वासपात्र ।

प्रतिगमन राजनीतिक प्रक्रिया मात्र हैन । राजनीतिक विरोधीहरूलाई तालिवानी शैलीमा सार्वजनिक रूपमा कानुनी प्रक्रिया पूरा नगरी सार्वजनिक रूपमा यातना दिनु र दण्डित गर्नु सबै प्रतिगमनका लक्षण हुन् । आतंक फैलाउने त्यो शैलीबाट माओवादी मुक्त हुनसकेको छैन ।

अझ असारमा भयरहित र निष्पक्ष चुनाव हुन सक्दैन भन्ने इयान मार्टिन, भोजराज पोखरेल र अब खगेन्द्र संग्रौला आदि प्रचण्डको नजरमा षड्यन्त्रवादी तथा प्रतिगमनका मतियार बन्नेछन् । जबरजस्ती राज्यसत्ताको बलमा चुनाव गराएर ‘अग्रगमन’का नाइके बन्ने प्रचण्डका नजरमा वा रक्तपात जोगाएर राज्य संरचना तथा सत्ता विकेन्द्रीकरण तथा प्रतिनिधित्वसम्बन्धी दलित, मधेसी, जनजाति र महिला प्रतिनिधित्वका मुद्दालाई सम्बोधन गरेर मात्र सहमतिबाट चुनाव सार्ने ? माओवादी लगायत आठ दल अब स्वयं प्रतिगमन र दमनकारी भूमिकामा उभिने तयारीमा छन् । र, उनीहरू अहिलेका ‘रोल मोडल’ माघ १९ पछिका राजा ज्ञानेन्द्र नै हुन् कि भन्ने लाग्न थालेको छ । ■